सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ फागुन २०८०, सोमबार (11 Mar 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३२२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

राष्ट्रिय सभा अध्यक्षका लागि आज उम्मेदवारी दर्ता

माओवादीका दाहाल र कांग्रेसका शर्मा प्रतिस्पर्धामा



● नारायण दाहाल ● युवराज शर्मा

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय सभा अध्यक्ष चुन्न मंगलबार हुने निर्वाचनका लागि आज (सोमबार) उम्मेदवारी दर्ता हुँदै छ। आइतबारै पाँचदलीय सत्तागठबन्धन र प्रतिपक्षी कांग्रेसले उम्मेदवार तय गरिसकेका छन्। माओवादीले गठबन्धनको साझा उम्मेदवारको रूपमा केन्द्रीय सदस्य नारायण दाहाल र कांग्रेसले युवराज शर्मालाई प्रतिस्पर्धामा उतार्ने भएको हो।

संसद् सचिवालयले आइतबार सार्वजनिक गरेको निर्वाचन कार्यक्रमअनुसार सोमबार उम्मेदवारहरूको मनोनयन दर्ता गराउनुपर्ने कार्यतालिका छ। निवर्तमान राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिना ६ वर्षे कार्यकाल पूरा गरेर २० फागुनदेखि बिदा भइसकेका छन्। रिक्त पद पूर्तिका लागि निर्वाचन हुन लागेको हो।

प्रधानमन्त्रीले बुधबार विश्वासको मत लिने

'राष्ट्रिय सभाका कुनै सदस्यलाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दिने समय सोमबार ११ देखि १ बजेसम्मलाई संसद् भवनको ल्होत्से हलमा तोकिएको छ,' संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले भने। उनका अनुसार सोमबार नै १:३० बजे सचिवालयले उम्मेदवारको सूची प्रकाशन गर्नेछ।

एमाले, माओवादी, रास्वपा, जसपा र एकीकृत समाजवादीको गठबन्धनबाट उम्मेदवार बनेका दाहाल माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका भाइ हुन्। चितवनको

» पृष्ठ २ मा क्रमशः

■ देशको सात महिनाको अर्थतन्त्र

विदेश घुम्न नेपालीले गरे ३८ अर्ब खर्च

विदेशी पर्यटकबाट ४५ अर्ब ४० करोड आम्दानी, पर्यटन आयमा ४५.५ प्रतिशतले वृद्धि

पर्यटनले रोजगारीमा ठूलो योगदान गरेको छ

● **नरबहादुर थापा**, पूर्वकार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



अहिलेको अवस्थामा पर्यटकबाट जति आम्दानी प्राप्त गरिरहेका छौं, त्यो राम्रो अंक हो। हामीले विदेशी मुद्रालाई मात्र हेरेर हुँदैन। देशमा पर्यटक आउँदा गुणात्मक योगदान धेरै हुन्छ। पर्यटनले रोजगारी र ग्रामीण अर्थतन्त्रमा अझ ठूलो योगदान गरेको छ। सरकारले गर्न नसकेको काम पर्यटनले गरिरहेको हुन्छ।



नवीन अर्याल, पवन तिमिल्सिना

विदेशी पर्यटकले नेपालमा गर्ने खर्चको ८० प्रतिशतबराबर रकम नेपालीले पनि विदेश घुमफिरमा सकाउने गरेका छन्। पछिल्ला सात महिनामा विभिन्न देशबाट नेपाल आएका पर्यटकले ४५ अर्ब ४० करोड खर्च गरेकामा सोही अवधिमा नेपालीले पनि विश्वका विभिन्न देश घुम्दा ३८ अर्ब १० करोड रुपैयाँ खर्च गरेका छन्। यो नेपाल राष्ट्र बैंकको तथ्यांक हो।

विदेशीले नेपालमा गरेको खर्चभन्दा नेपालीले विदेश भ्रमणमा गरेको खर्च सात अर्ब २९ करोड रुपैयाँले मात्रै कम हो। यसमा अध्ययनका लागि जाँदा गरेको खर्चबाहेक अन्य सबैखाले भ्रमण खर्च जोडिएको छ। सरकारी कर्मचारीको विदेश भ्रमण खर्च पनि यो तथ्यांकमा समेटिएको छ। राष्ट्र बैंकको यो तथ्यांकले विदेशी मुद्रा आर्जनको महत्त्वपूर्ण खम्बाका रूपमा हेरिएको पर्यटन क्षेत्रबाट नेपाललले अत्यन्तै न्यून आम्दानी गर्ने गरेको देखाउँछ।

अध्यागमन विभागका अनुसार सन् २०२३ मा दुई सय २३ देशका पर्यटक नेपाल भ्रमणमा आएका थिए भने दुई सय २२ देशमा नेपाली पुगेका थिए। नेपाली घुम्न जाने प्रमुख देशमा भारत, संयुक्त अरब इमिरेट्स (युएई), थाइल्यान्ड, चीन, अस्ट्रेलिया, सिंगापुर, मलेसिया, अमेरिका, जापान, ओमन, बेलायतलगायत छन्। भेनेजुयला, टोगो, स्लोभाकिया, पपुवा न्यूगिनी, उत्तर कोरिया, फिजी, जमैकाजस्ता देशमा पनि नेपाली घुम्न जान थालेका छन्।

नेपालमा भारत, चीन, अमेरिका, थाइल्यान्ड, युनाइटेड किङडम (युके), बंगलादेश, श्रीलंका, अस्ट्रेलिया, म्यानमार, जर्मनी, जापान, मलेसिया, साउथ कोरिया, अस्ट्रिया, चेक रिपब्लिक, डेनमार्क, फ्रान्स, इटाली, नर्वे, पोल्यान्ड, रसिया, स्विट्जरल्यान्ड, स्पेन, स्वेडेन, युक्रेन, क्यानडा, न्युजिल्यान्ड,

» पृष्ठ २ मा क्रमशः

■ साढे आठ खर्ब भित्रियो रेमिट्यान्स

रोजगारी गर्न विदेश गएका नेपालीले पछिल्लो सात महिनामा आठ खर्ब ३९ अर्ब रेमिट्यान्स पठाएका छन्। नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार यो रकम गत आवको सोही अवधिको तुलनामा २१.६ प्रतिशतले बढी हो। गत आवको सात महिनामा ६ खर्ब ८९ अर्बको रेमिट्यान्स भित्रिएको थियो।



■ **महँगी**
५.०१ प्रतिशत
गत वर्षको सोही अवधिमा : **७.८८ प्रतिशत**



■ **विदेशी मुद्रा सञ्चिति**
१८ खर्ब ४४ अर्ब ९४ करोड
गत वर्ष : **१३ खर्ब ८३ अर्ब**




■ **राजस्व**
५ खर्ब ६७ अर्ब ४० करोड
गत वर्ष : **५ खर्ब १४ अर्ब ६९ करोड**



■ **विदेशी लगानी**
पाँच अर्ब १८ करोड
गत वर्ष : **एक अर्ब चार करोड**




■ **शोधनान्तर स्थिति**
दुई खर्ब ९७ अर्ब ७२ करोड (**बचत**)
गत वर्ष : **एक खर्ब २८ अर्ब ५५ करोड** (**बचत**)



■ **सरकारी खर्च**
६ खर्ब ८६ अर्ब ७५ करोड
गत वर्ष : **६ खर्ब ६७ अर्ब ६६ करोड**



■ **निर्यात**
८६ अर्ब ८३ करोड
गत वर्ष : **९२ अर्ब ९९ करोड**



■ **आयात**
८ खर्ब ९७ अर्ब ९४ करोड
गत वर्ष : **९ खर्ब १८ अर्ब ५९ करोड**

कर्जा विस्तार ४.१ प्रतिशत

माघसम्म बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा एक खर्ब ९७ अर्ब २१ करोडले बढेको छ। यो गत आर्थिक वर्षको सात महिनाको तुलनामा ४.१ प्रतिशतले बढेको हो। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा एक खर्ब ४८ अर्ब १२ करोडले बढेको थियो। जुन ३.२ प्रतिशतको वृद्धि थियो।

प्रहरीमा ३० वर्षे सेवा अवधि हटाउने पक्षमा गृहमन्त्री



आइतबार प्रहरी प्रधान कार्यालयको निरीक्षण भ्रमणपछि निर्देशनका क्रममा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले भने–

आफ्नो शक्ति राजनीतिक नेतृत्वलाई नसुम्पिनुहोस्। अनावश्यक भारी नबोक्नुहोस्। निर्धक्क भएर आफ्नो अधिकारको सदुपयोग गर्नुहोस्। नीति र विधिभित्र रहेर काम गर्नुहोस्। कुन व्यक्ति, कुन स्थानका लागि योग्य छ सोही स्थानमा राख्नुहोस्। मबाट तपाईंहरूको काममा हस्तक्षेप हुनेछैन। तर, मैले केही नगर्ने, अन्यले चाहिँ संगठन चलाउने अवस्था आयो भने बाध्य भएर हस्तक्षेप गर्नुपर्ने हुन्छ।

नयाँ पत्रिका

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानले प्रहरीमा ३० वर्षे सेवा अवधिको प्रावधान हटाउनुपर्ने बताएका छन्। आइतबार प्रहरी प्रधान कार्यालयको निरीक्षण भ्रमणपछि निर्देशनका क्रममा उनले अधिकांशलाई हित हुने गरी सेवा अवधि हटाउनुपर्ने बताएका हुन्।

'३० वर्षे सेवा अवधिको विषयमा म क्लियर छु, यो हटाउनुपर्छ। तर, के, कसरी र कुन वेला भन्ने कुरा छलफलबाट टुंग्याउनुपर्छ,' उपप्रधानमन्त्री लामिछानेले भने, 'यसमा पनि कोही न कोहीले त्याग गर्नुपर्छ। कसैलाई तत्काल लाभ वा हानि पनि पर्न सक्छ। व्यक्तिलाई होइन, अधिकांशको हित हुने गरी दीर्घकालसम्मका लागि नीति बनाउनुपर्छ।'

सरकारले नयाँ प्रहरी ऐन बनाउन लागेकाले सेवा अवधिको विषयमा प्रहरी अधिकारी विभाजित छन्। अवकाशको मुखमा पुगेका प्रहरी अधिकारीहरू जसरी पनि हटाउनुपर्ने पक्षमा छन् भने केही वर्षपछि नेतृत्वमा पुग्ने ब्याचका अधिकृतहरू भने तत्काल हटाउन नहुने पक्षमा छन्। जसकारण यो विषयमा सरकारले निर्णय गर्न सकेको छैन। तर, समग्रमा सेवा अवधिको

» पृष्ठ २ मा क्रमशः

■ विनानिष्कर्ष टुंगियो मिटरब्याजपीडितसँगको वार्ता





२३ हिँडेर काठमाडौं आएका मिटरब्याजपीडित १८ दिनदेखि सडक आन्दोलनमा छन्। आइतबार पनि उनीहरूले भद्रकालीमा प्रदर्शन गरेका छन्। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

पूर्व काँकडभिट्टा र पश्चिम गड्डाचौकीबाट २३ दिन पैदल हिँडेर ९ फागुनमा काठमाडौं आइपुगेका चार हजार मिटरब्याजपीडित ११ फागुनदेखि निरन्तर सडक आन्दोलनमा छन्। १८ दिनमा सरकारसँग तीनपटक वार्ता भए पनि सफल हुन सकेको छैन। आइतबारको वार्ता पनि विनानिष्कर्ष टुंगियो। १३ फागुनमा गृहका सहसचिव रुद्रप्रसाद पण्डितको नेतृत्वमा वार्ताटोली गठन भएकै दिन पीडित पक्षसँग वार्ता भएको थियो। तर, सहमति नभएपछि १४ फागुनमा दोस्रो वार्ता भयो। फेरि पनि सफल नभएपछि आइतबार तेस्रो वार्ता भएकोमा कुनै सहमति बनेन। सिंहदरबारस्थित गृह मन्त्रालयमा भएको वार्तामा सरकारका तर्फबाट उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेसहितको टोली थियो। वार्तामा मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिका अध्यक्ष अवधेश कुसवाहसहितको टोली सहभागी थियो। सोमबार पुनः बस्ने गरी टुंगिएको गृहका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



६ वर्षयताकै सर्वाधिक तातो रह्यो सन् २०२३

सरदर वार्षिक अधिकतम तापक्रम ०.६ र न्यूनतम तापक्रम ०.५ डिग्री धेरै पुग्यो

यम बम/नयाँ पत्रिका


सन् २०२३ पछिल्लो ६ वर्षयताकै सर्वाधिक तातो रहेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार समीक्षा वर्ष (२०२३) मा नेपालको वार्षिक औसत अधिकतम तापक्रम २७.९ र औसत न्यूनतम तापक्रम १५.६ डिग्री सेल्सियस मापन भएको हो।

यसअघि सन् २०१८ मा वार्षिक औसत अधिकतम तापक्रम २७.५ डिग्री मापन भएको थियो। त्यसपछिका वर्षमा वार्षिक औसत अधिकतम तापक्रम २०१९ मा २७.२, २०२० मा २६.३, २०२१ मा २७.२ र २०२२ मा २७.३ डिग्री मापन भएको थियो।

जल तथा मौसम विज्ञान विभागका पूर्वमहानिर्देशक मदनलाल श्रेष्ठ विश्वव्यापी तापमान वृद्धिको असरस्वरूप नेपालमा पनि तापमान उकालो लागिरहेको बताउँछन्। 'गत वर्ष एलिनोलगायत कारणले दक्षिण एसियामा औसतभन्दा कम वर्षा भयो।

» पृष्ठ २ मा क्रमशः

■ नक्सामा सन् २०२३ को सरदर वार्षिक अधिकतम तापक्रम



१० वर्षको वार्षिक औसत अधिकतम र न्यूनतम तापक्रम

	अधिकतम	न्यूनतम
२०२३	२७.९	१५.६
२०२२	२७.३	१५.७
२०२१	२७.२	१५.५
२०२०	२६.६	१४.७
२०१९	२७.२	१५.१
२०१८	२७.६	१५
२०१७	२८	१५.५
२०१६	२८.१	१५
२०१५	२७.३	१५.३
२०१४	२७.२	१५

दशकौंको तथ्यांक हेर्दा हरेक वर्ष तापक्रम उकालो लागिरहेको छ

मदनलाल श्रेष्ठ
पूर्वमहानिर्देशक, जल तथा मौसम विज्ञान विभाग



विश्वव्यापी तापमान वृद्धिको असरस्वरूप नेपालमा पनि तापमान उकालो लागिरहेको छ। गत वर्ष एलिनोलगायत कारणले दक्षिण एसियामा औसतभन्दा कम वर्षा भयो। तापक्रम बढ्नुमा त्यो पनि एउटा कारण हुन सक्छ। तर, दशकौंको तथ्यांक हेर्दा हरेक वर्ष तापक्रम उकालो लागिरहेको छ, यो हाम्रा कारणले भन्दा पनि विकसित राष्ट्रका कारणले हो। हरितगृह ग्यास उत्सर्जनमा नेपालको भूमिका गौण रहे पनि असर भोगिरहेको छौं।

मधेशमा गठबन्धनभित्रै विवाद

एमालेले पनि गऱ्यो मुख्यमन्त्री दाबी

जनकपुरधाममा **हरिश खुदार**
रौतहटमा **अशोक पहाडी**

मधेश प्रदेशमा मन्त्रिपरिषद् पुनर्गठनमा सत्तागठबन्धनको बहुमत पुग्ने भए पनि एमाले र जसपाले मुख्यमन्त्रीमा दाबी गरेपछि संकट लम्बिएको छ। जसपा संसदीय दलका नेता सरोजकुमार यादव नेतृत्वको सरकारमा एमालेसहित दल आबद्ध हुने कि नयाँ मुख्यमन्त्री चयन गर्ने भन्ने विषयमा गठबन्धनमा सहमति जुट्न नसकेको हो। जसपाले मधेशमा मुख्यमन्त्री बटमलाइन बनाएर केन्द्र सरकारमा सहभागी भएका वेला एमाले मधेश प्रदेश समितिले सरकारमा दाबी प्रस्तुत गरेको हो।

आइतबार रौतहटको चन्द्रनिगाहपुरमा भएको एमाले मधेश प्रदेश कमिटीको दोस्रो बैठकपछि एमाले मधेश प्रदेश इन्चार्ज योगेश भट्टराईले कुनै पनि अवस्थामा मधेश प्रदेशमा आफ्नो पार्टीले दाबी नछाड्ने बताए। 'मधेशमा सबैभन्दा ठूलो दल एमाले हो। मधेशी जनताको जनमत एमाले नेतृत्वको सरकारका लागि भएकाले गठबन्धनमा आबद्ध दलहरूले पनि जनमतको कदर गर्दै निःसर्त हामीलाई नेतृत्व दिनुपर्छ,' उनले भने।

मधेश प्रदेश सरकारको नेतृत्व पाउनुपर्ने बार्गेनिङका कारण नयाँ सत्तागठबन्धनमा सामेल हुन विलम्ब गरेका जसपा अध्यक्ष उपेन्द्र यादवले आइतबार उपप्रधानमन्त्रीको शपथ लिइसकेका छन्।

» पृष्ठ २ मा क्रमशः

विदेश घुम्न...

पृष्ठ १ बाट क्रमशः

इजरायल, टर्कीलगायत देशबाट सबैभन्दा धेरै पर्यटक आउने गर्छन् ।

कोभिड महामारीपछि पर्यटक आगमन बढ्न थालेपछि पर्यटकबाट हुने विदेशी मुद्रा आर्जन पनि बढ्न थालेको छ । चालू आवको सात महिनामा गत आवको यसै अवधिको तुलनामा विदेशी पर्यटकबाट हुने अम्दानी ४५.५ प्रतिशतले वृद्धि भएको छ ।

०७९/८० को साउनदेखि माघसम्म विदेशी पर्यटकबाट ३१ अर्ब ४१ करोड रुपैयाँ आम्दानी भएकोमा यस वर्ष बढेर ४५ अर्ब ३९ करोड रुपैयाँ आम्दानी भएको छ । अघिल्लो वर्षको तुलनामा १४ अर्ब रुपैयाँले विदेशी पर्यटन आय बढेको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ ।

०७५/७६ मा विदेशी पर्यटकबाट ४२ अर्ब ६१ करोड आम्दानी हुँदा नेपालीले २६ अर्ब सात करोड विदेश भ्रमणमा खर्च गरेका थिए । आव ०७६/७७ मा विदेशी पर्यटकबाट ४८ अर्ब आम्दानी हुँदा नेपालीले विदेश भ्रमणमा २२ अर्ब रुपैयाँ खर्च गरेका थिए । आव ०७७/७८ मा साढे ३८ अर्ब ८६ करोड आम्दानी हुँदा नेपालीले विदेश भ्रमणमा जाँदा ३२ अर्ब खर्च गरेको तथ्यांक छ । यस्तै, आव ०७८/७९ मा विदेशी पर्यटकबाट १५ अर्ब ५४ करोड रुपैयाँ आम्दानी हुँदा नेपालीले विदेश सयर गरेर १७ अर्ब ३६ करोड रुपैयाँ खर्च गरेका थिए । सो वर्ष विदेशी पर्यटकले नेपालमा गरेको खर्चभन्दा नेपालीले विदेश भ्रमणमा जाँदा गरेको खर्च एक अर्ब ८२ करोड रुपैयाँ बढी थियो ।

नेपालले पर्यटकबाट सबैभन्दा धेरै आम्दानी ०७५/७६ मा गरेको थियो । उक्त वर्ष पर्यटनबाट ७५ अर्ब ३७ करोड रुपैयाँ आम्दानी भएको थियो । त्यस्तै, ०७६/७७ को पहिलो सात महिनामै ४८ करोड रुपैयाँ अम्दानी भएको देखिन्छ । तर, सो आवको चैतदेखि कोभिड महामारीका कारण लकडाउन हुँदा पर्यटक आगमन रोकियो र अम्दानीमा पनि संकुचन आएको थियो । पछिल्ला वर्षको तथ्यांकले भ्रमणबापत विदेशीले नेपालमा गर्ने खर्च र नेपालीले विदेशमा गर्ने खर्च क्रमशः बढ्दै गइरहेको देखिन्छ । आव ०७५/७६ र आव ०७६/७७ को पहिलो सात महिनामा पर्यटकबाट बाहिरिनेभन्दा भित्रिने रकम क्रमशः १६ अर्ब ५३ करोड र २५ अर्ब ४८ करोड रुपैयाँ बढी रहेकोमा चालू आवमा सात अर्ब २९ करोडमा सिमित भएको छ । अघिल्ला तीन आर्थिक वर्षको तुलनामा भने चालू आवमा पर्यटकबाट हुने विदेशी मुद्रा आर्जन बढ्दै गइरहेको छ ।

आठ खर्ब भित्रियो रेमिट्यान्स

रोजगारी गर्न विदेश गएका नेपालीले कमाएर पठाएको रकम (रेमिट्यान्स) आठ खर्ब ३९ अर्ब पुगेको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार चालू आर्थिक वर्षको सात महिनामा गत आवको तुलनामा रेमिट्यान्स २१.६ प्रतिशतले बढेको छ । गत आवको सात महिनामा ६ खर्ब ८९ अर्बको रेमिट्यान्स भित्रिएको थियो ।

पछिल्लो समय अवसरको खोजीमा नेपालबाट बिदेसिनेहरू बढेसँगै रेमिट्यान्स भित्रिने क्रम पनि वृद्धि भइरहेको छ । अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह १९.१ प्रतिशतले वृद्धि भई ६ अर्ब ३१ करोड पुगेको छ । नेपालमा प्राप्त हुने विदेशी मुद्राको प्रमुख स्रोत मानिएको रेमिट्यान्सले नेपालको बैंकिङ प्रणालीमा समेत तरलता व्यवस्थापनमा सहज बनाइरहेको छ ।

सात महिनामा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको संख्या दुई लाख ४७ हजार १२ जना रहेको तथ्यांकले देखाएको छ । त्यस्तै, फर्किएर आएका नेपालीले विदेश जानका लागि पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ५८ हजार पाँच सय ४० जना छन् ।

महँगीदर ५.०१ प्रतिशतमा सीमित

राष्ट्र बैंकको तथ्यांकअनुसार माघमा महँगीदर (मुद्रास्फीति) ५.०१ प्रतिशतमा सीमित भएको छ । पुसमा महँगीदर ५.२६ प्रतिशत थियो । सात महिनाको तथ्यांक हेर्दा असोजपछिका महिनाहरूमा महँगीदर औसतमा ५.१५ प्रतिशतकै हाराहारी कायम देखिन्छ । सात महिनाकै औसत महँगीदर भने ६.२५ प्रतिशत छ । गत भदौमा महँगीदर ८.१९ प्रतिशतसम्म पुगेको थियो । चाडबाडमा हुने वस्तुको मागको वृद्धिले महँगी बढाए पनि त्यसपछिका महिनाहरूमा महँगीदर घट्दै गइरहेको देखिन्छ । नेपालमा मुद्रास्फीतिको प्रमुख स्रोत आयातीत वस्तुलाई लिइन्छ । बढी मूल्यमा वस्तु आयात हुने भएपछि नेपाली बजारमा समेत मूल्यवृद्धि हुने गर्छ । यसपालि आयात घट्दो क्रममा रहेकाले पनि मुद्रास्फीति विगतमा जस्तो नबढेको हो । चालू आर्थिक वर्षको सात महिनामा वस्तु आयात २.३ प्रतिशतले घटेको छ ।

बाह्य क्षेत्रका अधिकांश सूचक धनात्मक

अर्थतन्त्रका बाह्य क्षेत्रका अधिकांश सूचक धनात्मक रहेको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ । देशबाट बाहिरिने र भित्रिने पैसाबीचको अन्तर शोधनान्तर स्थिति दुई खर्ब ९७ अर्ब ७२ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति एक खर्ब २८ अर्ब ५५ करोडले बचतमा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ९७ करोड ५७ लाखले बचतमा रहेको शोधनान्तर स्थिति चालू आर्थिक वर्षको माघसम्म दुई अर्ब २४ करोडले बचतमा छ ।

त्यस्तै, चालू खाता एक खर्ब ६१ अर्ब ६९ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता ४० अर्ब १६ करोडले घाटामा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ३१ करोड ४६ लाखले घाटामा रहेको चालू खाता चालू आवको माघसम्म एक अर्ब २२ करोडले बचतमा रहेको तथ्यांकले देखाएको छ ।

नेपालमा वैदेशिक लगानी भित्रिने क्रममा सुधार आउँदा खुद प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) पाँच अर्ब १८ करोडले धनात्मक छ । नेपालमा भित्रिने प्रत्यक्ष लगानी र विदेशी लगानीकर्ताले फिर्ता लैजाने रोयल्टी वा लाभांशको अन्तर नै एफडिआई हो । गत आवको सात महिनामा एफडिआई एक अर्ब चार करोडले धनात्मक थियो ।

थुप्रिँदै विदेशी मुद्रा सञ्चिति

नेपालमा विकास निर्माणका गतिविधि चलायमान हुन नसक्दा विदेशी मुद्रा सञ्चिति थुप्रिन थालेको छ । सात महिनामा सञ्चितिमा १९.९ प्रतिशतले वृद्धि भएको हो । कुल विदेशी विनिमय सञ्चितिमध्ये दुई खर्ब २१ अर्ब दुई करोड रुपैयाँ बैंक तथा वित्तीय संस्थासँग रहेको तथ्यांकले देखाएको छ । राष्ट्र बैंकसँग मात्रै १६ खर्ब २३ अर्ब ९२ करोड रुपैयाँ छ ।

अमेरिकी डलरका आधारमा विदेशी मुद्रा सञ्चिति १३ अर्ब ८९ करोड पुगेको छ । गत असारसम्म यस्तो सञ्चिति ११ अर्ब ७१ करोड थियो । कुल विदेशी मुद्रा सञ्चितिमा भारतीय रुपैयाँको हिस्सा २२.६ प्रतिशत छ । सात महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४ महिना २१ दिनको वस्तु आयात र १२ महिना नौ दिनको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिएको केन्द्रीय बैंकले जनाएको छ ।

सरकारका खातामा थुप्रियो दुई खर्ब १५ अर्ब

सरकारको आम्दानीले खर्च धान्न नसकेको टिप्पणी भइरहेका वेलामा राष्ट्र बैंकमा रहेको विभिन्न सरकारी खाताहरूमा दुई खर्ब १५ अर्ब २६ करोड रुपैयाँ थुप्रिएको तथ्यांक छ । यसमा संघ, प्रदेश र स्थानीय सरकारको पैसा पनि समेटिएको छ । गत असारसम्म यस्तो पैसा ६५ अर्ब ३६ करोड रुपैयाँ थियो । सरकारले आफ्नो खातामा रहेको रकमलाई उचित व्यवस्थापन गर्न नसक्दा सार्वजनिक वित्त प्रभावित भई विकास निर्माणमा समेत असर परिरहेको छ ।

सात महिनामा संघीय सरकारको कुल खर्च ६ खर्ब ८६ अर्ब ७५ करोड भएको छ । सरकारी खर्च गत आर्थिक वर्षको पहिलो सात महिनामा १३.० प्रतिशतले वृद्धि भएको थियो । तर, चालू आर्थिक वर्षमा २.९ प्रतिशतले मात्रै वृद्धि भएको छ । समीक्षा अवधिमा चालू खर्च पाँच खर्ब नौ अर्ब चार करोड, पुँजीगत खर्च ६३ अर्ब ५८ करोड र वित्तीय व्यवस्था खर्च एक खर्ब १४ अर्ब १३ करोड रहेको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ ।

सात महिनामा सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) पाँच खर्ब ६७ अर्ब ४० करोड भएको छ । गत आर्थिक वर्षको पहिलो सात महिनामा १६.१ प्रतिशतले घटेको थियो । माघसम्ममा १०.२ प्रतिशतले बढेको छ । यसअन्तर्गत कर राजस्व पाँच खर्ब १० अर्ब ५० करोड र गैरकर राजस्व ५६ अर्ब ९१ करोड परिचालन भएको छ ।

माओवादीका...

पृष्ठ १ बाट क्रमशः

भरतपुरबाट प्रतिनिधित्व गर्ने दाहाल ०७८ चैतमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट राष्ट्रिय सभा सदस्य मनोनीत भएका थिए । पाँचदलीय गठबन्धनमा अध्यक्ष माओवादीले लिने र उपाध्यक्ष एमालेले लिने सहमति छ । वर्तमान उपाध्यक्ष उर्मिला अर्याल माओवादीबाट अध्यक्षको दाबेदार थिइन् । लुम्बिनीबाट हालै निर्वाचित झक्कु सुवेदी पनि दाबेदार थिए । तर, माओवादी पदाधिकारी बैठकले दाहाललाई उम्मेदवार बनाउने निर्णय गरेको हो ।

बैठकपछि पार्टी सचिव चक्रपाणि खनालले भने, 'पदाधिकारी बैठकले नारायण दाहाललाई राष्ट्रिय सभा अध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको छ । झक्कु सुवेदी, उर्मिला अर्याललगायतको नाम पनि आएको थियो, तर दाहाललाई नै उम्मेदवार बनाउने पक्षमा निर्णय भयो ।'

उता कांग्रेसले राष्ट्रिय सभा अध्यक्ष बनाउने सहमतिका साथ नेता कृष्णप्रसाद सिटौलालाई कोशीबाट राष्ट्रिय सभा सदस्य निर्वाचित गराएको थियो । तर, पुरानो सत्तासमीकरण बदलिएसँगै माओवादी र कांग्रेस फरक कित्तामा पुगेपछि कांग्रेसले युवराज शर्मालाई उम्मेदवार बनाएको हो । बाँकेबाट प्रतिनिधित्व गर्ने शर्मा २१ फागुन ०७८ मा लुम्बिनीबाट निर्वाचित भएका थिए । राष्ट्रिय सभामा कांग्रेस संसदीय दलका नेता रहेका सिटौलाले पार्टीले अध्यक्षमा शर्मालाई उम्मेदवार बनाउने निर्णय गरेको बताए ।

संसद् सचिवालयका अनुसार निर्वाचनको दिन मंगलबार ११ बजेर ९ मिनेटमा संसद् बैठक बोलाइएको छ । बैठकमा अध्यक्ष पदमा निर्वाचित गरियोस् भनी प्रस्तावकले प्रस्ताव गर्ने र समर्थकले समर्थन गर्ने कार्यसूची छ । त्यस्तै, एकभन्दा बढी प्रस्तावको सूचना प्राप्त हुन आए संक्षिप्त छलफल हुनेछ भने प्रस्तावलाई दर्ता क्रमअनुसार निर्णयार्थ प्रस्तुत गर्ने कार्यक्रम रहेको संसद् सचिवालयका महासचिव पाण्डेयले जानकारी दिए ।

प्रधानमन्त्रीलाई भेटेर सिटौलाले गरे धोका पाएको गुनासो

राष्ट्रिय सभा अध्यक्ष बनाउने भन्दै अघिल्लो गठबन्धनबाट निर्वाचनमा उठाएर विजय गराइएका कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेरै आफूमाथि धोका भएको गुनासो राखेका छन् । महामन्त्री गगन थापा र प्रमुख सचेतक रमेश लेखकलाई लिएर बालुवाटार पुगेका सिटौलाले जानकारी नै नदिई आश्चर्यजनक रूपमा समीकरण बदल्नु धोका भएको भन्दै असन्तुष्टि पोखेका हुन् ।

'राष्ट्रिय सभा अध्यक्ष बनाउने भनेर तपाईंले नै मलाई कोशीबाट सदस्यमा ल्याउन जोडबल गर्नुभयो । अहिले कुनै जानकारी नदिई गठबन्धन फेरेर धोका दिनुभयो,' प्रचण्डसमक्ष सिटौलाको गुनासो थियो । १७ फागुनमा उपसभापति पूर्णबहादुर खड्कासहित भेटेका सिटौलालाई प्रचण्डले तपाईं नै अध्यक्षको उम्मेदवार हो भनेका थिए ।

'१७ गते भेट्दासम्म कुनै कुरा थिएन । तर, अचानक तीन चार दिनपछि उहाँले गठबन्धन तोड्नुभयो । सबै कुरा फेर्नुभयो । त्यसले हाम्रो पार्टीलाई धोका भयो । हामीलाई जे वचन दिनुभएको थियो, पूरै आश्चर्यचकित धोका भयो, यसरी सधैँ धोका दिएर त राजनीति चल्दैन होला नि, गलत गर्नुभयो तपाईंले, कुनै दिन आएर गल्ती स्विकार्ने अनि पछुताउनुबाहेक केही हुँदैन, किन यसो गर्नुभयो भनेर सीधा प्रश्न राखेँ,' सिटौलाले भने, 'उहाँले यस्तै भयो, के गर्ने ? जे होला पछि रियलाइज गरौँला भन्नुभयो ।'

प्रधानमन्त्रीले बुधबार विश्वासको मत लिने

नयाँ सत्तासमीकरण बनाएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बुधबार विश्वासको मत लिने भएका छन् । यसबारे प्रधानमन्त्री कार्यालयले आइतबार संसद सचिवालयमा पत्राचार गरिसकेको छ । '३० गते विश्वासको मत लिनका लागि प्रधानमन्त्री कार्यालयबाट संसद सचिवालयमा पत्राचार भएको छ,' सभामुख देवराज घिमिरेका प्रेस सल्लाहकार शेखर अधिकारीले भने ।

आइतबारै बसेको माओवादी पार्टी पदाधिकारी बैठकले पनि प्रधानमन्त्रीले बुधबार विश्वासको मत लिने औपचारिक निर्णय गरेको । 'विश्वासको मत ३० गते (बुधबार) लिने नै भन्ने छ, त्यो प्रक्रियामा छ,' पदाधिकारी बैठकपछि सचिव चक्रपाणि खनालले भनेका थिए । माओवादी प्रवक्ता अग्नि सापकोटाले पनि बुधबारै विश्वासको मत लिने समझदारी पाँचदलीय गठबन्धनमा बनेको बताएका थिए ।

कांग्रेससँगको सहकार्य तोडेर प्रधानमन्त्री दाहालले २१ फागुनमा एमालेसहितको पाँचदलीय गठबन्धन बनाएका छन् । नयाँ गठबन्धनमा एमाले, माओवादी, रास्वपा, जसपा र एकीकृत समाजवादी छन् ।

प्रहरीमा...

पृष्ठ १ बाट क्रमशः

प्रावधानले संगठनलाई कमजोर बनाएको भन्दै हटाउने आवाज बढ्दै गएको छ । जसमा नवनियुक्त गृहमन्त्री लामिछानले व्यक्तिलाई नहेरीकन निर्णय गरिने बताएका छन् ।

उपप्रधानमन्त्री लामिछानेले प्रहरी नेतृत्वलाई आफ्नो अधिकार पूर्ण रूपमा प्रयोग गर्न निर्देशन दिएका छन् । आफूले कत्ति पनि हस्तक्षेप नगर्ने भन्दै उनले भने, 'आफ्नो शक्ति राजनीतिक नेतृत्वलाई नसुम्पिनुहोस् । अनावश्यक भारी नबोक्नुहोस् । निर्धक्क भएर आफ्नो अधिकारको सदुपयोग गर्नुहोस् । नीति र विधिभित्र रहेर काम गर्नुहोस् । कुन व्यक्ति, कुन स्थानका लागि योग्य छ सोही स्थानमा राख्नुहोस् । मबाट तपाईंहरूको काममा हस्तक्षेप हुनेछैन । तर, मैले केही नगर्ने, अन्यले चाहिँ संगठन चलाउने अवस्था आयो भने बाध्य भएर हस्तक्षेप गर्नुपर्ने हुन्छ ।'

राजनीतिक हस्तक्षेपका कारण संगठन र त्यसको नेतृत्वले वृत्ति-विकासको सुनिश्चितता गर्न नसक्दा सरुवा-बढुवाका लागि समेत शक्तिकेन्द्र धाउनुपर्ने विद्यमान अवस्थाको अन्त्य गर्ने उनले दोहोऱ्याएका छन् । आफू पहिलोपटक गृहमन्त्री हुँदा डिआइजी र एसएसपीहरूको सरुवामा निष्पक्षताका साथ निर्णय गरेको उनले स्मरण गरे । 'म कुनै व्यक्तिविशेषको सरुवा-बढुवा गर्ने र त्यसबापत लाभ लिएर पेट पाल्ने उद्देश्य पूरा गर्न गृह मन्त्रालय आएको होइन,' उनले भने, 'केही फरक गर्ने चाहना, नीति-विधि स्थापित गर्ने हुटहुटी र प्रणालीको विकास एवं बेथितिको अन्त्यको दृढसंकल्प बोकेर आएको हुँ । त्यसमा तपाईंहरूको सहयोग मिल्नेछ भन्ने ठानेको छु ।'

कानुन कार्यान्वयनमा सम्झौता नगर्न प्रहरीलाई गृहमन्त्रीको निर्देशन छ । 'हरेक नागरिकले सुरक्षित महसुस हुने गरी प्रहरीले सेवा दिनुपर्छ । सानालाई ऐन र ठूलालाई चैनको अवस्था कुनै हालतमा पनि सैह्य हुँदैन । न्याय सबैले पाउनुपर्छ,' उनले भने, 'अनुसन्धान निष्पक्ष र वस्तुनिष्ठ हुनुपर्छ । आरोपित, अभियुक्त र अपराधी को र कुन पार्टीको हो भनेर अनुहार हेर्ने अवस्थाको अन्त्य हुनैपर्छ ।'

कुनै पनि घटना वा अपराधको छानबिन वा अनुसन्धान हुँदै गर्दा को प्रतिवादी हुने वा नहुने भन्ने निर्धारण आदेशले होइन प्रमाणका आधारमा अघि बढ्न उनले निर्देशन दिए । प्रहरी कर्मचारी गैर-व्यावसायिक क्रियाकलापमा संलग्न रहेको प्रमाणित भए हदैसम्मको कारबाही गर्ने चेतावनी दिँदै उनले भने, 'त्यसवेला कुनै शक्तिले भनसुन गरेर जोगाइदिन्छ भन्ने अपेक्षा बिल्कुल नराख्नुहोला ।'

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले राज्यले अंगीकार गरेको नीति र दिएको निर्देशन स्वार्थविना कार्यान्वयन गर्ने मूलभूत दायित्वबाट प्रहरी कहिल्यै विमुख नभएको बताए । साथै, नेपाल प्रहरीको संस्थागत विकास, यसमा आबद्ध सकल दर्जाका प्रहरी कर्मचारीको व्यावसायिक मनोबल र समग्र सांगठनिक हितका लागि गृह मन्त्रालयबाट अभिभावकीय भूमिका निर्वाह हुनेमा आफू विश्वस्त रहेको उनले बताए ।

६ वर्षयताकै...

पृष्ठ १ बाट क्रमशः

तापक्रम बढ्नुमा त्यो पनि एउटा कारण हुन सक्छ,' उनले भने, 'तर, दशकौँको तथ्यांक हेर्दा हरेक वर्ष तापक्रम उकालो लागिरहेको छ, यो हाम्रा कारणले भन्दा पनि विकसित राष्ट्रका कारणले हो ।' हरितगृह ग्यास उत्सर्जनमा नेपालको भूमिका गौण रहे पनि असर भोगिरहेको उनी बताउँछन् ।

गत वर्ष सरदर वार्षिक अधिकतम तापक्रम ०.६ र न्यूनतम तापक्रम ०.५ डिग्री धेरै पुगेको छ । पछिल्लो ३० वर्ष (सन् १९९१ देखि २०२०) को औसतलाई आधार मानेर सरदर वार्षिक अधिकतम तापक्रम निकालिएको हो । जसमा ५५ स्टेसनको तापक्रम विश्लेषण गरिएको छ । समीक्षा वर्षमा तराई-मधेशमा औसत वार्षिक अधिकतम तापक्रम ३० डिग्री सेल्सियसभन्दा धेरै रहयो भने उच्च पहाडी भेगमा १८ डिग्री सेल्सियसभन्दा कम रहेको थियो ।

१२ स्टेसनमा दैनिक अधिकतम तापक्रमले रेकर्ड ब्रेक गरेको छ । जसमा बन्दीपुर, चतरा, चौतारा, धरान बजार, दुम्कौली, वीरेनचोक गोरखा, जनकपुर एयरपोर्ट, कन्याम टी स्टेट, ओखलढुंगा, रामपुर, सिमरा एयरपोर्ट र सिराहाका स्टेसन छन् । नवलपुरको दुम्कौली स्टेसनमा ९ जुन २०२३ मा ४४.८ डिग्री सेल्सियस तापक्रम मापन भएर रेकर्ड तोडेको छ । जब कि यो स्टेसनमा ५ जुन १९७९ मा अधिकतम ४३.७ डिग्री तापक्रम मापन भएको थियो ।

एमालेले पनि...

पृष्ठ १ बाट क्रमशः

नेकपा एमालेका संसदीय दलका नेता सरोज यादवले अहिले प्रदेश सरकारको नेतृत्व कसले गर्ने भन्ने विषयमा गठबन्धन दलबीच कुनै सहमति नभएको बताए । उनले भने, 'एमाले मधेश प्रदेशको सबभन्दा ठूलो पार्टी हो । त्यस हिसाबले सरकारको नेतृत्व हामीले पाउनुपर्ने हो ।'

जसपाका मधेश प्रदेशका प्रमुख सचेतक रामआशिष यादवले गठबन्धन दलबीच मुख्यमन्त्री जसपाले पाउने सहमति भइसकेको बताए । प्रदेशमा मुख्यमन्त्री कायम रहने सर्तमा जसपा संघीय सरकारमा सहभागी भएको उनले बताए ।

एक सय सात सदस्यीय प्रदेश सभामा सरकार गठनका लागि ५४ मत चाहिन्छ । एमालेको २३, जसपाको १९, माओवादीको नौ र एकीकृत समाजवादीको सात गरी ५८ मत छ ।

अहिले केन्द्रीय गठबन्धनमा नरहेका कांग्रेसको २२, जनमतको १३, लोसपाको नौ तथा राप्रपा, नागरिक उन्मुक्ति र नेपाल संघीय समाजवादी पार्टीका एक-एक गरी ४७ मत छ ।

मुख्यमन्त्रीले मागे कांग्रेसका मन्त्रीको राजीनामा

केन्द्र सरकारमा जसपा सहभागी भएसँगै मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले कांग्रेसका मन्त्रीहरूसँग राजीनामा मागेका छन् । केन्द्रमा बनेको नयाँ सत्तागठबन्धनमा जसपा सहभागी भए पनि मधेश प्रदेशमा अझै पुरानै गठबन्धनको सरकार कायम छ ।

नयाँ गठबन्धनभित्र आफ्नो नेतृत्व सुरक्षित रहनेमा आश्वस्त भएपछि मुख्यमन्त्री सरोजकुमार यादवले शुक्रबार नै काठमाडौंबाट फर्केलगत्तै कांग्रेसका तीन मन्त्रीसँग राजीनामा दिन आग्रह गरेका थिए । तर, कांग्रेस संसदीय दलका नेता तथा भौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादवले 'आफूहरूले राजीनामा नदिने र बर्खास्त गर्ने अधिकार तपाईंसँग छ, बर्खास्त गर्नुस्' भनेर मुख्यमन्त्री यादवलाई जवाफ फर्काएका छन् ।

जसपा अध्यक्ष उपेन्द्र यादवले आफू सरकारमा सामेल भएपछि मात्र कांग्रेसका मन्त्रीलाई बर्खास्त गर्न मुख्यमन्त्री यादवलाई निर्देशन दिएका थिए । अहिले सरकारमा कांग्रेस, जसपा, लोसपा र माओवादी सरकारमा छन् ।

आइतबार उपेन्द्र सरकारमा गइसकेकाले मुख्यमन्त्री यादव आइतबार नै कांग्रेसका मन्त्रीहरूलाई हटाउने मनसायमा थिए । तर, एमालेले मुख्यमन्त्रीमा दाबी गरेपछि मुख्यमन्त्रीले तत्काल कांग्रेसका मन्त्रीहरूलाई बर्खास्त गर्न चाहेका छैनन् ।

रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लिबाङ रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृतिको आशय सम्वन्धी सूचना

प्रकाशित मिति : २०८०/११/२८

रोल्पा नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८०/१०/१९ गते विद्युतिय बोलपत्र प्रणाली मार्फत देहाय बमोजिमका निर्माण कार्य खरिदका लागि बोलपत्र आह्वानको सूचना भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्र खोली मुल्याङ्कनका लागि बोलपत्र मुल्याङ्कन समितिमा पेस भएकोमा बोलपत्र मुल्याङ्कन समितिको मिति २०८०/११/२७ गतेको निर्णायाअनुसार तपशिल बमोजिमको बोलपत्रदाताको कुल कबोल अंक न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले तपशिल बमोजिमको बोलपत्र छनोट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७को उपदफा (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

ठेक्का नं.	कामको विवरण	ठेक्का कवोल गर्ने फर्मको नाम र ठेगाना	कबोल अंक (मु.अ.क. सहित)	कैफियत
RM/ROLPA/ NCB/ G/7/080-81	Nisulka Aushadi Kharid Tatha Sarjikal Samagri Kharid.	मानसरोबर मेडी हेल्थ प्रा.लि.बुद्धनगर काठमाडौ	१७,९६,५७५।१	

प्रमुख प्रशासकीय अधिकृत

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भक्तपुर अस्पताल
भक्तपुर, नेपाल

Vaporized Hydrogen Peroxide/ Gas Plasma Sterilizer
खरिद सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८०/११/२८ **(11 March 2024)**

आ.व. ०८०।८१ मा यस अस्पतालको लागि आवश्यक तपशील बमोजिमको खरिद कार्य गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय प्रणाली मार्फत बोलपत्र आह्वान गरिएको छ। इच्छुक फर्म, कम्पनी वा सप्लायर्सले bolpatra.gov.np/egp बाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिन, दिनको ठिक १२:०० बजेभित्र विद्युतीय प्रणाली मार्फत बोलपत्र फाराम दर्ता गराई सक्नुपर्नेछ। रितपूर्वक पर्न आएका बोलपत्र सोही दिन, दिनको ठिक २:०० बजे यस अस्पतालमा खोलिने छ। बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो सम्बन्धी कार्य तत् पश्चात कार्यालय खुलेको दिन सोही समयमा हुनेछ। यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरू बोलपत्र फाराम, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ। विस्तृत जानकारीको लागि यस अस्पतालको सूचना पाटीमा हेर्नु हुन तथा अस्पतालमा कार्यालय समयमा सम्पर्क गर्नु हुन समेत सूचित गरिन्छ।

तपशिल:

सि.नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्र फाराम दस्तुर रु.
1	BHB/G/NCB -16/080-81	Procurement of Supply, delivery, and installation of Vaporized Hydrogen Peroxide /Gas Plasma Sterilizer	3,000/-

अस्पताल निर्देशक

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, कालिमाटी

015235218
E-mail-kalimati@ird.gov.np

कागजात तथा फाँटवारी पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्रकाशित मिति : २०८०/११/२८

निम्न लिखित करदाताहरुलाई यसअघि यस कार्यालयबाट तपसिलमा उल्लेखित कागजात पेश गर्न पत्राचार गरिएकोमा हालसम्म पनि माग गरिएका कागजातहरु पेश गरेको नदेखिएकोले निम्नानुसारको आ.व.को आय विवरण/मू.अ.कर विवरणको छानविन तथा अनुसन्धान कार्यमा बाधा पर्न गएकोले तपसिलमा उल्लेखित कागजात तथा विवरणहरु यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा पेश गर्नुहुन आयकर ऐन, २०५८ को दफा ८३(१) (क) तथा मू.अ.कर ऐन, २०५२ को दफा २३(ग) बमोजिम अनुरोध छ। म्यादभित्र पेश नगरेमा प्रचलित कानून बमोजिम कर निर्धारण भई जाने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

सि. न.	स्थायी लेखा नम्बर	करदाताको नाम	फर्मको ठेगाना	प्रो./सं. को नाम तथा ठेगाना	आ.व.
१.	५००१३९००४	जय नेपाल सप्लायर्स	काठमाण्डौं १४, कुलेश्वर	कमलेश गोयल, काठमाण्डौ १४, कुलेश्वर आवास क्षेत्र	२०७४/०७५
२.	६०१२२१३७६	ओम इन्जिनियरीङ्ग एण्ड कन्स्ट्रक्सन् प्रा.लि.	काठमाडौं १३, टंकेश्वर	सुवर्ण लाल श्रेष्ठ, काठमाडौं १३, टंकेश्वर	२०७३/०७४
३.	३०१६१४०७६	के.के.निर्माण सेवा	कीर्तिपुर १, गल्छे, काठमाडौं	कृष्ण मान महर्जन, कीर्तिपुर १, गल्छे, काठमाडौं	२०७३/०७४
४.	६०५८३१९६४	ज्वालामाई/ए. वि. कन्स्ट्रक्सन जे.भी.	कीर्तिपुर २, गल्छे, काठमाडौं	अर्जुन महर्जन, कीर्तिपुर २ वेद प्रसाद श्रेष्ठ, गार्मा ७, सोलुखुम्बु	२०७३/०७४
५.	३००१६१७६२	श्री गौतम ओभरसिज, गौतम श्री निर्माण सेवा	काठमाण्डौं १४, कुलेश्वर	राम वहादुर गौतम, पाल्तीखेत ८, काभ्रेपलाञ्चोक	२०७०/०७१
६.	६०१४७०३१६	क्लियर ट्रेडर्स प्रा. लि	का.म.न.पा. १३ कालिमाटी	राम सरोज यादव/ माचि भिटकैया, ३ धनुषा	२०७०/०७१
७.	६०३०४८५६६	सुवर्ण ट्रेड लिंक	का.म.न.पा. १४ कंलकी	सरोज श्रेष्ठ, काठमाडौं १४	२०७१/०७२, २०७२/०७३
८.	३०४३२४६०६	कविला इन्टरप्राईजेज	का.म.न.पा. १४ बल्खु	जुन वहादुर थामी, धुस्कुन ४ सिन्धुपाल्चोक	२०६७/०६८
९.	६००५१६४१९	जापान अटो पार्टस	का.म.न.पा. १४ कुलेश्वर	सम्झना कुमारी वि.सी., भुकलाङगले १ पर्वत	२०७१/०७२, २०७२/०७३, २०७३/०७४, २०७४/०७५

तपसील

१. खरिद/विक्रि विजकहरु तथा खरिद/विक्रि खाता,
२. सुरु मौज्दात, खरिद र अन्तिम मौज्दातको परिमाण र मूल्य सहितको विवरण,
३. खरिद/विक्रि/साहु/आसामीको स्था.ले.नं. र नाम सहितको विवरण,
४. खरिद गरिएका पार्टीहरुको पार्टि लेजर, क्यास बुक तथा भुक्तानीको विवरण,
५. उल्लेखित फर्म तथा फर्मका प्रोपाइटरहरुको नाममा रहेको बैंक खाताको बैंक स्टेटमेन्ट ।

विश्वासको वातावरण बनाउन शीर्ष नेता शृंखलाबद्ध वार्तामा

कांग्रेसले वैकल्पिक गठबन्धनको प्रयास गरेपछि माधव नेपाललाई विश्वासमा लिन प्रचण्ड र ओली निरन्तर भेटघाटमा

प्रेम गौतम/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच विगतको तिक्तता हटाउने र मन माझामाझ भइरहेको छ। तीन नेताबीच भेटेर र फोनमार्फत निरन्तर कुराकानी हुन थालेको छ।

प्रचण्ड-ओली, प्रचण्ड-नेपाल, ओली-नेपालबीच निरन्तर छलफल भइरहेको नेताहरूले बताएका छन्। कांग्रेसले वैकल्पिक गठबन्धनको प्रयास गरेपछि प्रचण्ड र ओलीले नेपाललाई विश्वासमा लिन कुराकानी बढाएका हुन्। प्रचण्ड र ओलीबीच पनि अविश्वास उत्पन्न नहोस् भन्नेमा दुवै नेता सचेत देखिएका छन्। उनीहरूबीच निरन्तर छलफल भइरहेको छ। अविश्वासलाई विश्वासमा परिणत गर्ने गरी वार्ता भइरहेको एमालेका एक नेताले बताए। ती नेताका अनुसार छलफल सकारात्मक छ।

पार्टी विभाजनपछि ओली र नेपालबीच तिक्ततापूर्ण सम्बन्ध थियो। सार्वजनिक कार्यक्रममा एकले अर्कालाई आरोप-प्रत्यारोपमै बढी समय खर्चिन्थे। तर, पछिल्लो समय आरोप-प्रत्यारोप छाडेर ओली-नेपाल सम्बन्ध सुधारमा लागेका छन्। एमालेका एक नेताका अनुसार ओली नेपालसँग सम्बन्ध सुधार्न लचिलो बनेका छन्। नेपाल पनि सम्बन्ध सुधार्न सकारात्मक रहेको एकीकृत समाजवादीका एक नेताले बताए।

अघिल्लो वर्षको १० पुसमा प्रचण्ड-ओली मिलेर सरकार बनाउँदा पनि नेपाल छुटेका थिए। यसपटक पनि समीकरण परिवर्तन हुँदा खबर नपाएपछि नेपाल चिढिएका थिए। राष्ट्रपति निर्वाचनाका ओली र नेपाल नजिकिने प्रयास भए पनि सफल भएको थिएन। प्रतिनिधिसभामा १० सिट भएको एकीकृत समाजवादी सत्तासमीकरणमा निर्णायक देखिएपछि नेपालसँगको सम्बन्ध सुधारमा ओली पनि अघि सरेका हुन्। विगतको कमजोरी सच्याएर अगाडि बढ्ने वचन ओली र प्रचण्ड दुवैले नेपाललाई दिएका छन्।

प्रचण्ड र ओलीले नेपालसँग संयुक्त र छुट्टाछुट्टै भेट गरेर विगतबाट पाठ सिक्दै अगाडि बढ्ने र कमजोरी नदोहोऱ्याउने गरी अगाडि बढ्ने प्रतिबद्धता जनाएका छन्। प्रचण्डसँगको छलफलबारे नेपालले भनेका छन्, 'तीनचोटि कुरा गर्दा ६० प्रतिशत क्लियर भयो, ४० प्रतिशत बाँकी छ। ६० प्रतिशत विश्वास दिलाउनुभयो। विश्वास गर्नुस्, विश्वासको साथमा अगाडि बढौं। विश्वासघात हुँदैन। विश्वासको जगमा हामी अगाडि बढौं भनिसकेपछि हामीले पनि उदारता देखाउनुपर्छ। पहल लिनुपर्छ। अग्रसरता देखाउनुपर्छ।'

नयाँ सत्तासमीकरणपछि ओलीले नेपालसँग दुईपटक भेटेर र एकपटक फोनमा कुरा गरेका छन्। ओलीले नेपाललाई अविश्वास मेटाएर अगाडि बढ्न आग्रह गरेका छन्। अविश्वासलाई विश्वासमा परिणत गरेर सँगै यात्रा गरौं भन्ने ओलीको प्रस्ताव छ। तर, नेपाल दुक्क भइसकेका छैनन्। नेपालले काम र व्यवहारबाट परिणाम खोजेका छन्। 'तपाईं र मेरोबीचको अविश्वास मेटाउनुपऱ्यो। अविश्वास लामो समयदेखि कायम भएको छ। त्यसलाई विश्वासमा परिणत गर्नुपर्छ,' ओलीको प्रस्ताव छ। ओलीको प्रस्तावलाई नेपालले सकारात्मक रूपमा लिएका छन्। 'विश्वास नै सम्बन्धको आधार हो। विश्वास रहेन भने सम्बन्ध रहँदैन। त्यसकारण विश्वास काम र व्यवहारबाट हुन्छ। विश्वास कुराबाट हुँदैन,' नेपालले भनेका छन्। राजनीतिमा स्थायी शत्रु र स्थायी मित्र कोही पनि नहुने भन्दै नेपालले आफू कोहीसँग पनि आग्रही नभएको बताएका छन्।

एमाले उपाध्यक्ष विष्णु पौडेलले सरकारमा सहभागी दलका नेताबीच छलफल हुनु स्वाभाविक र सामान्य भएको बताए। उनले नेकपा ब्युँत्याउने गरी छलफल अघि नबढेको पनि बताए। 'कम्युनिस्ट पार्टी मात्रको सरकार पनि होइन। कम्युनिस्ट, लोकतान्त्रिक र देशभक्त शक्तिको सरकार हो। सरकारमा सहभागी भएका दलका नेताहरू भेटघाट हुनु नौलो कुरो होइन। नेकपा ब्युँत्याउने गरी छलफल भएको छैन,' उनले भने।

माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले पनि सत्तारूढ दलका नेताहरूको छलफल स्वाभाविक भएको बताए। 'गठबन्धनलाई सबल र सुदृढ बनाउन छलफल भइरहेको छ। विश्वासको वातावरण तयार पार्दै अगाडि बढ्नुपर्छ,' सापकोटाले भने।



■ माधव नेपाललाई विश्वासमा लिन ओली र प्रचण्डले गरेका वार्ता

सोमबार	– प्रचण्ड, नेपाल र श्रेष्ठबीच भेटवार्ता
सोमबार	– ओली र नेपालबीच टेलिफोन वार्ता
मंगलबार	– प्रचण्ड, ओली र नेपालबीच भेटवार्ता
शुक्रबार साँझ	– ओली र नेपालबीच टेलिफोन वार्ता
शनिबार	– प्रचण्ड र नेपालबीच भेटवार्ता
शनिबार	– ओली र नेपालबीच भेटवार्ता

विष्णु पौडेल, उपाध्यक्ष, एमाले



यो कम्युनिस्ट पार्टी मात्रको सरकार होइन। कम्युनिस्ट, लोकतान्त्रिक र देशभक्त शक्तिको सरकार हो। सरकारमा सहभागी भएका दलका नेताहरू भेटघाट हुनु नौलो कुरो होइन। नेकपा ब्युँत्याउने गरी छलफल भएको छैन।

'न्यूनतम साझा कार्यक्रम'अनुसार काम गर्न प्रधानमन्त्रीको निर्देशन

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले 'न्यूनतम साझा कार्यक्रम'अनुसार काम गर्न कर्मचारीलाई निर्देशन दिएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अर्धवार्षिक समीक्षा बैठकमा आइतबार प्रधानमन्त्रीले सरकारको न्यूनतम नीति तथा कार्यक्रमअनुसार थप गतिशील भएर काम गर्न निर्देशन दिएका हुन्।

'बदलिएको परिस्थितिमा आउने नीति तथा कार्यक्रम हाम्रो कार्यालय, यसमातहतका सबै कार्यालय र सिंगो कर्मचारीतन्त्रलाई गाइडलाइन हुनेछ,' प्रधानमन्त्री प्रचण्डले भने, 'विगतको कार्यक्रमकै वरिपरि हुने गरी चाँडै कार्यक्रम आउनेछ। सोहीअनुसार काम गर्नुपर्नेछ।' प्रधानमन्त्री कार्यालय र अन्तर्गतका निकायको लक्ष्यअनुसारको कार्यसम्पादन प्रगति सम्बन्धमा मासिक रूपमा छलफल गर्ने, समस्या पहिचान गर्ने र सुधार गर्नेतर्फ विशेष ध्यान दिन जरुरी रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय गौरवका आयोजना नियमित गर्नका लागि कार्यतालिका बनाएर अगाडि बढ्ने व्यवस्था गर्न निर्देशन दिए। सम्पूर्ण कर्मचारीतन्त्रका लागि प्रधानमन्त्री कार्यालय उदाहरणका रूपमा प्रस्तुत हुनुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले विद्यमान प्रगति सन्तोषजनक मान्न नसकिने स्पष्ट पारे।

आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तयारीको चरणमा प्रवेश भएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले चालू आर्थिक वर्षको कार्यसम्पादनको स्थिति विश्लेषण गरी आगामी वर्षको तयारीमा लाग्नसमेत निर्देशन दिए। उनले प्रधानमन्त्री कार्यालयमातहतका कार्यालयले आफ्ना कार्यसम्पादनमा गति दिन र आर्थिक वर्षको अन्त्यमा कम्तीमा ८० प्रतिशतसम्म प्रगति हुने गरी काम गर्न पनि उनले निर्देशन दिए।

प्रचण्ड क्याबिनेटले पायो पूर्णता

चारजना उपप्रधानमन्त्री, मन्त्रिपरिषद् २२ सदस्यीय, अझै तीन राज्यमन्त्री थप गर्न सकिने

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको मन्त्रिपरिषद्मा चारजना उपप्रधानमन्त्री भएका छन्। जसपा अध्यक्ष उपेन्द्र यादवले उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यमन्त्रीको शपथ लिएसँगै उपप्रधानमन्त्रीको संख्या चार पुगेको हो।

गत बुधबार एमाले सचिव रघुवीर महासेठ, माओवादी वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र रास्वपा सभापति रवि लामिछानेले उपप्रधानमन्त्रीको पद तथा गोपनीयताको शपथ लिएका थिए। उपप्रधानमन्त्रीको वरीयताक्रममा महासेठ, श्रेष्ठ, लामिछाने र यादव क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथोमा छन्। महासेठले भौतिक पूर्वाधार तथा यातायात, श्रेष्ठले परराष्ट्र, लामिछानेले गृह मन्त्रालय सम्हालेका छन्। यसअघि कांग्रेससहितको गठबन्धन सरकारमा दुईजना मात्रै उपप्रधानमन्त्री थिए।

जसपाका नवलकिशोर साहले पनि आइतबार नै पथ तथा गोपनीयताको शपथ लिएका छन्। साहले वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी सम्हालेका छन्। राष्ट्रपति भवन शीतलनिवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त उपप्रधानमन्त्री र मन्त्रीलाई पद तथा गोपनीयताको शपथ खुवाएका हुन्। नयाँ समीकरण बनेपछि प्रचण्डले तेस्रोपटक मन्त्रिपरिषद् विस्तार गरेका हुन्। सुरुमा एमाले, माओवादी र रास्वपाबाट एक-एकजनाले विनाविभागीय मन्त्रीको शपथ खाएका थिए।

प्रधानमन्त्री प्रचण्डले अझै तीनजना राज्यमन्त्री थप्न पाउनेछन्। मन्त्रिपरिषद् बढीमा २५ सदस्यीय हुने संवैधानिक व्यवस्था छ। हाल २२ सदस्यीय मन्त्रिपरिषद् बनेको छ। सरकारमा एमाले, माओवादी, रास्वपा, जसपा र एकीकृत समाजवादी सहभागी छन्।

यादव चौथोपटक उपप्रधानमन्त्री



यादव चौथोपटक उपप्रधानमन्त्री भएका छन्। यादवको सत्तायात्रा ०६५ बाट सुरु भएको हो। पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा उनी पहिलोपटक उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री थिए। यादव ०६७ मा झलनाथ खनाल नेतृत्वको सरकारमा पनि उपप्रधानमन्त्री तथा परराष्ट्र नै भए। ०७५ मा केपी ओली नेतृत्वको सरकारमा उनी उपप्रधानमन्त्री तथा स्वास्थ्य तथा जनसंख्यामन्त्री भएका थिए। ओलीले ०७६ मा मन्त्रिपरिषद् पुनर्गठन गरेर यादवलाई उपप्रधानमन्त्री तथा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री बनाएका थिए। ०८० मा प्रचण्ड नेतृत्वको सरकारमा उनी फेरि उपप्रधानमन्त्री एवं स्वास्थ्यमन्त्री भएका छन्।

प्रतिनिधिसभामा एमालेका ७८, माओवादीका ३२, रास्वपाका २१, एकीकृत समाजवादीका १० र जसपाका १२ सांसद छन्। सत्तागठबन्धनसँग एक सय ५३ सांसद छन्। बहुमतका लागि एक सय ३८ सांसद चाहिन्छ।

संक्षेप

कान्तिपुर सहकारीका १२ सञ्चालकविरुद्ध मुद्दा

काठमाडौं/ काठमाडौंको मीनभवनमा रहेको कान्तिपुर बचत तथा ऋण सहकारी संस्थाका १२ सञ्चालकविरुद्ध ठगी मुद्दा दायर भएको छ। संस्थाका सदस्यहरूको पैसा हिनामिना गरेको अभियोगमा प्रहरीले आइतबार सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालत, काठमाडौंमा मुद्दा दायर गरेको हो। संस्थाका आठ सय ५२ जना सदस्यको जाहेरीका आधारमा एक अर्ब ५१ करोड ८५ लाख ५२ हजार बिगो कायम गरी सहकारी ठगीको मुद्दा दायर भएको जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रहरी उपरीक्षक (एसपी) नवराज अधिकारीले जानकारी दिए। 'एकजना सञ्चालक पक्राउ परेका छन्, अन्य फरार छन्, उनीहरूलाई फरार प्रतिवादीका रूपमा मुद्दा दर्ता भएको छ,' एसपी अधिकारीले भने। प्रहरीले संस्थाका अध्यक्ष हिमालयविक्रम मल्ल ठकुरीलाई पक्राउ गरी गत महिना अनुसन्धान थालेको हो।

श्रीमतीको हत्या गरेर फरार श्रीमान् पक्राउ

संखुवासभा/ श्रीमतीको हत्या गरेर फरार मंसिरे शेर्पा पक्राउ परेका छन्। आइतबार जिल्ला प्रहरी कार्यालय संखुवासभाले शेर्पालाई पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो। गत १८ फागुनमा कुटपिट गरेर श्रीमतीको हत्या गरी फरार रहेका शेर्पालाई शनिबार राति साढे ११ बजे खाँदबारी- ७ स्थित वेलफेयर डाँडानजिकै आफन्तको घरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक रामकुमार लामिछानेले बताए। खाँदबारी नगरपालिका- ११ हरेलो स्थायी घर भएका ३१ वर्षीय मंसिरे शेर्पा र सिलिचोङ गाउँपालिका- २ घर भएकी २६ वर्षीया विनाकुमारी राई खाँदबारी- ७ नयाँ भैरवी दल गुल्म ब्यारेकअगाडि स्थानीय खड्गबहादुर श्रेष्ठको घरमा डेरा गरी बस्दै आएका थिए।

नयाँ पत्रिकाकर्मी घिमिरे पुरस्कृत

काठमाडौं/ नयाँ पत्रिकाकर्मी शिवहरि घिमिरे पुरस्कृत भएका छन्। ललितपुरको गोदावरी नगरपालिकाको आठौं स्थापना दिवसको अवसरमा कांग्रेसका महामन्त्री गगन थापा र नगरपालिकाका मेयर गजेन्द्र महर्जनले सम्मानपत्र तथा पुरस्कार प्रदान गरेका हुन्। पत्रकारिताका माध्ययमबाट नगरपालिकाको सुशासन र विकासका लागि दिशानिर्देश गरेको भन्दै घिमिरेलाई पुरस्कार प्रदान गरिएको हो। पुरस्कार राशि दश हजार रहेको छ। यस्तै, नगरपालिकाले वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको खेलकुद सप्ताहमा उत्कृष्ट हुने खेलाडीलाई पनि पुरस्कार तथा सम्मान गरेको छ। उत्कृष्ट कर्मचारी पनि पुरस्कृत तथा सम्मानित भएका छन्। कार्यक्रममा प्रमुख अतिथि तथा कांग्रेसका महामन्त्री थापाले गोदावरी नगरपालिकाले स्थानीय कला-संस्कृति संरक्षण र स्थानीयवासीको मर्मअनुरूप काम गरेको बताए।



तीन पार्टीबीच सहकार्यको सहमति

काठमाडौं/ मधेशकेन्द्रित तीन दल जनमत पार्टी, जनता प्रगतिशील पार्टी तथा तराई मधेश लोकतान्त्रिक पार्टीबीच सहकार्य गर्ने सहमति भएको छ। आइतबार जनमतका अध्यक्ष सिके राउत, जप्रपाका अध्यक्ष हृदयेश त्रिपाठी तथा तमलोपाका अध्यक्ष वृशेषचन्द्र लालले सहकार्य गर्ने सहमतिपत्रमा हस्ताक्षर गरेका छन्।

देशका समसामयिक मुद्दा तथा समस्या समाधान गर्न तीनवटै पार्टी सहकार्य गर्न सहमत भएको जारी संयुक्त विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा उनीहरूले संविधान संशोधन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्न, तराई-मधेशका साथै विद्यमान सबै प्रकारका विभेद अन्त्य गर्न सहकार्यका लागि सहमत भएको जनाएका छन्।

चरेससहित दुईजना पक्राउ

धादिङ/ घिउको सिसीमा अवैध लागुऔषध चरेस लुकाएर हिँडेको अवस्थामा प्रहरीले बरामद गरेको छ। पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका- २ मलेखुबाट चार किलो पाँच सय ३५ ग्राम चरेससहित प्रहरीले दुईजनालाई पक्राउ गरेको छ। गजुरी गाउँपालिका- ५ मानेभञ्ज्याङबाट मलेखुतर्फ आउँदै गरेको बागमती प्रदेश ०२-०३० प ७०२५ नम्बरको मोटरसाइकल चेकजाँचको क्रममा चरेस बरामद गरिएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जानकारी दिए। जैसवारका अनुसार मोटरसाइकलचालक गजुरी गाउँपालिका- ४ का ३६ वर्षीय विजय प्रजा र ३२ वर्षीय सुरज तामाङलाई नियन्त्रणमा लिइएको छ।

■ रिगलको कैद माफीविरुद्धको मुद्दामा पूर्णपाठ

कैद कट्टा वा मिनाहामा पीडित पक्षको मन्जुरी लिने कानुन बनाउन आदेश

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले कैद कट्टी वा मिनाहाको फैसला गर्दा पीडित पक्षको मन्जुरी लिएर मात्र गर्ने गरी आवश्यक कानुनी प्रक्रिया मिलाउन आदेश गरेको छ। सर्वोच्चको पूर्ण इजलासबाट भारती शेर्पा निवेदक रहेको रिटमाथि १६ कात्तिकमा यस्तो आदेश भएको हो।

न्यायाधीशत्रय ईश्वरप्रसाद खतिवडा, सपना प्रधान मल्ल र कुमार चुँडालको इजलासले गरेको फैसलामा अपराधपीडितको हकलाई अनदेखा गर्नु अहिलेको लोकतान्त्रिक संवैधानिक परिवेशमा उचित नरहेको उल्लेख छ। 'कैद कट्टी गर्ने/कम गर्ने, छोट्याउने वा मिनाहा दिनेजस्ता प्रक्रियामा पीडित पक्षको सहमति/मन्जुरी लिने र पीडितलाई सामाजिक न्याय र क्षतिपूर्तिको प्रत्याभूति दिने सम्बन्धमा कानुनद्वारा नै उचित प्रक्रिया/कार्यविधि निर्धारण गरी तदनुसार कार्यान्वयन गर्नु वाञ्छनीय देखिन्छ। तदनुसार कानुनमा (ऐन वा नियमावलीमा) आवश्यक र उचित व्यवस्था मिलाउनू,' रिटमाथि भएको अन्तिम आदेशमा छ।

यसरी कैद छोट्याउने वा मिनाहा गर्ने निर्णय गर्दा पीडितको सामाजिक पुनर्स्थापना, क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितता, अदालतका आदेश तथा फैसला, सार्वजनिक हित, कैद कट्टा वा माफी दिनुपर्ने उचित र वस्तुगत आधार खुलाएर मात्र निर्णय गर्न परमादेश जारी भएको छ। 'न्यायिक निर्णयको परिणामस्वरूप निर्धारण गरिएको कैद सजाय सामान्यतया निज कसुरदारले कैदमा रहेर नै सजाय भुक्तान गर्नुपर्दछ। यसरी न्यायिक निर्णयको परिणामस्वरूप ठेकिएको कैद सजाय कार्यकारिणीको स्वेच्छाचारी तजबिजमा माफी, मिनाहा वा कैद कट्टी हुन सक्दैन।



फैसलामा भारतको सर्वोच्च अदालतबाट भएको फैसला उद्धृत गर्दै जालसाजीपूर्ण, गलत वा अनुचित कारणका आधारमा माफी मिनाहा वा कैद कट्टी, छुट दिनेजस्ता निर्णय गर्दा तत्सम्बन्धी तथ्य र कारणहरूको समुचित मूल्यांकन र विश्लेषण गरिएन भने निर्णय स्वेच्छाचारी र अनुचित बन्न जाने अवस्था रहने उल्लेख छ। थप भनिएको छ, 'यसका अतिरिक्त कानुनको शासनको मान्यताप्रतिकूल हुने गरी प्रदान गरिएको माफी मिनाहा, कैद कट्टीले पनि न्यायिक मान्यता पाउन सक्दैन। उल्लिखित मान्यताप्रतिकूल प्रदान गरिएको माफी, मिनाहा, कैद कट्टीजस्ता कुरामा अदालतले न्यायिक हस्तक्षेप गर्न सक्तछ।'

रिगलले भुक्तानी गर्न बाँकी ११ वर्ष ११ महिना पाँच दिन कैद असुल गर्न इजलासले परमादेश जारी गरेको थियो। शेर्पाले दायर गरेको रिटमा राष्ट्रपतिनिवास, मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई विपक्षी बनाइएको थियो। दाङ र बाँकेको जिल्ला प्रशासन कार्यालय तथा कारागार कार्यालय दाङ, महान्यायाधिवक्ताको कार्यालय र रिगललाई समेत उक्त रिटमा विपक्षी बनाइएको थियो। निवेदक शेर्पाका पूर्वपति चेतन मानन्धरलाई खुँडाले हानेर मारेको विषयमा जिल्ला अदालत बाँकेमा कर्तव्य ज्यान मुद्दा चलेको थियो। उक्त अदालतबाट सर्वस्वसहित जन्मकैदको फैसला उच्च अदालत तुलसीपुरले समेत सदर गरेको थियो। यसविरुद्ध सर्वोच्च पुगेका रिगलले १० भदौ ०८० मा उक्त पुनरावेदन फिर्ताका लागि निवेदन दिएकोमा फिर्ता भएको थियो।

उच्च अदालत दिपायलका रजिस्ट्रार कटवाल भ्रष्टाचारी ठहर

काठमाडौं/ विशेष अदालतले उच्च अदालत दिपायलका तत्कालीन रजिस्ट्रार रणबहादुर कटवाललाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै नौ महिना कैद र चार लाख ९८ हजार जरिवानाको फैसला गरेको छ। अदालतमा कार्यरत सहसचिवस्तरका कर्मचारी नै यसरी पहिलोपटक भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका हुन्।

अदालतले उनलाई नौ महिना कैद र चार लाख ९८ हजार रुपैयाँभन्दा बढी रकम बिगो निर्धारण गर्दै सोहीबराबर जरिवाना तथा बिगो असुलउपर हुने फैसला गरेको छ। विशेष अदालतका सदस्यहरू खुसीप्रसाद थारू र रामबहादुर थापाको इजालसले आइतबार यस्तो फैसला गरेको हो।

कटवालविरुद्ध रकम हिनामिना गरेको भन्दै गत वर्ष भदौमा मुद्दा दायर भएको थियो। उनले दिपायलमा हुँदा विभिन्न शीर्षकमा गैरकानुनी रूपमा करिब पाँच लाख हिनामिना गरेको फेला परेपछि दायर मुद्दामा एक वर्षपछि फैसला आएको हो। आव ०७८/७९ मा अदालतका लागि विनियोजित बजेट अनियमितता गरेको भन्दै अख्तियारले छानबिन गरेको थियो। सोहीअनुसार १६ माघ ०७९ मा मुद्दा चलाएको थियो।

रजिस्ट्रार कटवालले विभिन्न शीर्षकमा विनियोजित रकम खर्च गर्न नक्कली बिल भर्पाई खडा गरेको, नक्कली सम्झौतासमेत बनाई आफैंले स्वीकृत गरेका थिए। उनले यस्ता कागजात बनाई प्रायः आफैंले शोधभर्ना लिने गरेको अनुसन्धानमा देखिएको उल्लेख छ। रजिस्ट्रार कटवालले सर्वोच्च अदालतबाट भर्चुअल अनुगमन निरीक्षण भएकोमा त्यसको समेत होटेल बिल पेस गरेका थिए। सर्वोच्चबाट दिपायल निरीक्षण आउँदा खर्च भएको भन्दै बिल भर्पाई बनाई भुक्तानी लिएका थिए। स्टोरकिपरबाट शोधभर्ना गराई भुक्तानी लिएको, हुँदै नभएको हिसाबकिताब मिलाउन भनी व्यवसायीहरूबाट खर्चको नक्कली बिल बनाउनेजस्ता कार्यमा उनको संलग्नता पुष्टि भएको थियो।

किरिया बसेकी माइलीलाई खानाको समेत समस्या

'शववाहनलाई पैसा तिर्न नसक्दा श्रीमान्को शव रिक्सामा राखेर आर्यघाट पुऱ्याएँ'

नयाँ पत्रिका

दुई दिनअघि श्रीमान् गुमाएकी ५६ वर्षीया माइली राईले हारगुहार गरेर श्रीमान्को दाहसंस्कार त गरिन्, तर थप किरिया 'सागे किरिया' कसरी सक्ने भन्ने चुनौती थपिएको छ। नुवाकोटको लिखु गाउँपालिका- ४ रानीटार स्थायी घर भएकी माइलीको परिवार काठमाडौंको खुसिबुमा बस्दै आएको छ। छोरा र छोरी बेरोजगार छन्। आम्दानीको स्रोत केही छैन। पशुपति आर्यघाटनस्थित किरियापुत्री भवनमा बसिरहेकी माइलीसँग बिहान-बेलुका खाने सामग्रीसमेत छैन।

भवनको १०७ नम्बर कोठामा किरिया बारिरहेकी उनले भनिन्, 'श्रीमान्को मृत्यु भयो। बल्लतल्ल शव दहन गर्‍यौं। बाँकी संस्कार गर्नैपऱ्यो। किरिया बस्ने ठाउँ बल्लतल्ल मिल्यो। तर, किरिया बस्दा बिहान-बेलुका खाने खानासमेत छैन।'

डेरामा बस्दै आएकी माइली बिहान-बेलुका साहुको घरमा भाँडा माझ्ने काम गर्थिन्। उनका श्रीमान् पाण्डव रिक्सा चलाउँथे। तर, शनिबार बिहान पाण्डवको अचानक मृत्यु भयो। शव घाटसम्म लैजानै समस्या भयो। उनीहरूले शववाहन बोलाए। केहीबेरमै शववाहन कोठामा आइपुग्यो। तर, आर्यघाटसम्म लैजान चार हजार रुपैयाँ माग्यो। माइलीसँग त्यत्रो पैसा थिएन। शववाहन शव नलिई फर्कियो।



शव नउठेपछि वरपरका मान्छेले छिटो उठाउन दबाब दिन थाले। समस्यामा परेकी माइलीले श्रीमान्ले चलाउँदै आएको रिक्सामा शव राखिन्। छोरा र छोरीलाई ठेल्न लगाएर पशुपतिनाथ आर्यघाट पुऱ्याइन्। दाहसंस्कारका लागि उनीहरू विद्युतीय शव दहन केन्द्र पुगे। केन्द्रका कर्मचारीले चार हजार रुपैयाँ शुल्क मागे। शुल्क तिर्न सक्ने स्थितिमा माइली थिइनन्। बिहान करिब १० बजे शव दहन केन्द्र पुगे पनि पैसा नभएकाले दिनभरजसो रिक्सामै राखिन्।

● **नरोत्तम वैद्य**, पूर्वसांसद



आर्थिक अवस्था नाजुक रहेछ। शव दहन गर्ने हैसियतसमेत रहेनछ। शुल्क तिरिदिएर शव दहन काम भयो। किरिया बस्दा लगाउने कपडा किन्ने रकम दिएँ। पछि थाहा भयो, किरिया बस्दा बस्ने कोठा भाडामा लिनसमेत पैसा रहेनछ। त्यो पनि मैले व्यवस्था गरिदिएँ। तर, उनलाई बिहान-बेलुका खाने अन्नको समस्या छ।

माइलीलाई घाटकै कसैले बागमती प्रदेशका पूर्वसांसद नरोत्तम वैद्यको फोन नम्बर दिए। वैद्य तुरुन्तै घाट पुगे। शुल्क भुक्तानी गरिदिए। माइलीका लागि श्रीमान्को शव जलाउन बाटो बल्ल खुल्यो। विद्युतीय शव दहन केन्द्रमा माइलीले श्रीमान्को दाहसंस्कार गरिन्। तर, किरिया बस्ने कार्यले उनलाई तनाव दियो। डेरामा घरबेटीले अवरोध गर्ने भए। घाटमै बस्दा कोठाको बहाल तिर्नुपर्ने भयो। रनभुल्लमा परेकी उनले पुनः वैद्यलाई सम्पर्क गरिन्। वैद्यले उनलाई किरिया बस्ने कोठाको प्रबन्ध पनि गरिदिए। अहिले माइली सोही कोठामा किरिया बसिरहेकी छिन्, तर उनलाई बिहान-बेलुका खाने अन्नको अभाव छ।

नयाँ शिक्षामन्त्री र त्रिवि सुधारको चुनौती

त्रिविलाई सुधार्न सरकारले यसलाई दिने सहयोगमा वृद्धि गरी क्याम्पसहरूले लिने शुल्कमा समयानुकूल पुनरावलोकन गर्न जरुरी छ



● चन्द्रमणि अर्याल

अग्रलेख

भर्खरै सत्ता समीकरण परिवर्तन भएको छ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट सुमना श्रेष्ठ शिक्षामन्त्रीको जिम्मेवारीमा आएकी छिन् । परिवर्तनका निम्ति प्रणाली प्रधान हो, व्यक्ति गौण हो तर कहिलेकाहीं व्यक्तिले लिने पहल प्रणाली परिवर्तनका निम्ति सहायक हुन सक्छ । सुमना शिक्षामन्त्री हुँदा, स्मृतिमा उनले विगतमा सांसदका रूपमा निभाएका भूमिकालाई हेर्दा केही परिवर्तनको अपेक्षा राख्नु अनुचित होइन । प्रत्यक्ष रूपमा त्रिभुवन विश्वविद्यालय (त्रिवि)सँग जोडिएको हुनाले मेरा अपेक्षा पनि त्रिविसँगै सम्बन्धित छन् ।


त्रिविका समस्या : केही समयअगाडि मात्रै संसद्मा नेपाल विश्वविद्यालयको विधेयकबारे छलफल चल्ने वेला समिति सदस्यका रूपमा नयाँ संरचनामा लगानी गर्नुभन्दा त्रिविका समस्या समाधान गर्दा बढी प्रभावकारी हुन सक्छ भन्ने भनाइ राखेकी थिइन् मन्त्री श्रेष्ठले । सोही सन्दर्भमा त्रिवि र समग्र नेपाली विश्वविद्यालयको समस्याबारे बोल्ने सांसद तथा मन्त्री श्रेष्ठलाई संसदीय छलफलका क्रममा उठेका आंशिक शिक्षकको समस्या, कार्यकक्षको अभाव तथा अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुनका लागि भइरहेका समस्याबारे थप भनिरहनु आवश्यक छैन । तर, संसद्मा भएको छलफलमा उठेकाबाहेक अन्य विविध समस्याको जालोमा पनि जेलिएको छ त्रिवि । जसको समाधान त्रिविका आन्तरिक प्रयासबाट मात्रै सम्भव छैन । ती विषय यहाँ उठान गर्नु जरुरी देखिन्छ ।

पहिलो समस्या दरबन्दीमा छ । हाल त्रिविमा कार्यरत शिक्षक तथा कर्मचारीको संख्या पर्याप्त छैन । जसका कारण पठनपाठन तथा अन्य शैक्षिक तथा अनुसन्धानमूलक कार्यमा समस्या उत्पन्न भएको छ । भएका दरबन्दी पनि समानुपातिक रूपमा वितरण हुन सकेको छैन । उदाहरणका लागि त्रिविअन्तर्गतका मेची बहुमुखी क्याम्पस- झापा, महेन्द्र मोरङ क्याम्पस- मोरङ, अमृत क्याम्पस- लैनचौर, त्रिचन्द्र क्याम्पस- घन्टाघर, पद्मकन्या क्याम्पस- बागबजार, र पाटन बहुमुखी क्याम्पस- पाटनढोकामा स्नातक तहमा वातावरण विज्ञान पढाइ हुन्छ । यही विषय केन्द्रीय विभाग र पाटन बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहमा पनि पढाइ हुन्छ । हाल त्रिविका स्थायी दरबन्दी हेर्ने हो भने मेची क्याम्पसमा एकजना, अस्कलमा तीनजना, पद्मकन्या क्याम्पसमा एकजना, त्रिचन्द्र क्याम्पसमा ६ जना तथा पाटन क्याम्पसमा तीनजना शिक्षक (उपप्राध्यापक, सहप्राध्यापक तथा प्राध्यापक) कार्यरत हुनुहुन्छ । वातावरण विज्ञान, केन्द्रीय विभागमा हाल १३ जना कार्यरत हुनुहुन्छ । पहुँच पुग्ने या पुऱ्याउन सक्नेहरू सरुवा गरेर केन्द्रीय विभागमा जम्मा हुने क्रम पछिल्लो दिनमा बढेको छ ।

कुनै पनि आंगिक क्याम्पसमा भएका दरबन्दी त्यहाँको नियमित कार्यक्रम चलाउनकै लागि पनि पर्याप्त छैनन् भने वातावरण विज्ञान केन्द्रीय विभागमा पनि कतिपय विषय पढाउन आंशिक शिक्षकमा भर पर्नुपर्ने स्थिति छ । जसका कारण आंशिक शिक्षकविना कुनै पनि क्याम्पसमा कार्यक्रम सञ्चालन हुने अवस्था छैन । यो समस्या वातावरण विज्ञानमा मात्रै सीमित छैन ।

कर्मचारीको दरबन्दीको अवस्था त्योभन्दा नाजुक छ । त्रिविको नियमावलीमा प्रत्येक ६ महिनामा विज्ञापन गर्नुपर्ने व्यवस्था भए पनि त्यो नियमित हुन सकेको छैन । तीन वर्षअगाडि खुलेको विज्ञापनको परीक्षा कहिले सुरु हुने हो भन्ने अझै टुंगो छैन । आवश्यक जनशक्ति अभावका कारण त्रिविको पठनपाठन तथा अन्य सेवामा समस्या उत्पन्न हुने गरेको छ ।

सेवा-सुविधा : आंशिक शिक्षकका लागि त्रिविको जागिरभन्दा त्रिविका लागि आंशिक शिक्षकको आवश्यकता बढी छ । तर, आंशिक शिक्षकले पाउने सेवा-सुविधा हेर्ने हो भने अत्यन्त दयनीय अवस्था छ । पहिले रु. ३६० प्रतिपिरियड दिने त्रिविले अहिले प्रतिघन्टा रु. ५९० भनेर तोकेको छ, तर सबै क्याम्पसमा ६० मिनेटको कक्षा हुन्न । जहाँ ४० मिनेटको कक्षा हुन्छ, त्यहाँ करकट्टी गरेर रु. ३३५ मात्र हातमा आइपुग्छ । जब पैसाको कुरा आउँछ म मेरो सुरुवाती दिन सम्झन्छु । ०७३ साउनमा स्नातकोत्तर तह सकेपछि मलाई थप अध्ययन अगाडि बढाउन मन थियो, त्यसैले, उपत्यकाबाहिरभन्दा काठमाडौंमै केही गर्न पाए हुन्थ्यो भन्ने लागेको थियो । सोही सालको मंसिरदेखि त्रिचन्द्र क्याम्पसमा आंशिक रूपमा पढाउन थालें । त्यतिवेला तलब



थियो रु. २४० जसमा १५ प्रतिशत करकट्टी गरी रु. २०४ आउँथ्यो, सातामा १२ पिरियड मेरो कक्षा थियो जसअनुसार महिनामा बिदा नपर्दा जम्मा रु. ९७९२ हात पर्थ्यो । सो कुरा थाहा पाएपछि मेरा बुबाले घर आएर बसिदे मात्रै म बसेको मात्रै महिनामा १० हजार दिन्छु भन्नुभएको आजै जस्तो लाग्छ । क्याम्पसबाट तलब आउन ०७४ को असार कुर्नुपऱ्यो । अहिले धेरै क्याम्पसमा विद्यार्थी घटेसँगै पिरियड पनि घटेका छन् । जसले गर्दा आंशिक शिक्षकको अवस्था झनै दयनीय भएको छ ।

कतिपय क्याम्पसमा पैसा लिन वेलावेला तालाबन्दी गर्नुपरेको कुरा साथीभाइबाट सुन्नुपर्छ अझै पनि । गरिराखेको कामबाट अर्को बाटो फेर्न पनि गाह्रो, त्यही काम गरेर गुजारा चलाउन पनि गाह्रो । त्रिविको अर्को परीक्षा हुन्छ कि भनेर कुर्दाकुर्दै जीवनको ऊर्जाशील समय व्यतीत गर्नुभएका शिक्षकलाई उचित व्यवस्थापन गर्न मन्त्रालय र नवनियुक्त मन्त्रीको ध्यान जान जरुरी छ ।

कलेजले वेलामै पैसा नदिनुमा पनि आफ्नै समस्या छन् । अहिले सरकारले दिने सहयोगको भरमा त्रिवि चलेको छ । त्रिविसँग अचल सम्पत्ति प्रशस्त छ, तर त्यसको समुचित प्रयोग हुन सकेको छैन । अहिले धेरै संस्था तथा त्रिविको विकल्प बन्छु भनेर आएका विश्वविद्यालयको पनि आँखा त्यही सम्पत्तिमाथि रहेको तथ्य लुकाएर भन्नुपर्ने अवस्था छैन । विश्वविद्यालयमा आएको नयाँ नेतृत्वले पक्कै यस विषयमा सहयोग गर्ला । त्योभन्दा अगाडि सरकारले त्रिविलाई दिने सहयोगमा तत्काल वृद्धि गर्नुपर्ने देखिन्छ भने समयानुकूल रूपमा क्याम्पसले लिने शुल्कमा पनि पुनरावलोकन गर्न जरुरी देखिन्छ । स्नातक तहमा भएका कतिपय क्याम्पसमा प्रतिविद्यार्थी करिब ६ देश आठ हजार प्रतिवर्ष पढाउन क्याम्पसहरू बाध्य छन् । करिब एक दशकदेखि त्यो शुल्क यथावत् छ । एकाध प्रतिशत विद्यार्थीलाई त्यही शुल्क पनि धेरै हुन्छ, तर त्यो शुल्क परिमार्जन गर्नुपर्ने देखिन्छ । कतिपय विषयको शुल्क अनावश्यक रूपमा चर्को छ, जुन समायोजन पनि हुनुपर्छ ।

> त्रिभुवन विश्वविद्यालयका अधिकांश समस्या विश्वविद्यालय र तालुकदार मन्त्रालयहरूको समन्वयमा समाधान गर्न सकिने खालका छन् । नवनियुक्त शिक्षामन्त्रीका निम्ति त्रिविको सुधार चुनौती र अवसर दुवै हो ।

यसका साथै बजेटका कारण कतिपय विषयमा क्रमिक रूपमा हुनुपर्ने बढुवा रोकिएको अवस्था छ । नियमित रूपमा अध्यापन गराइरहनुभएका शिक्षकहरूको सरुवा-बढुवामा विभागीय प्रमुखहरूको मनोमानी चल्ने तथा सहकर्मीबीच अस्वस्थ प्रतिस्पर्धा हुने गरेका चर्चा पनि वेलावेला सुनिन्छ । कतिपय प्राध्यापकको अन्तर्वार्ता हुने वेलामा अरू विषयको नियमित रूपमा हुने र अमुक विषयको चाहिँ अन्तर्वार्ताको ठीक अगाडी त्रिवि सेवा आयोगमा तालाबन्दी हुने गरेका दृष्टान्त पनि लुकेका छैनन् ।

शिक्षा र रोजगारी : हुन त पढ्ने जागिर खानका लागि होइन, भनिन्छ तैपनि जागिर धेरैका लागि अपरिहार्य छ । तर, त्रिवि र अन्य क्याम्पसमा चलेका कतिपय कार्यक्रम अहिले बेरोजगार उत्पादन गर्ने कारखानाजस्ता बनेका छन् । त्रिविमा विज्ञान तथा प्रविधि संकायअन्तर्गत सूक्ष्म विज्ञान विषयको पढाइ हुन्छ । तर, नेपाल स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट स्नातक तथा स्नाकोतर तह उत्तीर्ण हजारौं विद्यार्थीले प्रमाणपत्र नपाएका कारण बेरोजगार बस्नुपरेको छ । २०२० को कोभिड महामारीका वेला केहीले स्वयंसेवकका रूपमा काम गरेर योगदान पुऱ्याए पनि । तर, राज्यले सो विषय पढ्ने विद्यार्थीलाई न्याय दिन सकेको छैन । त्रिविअन्तर्गतका अरू केही विषय पनि त्यही अवस्थामा छन् । त्यस्ता कार्यक्रम आवश्यक छैनन् भने बन्द गर्नुपर्छ । होइन, आवश्यक छन् भने समुचित रूपमा तिनले आफूले सिकेको ज्ञान र सीप प्रयोग गरी जीविकोपार्जन गर्न सहयोग गर्न मन्त्रालयले सहयोग गर्नुपर्छ ।

विश्वविद्यालयमा अनुसन्धान : नेपाली विश्वविद्यालयबारे बारम्बार उठ्ने विषय हो अनुसन्धान । संसद्मा वर्तमान शिक्षामन्त्री सुमनाले भनेजस्तै विश्वविद्यालय अनुदान आयोगले दिने पैसा ठीकैसम्म छ । यहाँ लघु अनुसन्धानका लागि भनेर प्राध्यापकहरूलाई दिइने अनुदान रकम एक लाखबाट सुरु हुन्छ । त्यसबाट स्नातकका भए दुईजना विद्यार्थीलाई शोध गराउनुपर्छ । नियमानुसार १० प्रतिशत क्याम्पसलाई दिनुपर्छ । अनि सो अनुसन्धान गर्न सात दिनभन्दा बढी स्थलगत भ्रमणमा जानुपर्दा माथिल्लो निकायबाट अनुमति लिनुपर्छ । अनुसन्धानका लागि रकम अपुग पनि छैन, तर प्रक्रियागत झन्झटका कारण अनुसन्धान अगाडि बढाउन सहज छैन ।

अन्त्यमा : त्रिभुवन विश्वविद्यालयमा धेरै समस्या छन्, तर धेरैजसो समस्या त्रिवि र तालुकदार मन्त्रालयहरूको समन्वयमा समाधान गर्न सकिने खालका छन् । नवनियुक्त शिक्षामन्त्रीका निम्ति त्रिविको सुधार चुनौती र अवसर दुवै हो । विश्वविद्यालयको नयाँ नेतृत्वलाई सहयोग गरी आवश्यक स्रोत जुटाउन सहजीकरण गरिदिने हो भने सुधार असम्भव छैन । अनि, त्रिविको नयाँ नेतृत्वले पनि शिक्षामन्त्री र मन्त्रालयको नीति तथा निर्देशन कार्यान्वयनमा आलटाल नगरी सघाउनुपर्छ । नियमित अनुगमन तथा अन्य सहयोग गर्ने हो भने राष्ट्र-निर्माणका निम्ति चाहिने जनशक्ति उत्पादन गर्न त्रिवि सक्षम हुनेछ । विगतमा बोलेका कुरा व्यवहारमा देख्ने अपेक्षासहित, सफल कार्यकालको शुभकामना ।

(उपप्राध्यापक अर्याल त्रिविअन्तर्गतको पद्मकन्या बहुमुखी क्याम्पसमा कार्यरत छन्)

---

३ प्रश्न

विश्लेषक
हरि रोकालाई



नयाँ सत्तागठबन्धनलाई कसरी हेर्नुभएको छ ?

अहिलेको गठबन्धन करिब एक महिनाको कसरतबाट बनेजस्तो देखिन्छ । कुनै पनि गठबन्धन बन्नका लागि सिद्धान्त, विचार र कार्यक्रममा तालमेल हुनुपर्छ । तर, अहिलेको सत्तागठबन्धनको न्यूनतम सहमतिको साझा कार्यक्रम कस्तो हुने हो, त्यसको रूपरेखा बाहिर आएको छैन । यसको अर्थ यो गठबन्धन सैद्धान्तिक तथा वैचारिक आधारमा बनेको होइन भन्न सकिन्छ । अंक गणितका आधारमा यो सरकारले विश्वासको मत पाउन कठिन छैन । तर, स्थायित्व हुन्छ नै भनेर दुक्क हुने अवस्था भने छैन ।

विपक्षीहरूको गठबन्धन बनाउने कांग्रेसको प्रयासलाई के भन्नुहुन्छ ?

कांग्रेसले सत्तारूढ गठबन्धनलाई वाम गठबन्धनको नाम दिएर आफूले लोकतान्त्रिक शक्तिहरूलाई एकत्रित गर्ने नाममा गठबन्धन बनाउन खोजेको हो । तर, जसरी सत्तारूढ गठबन्धनमा आबद्ध दलहरूबीच वैचारिक, सैद्धान्तिक तथा कार्यक्रमका आधारमा ठूलो खाडल छ, ठीक त्यसैगरी कांग्रेसले बनाउन खोजेको लोकतान्त्रिक गठबन्धनभित्र पनि ठूलै समस्या छ । गठबन्धन गर्न सामाजिक, आर्थिक, राजनीतिक, कूटनीतिकलगायत हरेक क्षेत्रमा न्यूनतम साझा विन्दु खोजिनुपर्छ । तर, सत्ताबाट बाहिरनुपरेको आक्रोशमा बनाउन खोजिएको विपक्षीहरूको गठबन्धनभित्र त्यस्तो साझा विन्दु कुनै देखिन्न । त्यसैले, यो गठबन्धन गतिलो र प्रभावशाली होलाजस्तो लाग्दैन ।

गठबन्धनको राप र तापमा दलहरू फुट्न या जुट्न सक्ने सम्भावना कति देख्नुहुन्छ ?

त्यस्तो सम्भावना धेरै देखिन्छ । भौतिक रूपमा नफुटे पनि कांग्रेसभित्रै त्यस्तो समस्या देखिन्छ । अहिले नयाँ गठबन्धन बन्नुमा कांग्रेसको शेखर कोइराला समूहले कोशीमा गरेको विद्रोह पनि जिम्मेवार छ । महासमितिमा उठेको हिन्दू धर्मको एजेन्डा पनि कारक छ । त्यसैले, दलहरू फुट्न या जुट्न असम्भव छैन ।

प्रेरक प्रसंग

कोइलीको सन्देश

एक बिहान पूर्ण र अपूर्ण प्रातः भ्रमणका क्रममा जंगलतिर गए । शान्त जंगललाई चराचुरुंगीको चिर्बिराहटले मनमोहक बनाएको थियो । दुवै मित्र रमाउँदै जंगल घुम्दै थिए । नजिकैको रूखबाट कोइलीको कुहुकुहुको सुमधुर आवाज आयो । पूर्ण र अपूर्ण दुवै अन्धविश्वासी थिए । उनीहरूलाई कोइलीको आवाज शुभ सन्देशले भरिएको हुन्छ भन्ने भ्रम थियो । दुवैले कोइलीको आवाज आ-आफ्ना लागि मंगलसूचक ठाने । पूर्णले भन्यो- कोइलीले मलाई शुभ सन्देश दिइरहेको छ । आज मलाई निकै ठूलो सफलता प्राप्त हुनेछ । अपूर्णले थप जोसिँदै भन्यो- कहाँ तिम्रा लागि शुभ सन्देश दिएको हुनु नि ? उसले त मलाई पो मंगल सन्देश दिएको हो ! मलाई आज धेरै धन प्राप्त हुनेछ । किनकि, म तिमीभन्दा बढी नै भाग्यशाली छु । बिहानबिहानै स्वच्छ मौसमको आनन्द उठाउनुको साटो पूर्ण र अपूर्ण तँतँ र मम गर्दै झगडामा उत्रिए । कोइलीको आवाज दुवैले आफ्ना लागि शुभ सन्देश भएको भन्दै जिद्दी गरिरहे । भनाभन चर्किंदै गएपछि दुवै कुटाकुटमा उत्रिए । दुवै गम्भीर घाइते भए । घाइते अवस्थाका दुवैलाई स्थानीयले अस्पताल पुऱ्याए ।



अस्पतालमा डाक्टरले उनीहरूलाई यसरी घाइते हुनुको कारण सोधे । दुवैले पालैपालो घटनाको बेलीविस्तार लगाए । डाक्टरलाई घटनाबारे बताइसकेपछि उनीहरूले सोधे- अब तपाईं नै भन्नुहोस् त डाक्टरसाब, त्यो कोइलीले कसका लागि शुभ सन्देश दिएको थियो ? डाक्टर एकैछिन गम्भीर भए र हल्का मुस्कुराउँदै जवाफ दिए- हेर्नुहोस्, मेरो विचारमा कोइलीले मेरा लागि शुभ सन्देश दिएको थियो । उनीहरूले डाक्टरको भनाइको आशय बुझेनन् । उनीहरूले प्रश्न गरे- कसरी ? डाक्टरले भने- तपाईंहरू यसरी घाइते भएर आएपछि मेरो मंगल भएन ? मेरा लागि शुभ संकेत भएन ? डाक्टरको जवाफ सुनेर दुवै मित्रले लाजले मुख रातो बनाए । उनीहरूले आफ्नो गल्ती थाहा पाए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सेवा प्रवाह सहज बनाऊ

नेपालमा जुनसुकै सेवा लिन जुनसुकै कार्यालयमा पुगे पनि घन्टौं लामो लाममा बस्नुपर्छ । फेरि एउटै सेवा लिन पनि कैयौं चोटाकोठा चहार्नुपर्छ । गाउँठाउँबाट आउने सर्वसाधारणका लागि यस्तो झन्झटिलो सेवा आकाशको फल बन्ने गरेको छ । अहिलेको प्रविधिको जमानामा पनि यति झन्झटिलो सेवा प्रवाह त संसारको कुनै पनि देशमा हुँदैन होला । के हाम्रो देशमा चाहिँ सरल र झन्झटरहित सेवा प्रवाह हुन सक्दैन हो ? के अनलाइनमार्फत सम्पूर्ण प्रक्रिया पूरा गरेर हुलाकमार्फत घरघरमा आवश्यक कागजपत्र पुऱ्याउने व्यवस्था गर्न सकिन्न ? अनलाइनमार्फत ट्राफिक जरिवाना तिरिसकेपछि हुलाकमार्फत सवारीचालक अनुमतिपत्रलगायत कागजपत्र सम्बन्धित व्यक्तिको घरठेगानामै पुऱ्याउन सके कति जाति हुँदो हो ?

● **सुजिता कायस्थ,** बालकोट, भक्तपुर

शिक्षामन्त्रीलाई शुभकामना

पछिल्लो गठबन्धनबाट मन्त्री बनेकामध्ये राष्ट्रिय स्वतन्त्र पार्टीकी सुमना श्रेष्ठबाहेक अरू कोही पनि आशालाग्दा छैनन् । शिक्षामन्त्रालयको जिम्मेवारी सम्हालेकी मन्त्री श्रेष्ठले पछिल्ला समयमा संसद् र संसदीय समितिमा खेलेको जिम्मेवार भूमिकाले गर्दा उनीमाथि हामी जनताको धेरै ठूलो विश्वास छ । देशको शिक्षा क्षेत्र अहिले अस्तव्यस्त छ । यसलाई सम्हाल्ने हो भने उनले बलियो नीतिगत व्यवस्थापनसँगै प्रशासनिक सुधारमा पनि बलियो हस्तक्षेप गर्न सक्नुपर्छ । शिक्षामन्त्री श्रेष्ठलाई शुभकामना !

● **अञ्जना पुर्कोटी**
नागार्जुन, काठमाडौं

नेपाली क्रिकेटरलाई बधाई

नेपाली क्रिकेटरले आसिसी वरीयतामा फड्को मारेको समाचार पढ्दा खुसी लाग्यो । यसका लागि वरीयतामा फड्को मार्ने सम्पूर्ण नेपाली क्रिकेट खेलाडीलाई हार्दिक बधाई छ । खेलाडीको वरीयता सुधार हुनुको अर्थ नेपाली क्रिकेटको स्तर माथि उठ्नु हो । अबका दिनमा नेपाली क्रिकेटरले आफ्नो वरीयतासँगै नेपालको समेत वरीयता उकास्ने गरी खेल क्षमता प्रदर्शन गर्न सक्नुपर्छ । सरकारले पनि क्रिकेटमा लगानी बढाओस् । अन्यथा, खेलाडीको वरीयतामा सुधार हुनुको अर्थ हुँदैन ।

● **विनोद राई**
सातदोबाटो, ललितपुर

व्यवस्था परिवर्तनको सार्थकता खै ?

देश र जनताको अवस्थामा परिवर्तन आए मात्र व्यवस्था परिवर्तन हुनुको सार्थकता झल्किने हो । सरकार परिवर्तन हुँदा पनि हरेक पछिल्लाले अघिल्लाले भन्दा बढी राम्रो सुशासन र सेवा प्रवाह दिन सक्नुपर्छ । नत्र व्यवस्था र सरकार परिवर्तन हुनुको कुनै अर्थ रहँदैन । हामीकहाँ पछिल्लोपटक गणतन्त्र आएपछि पुरानै पात्रले हाँकेका एकसेएक नयाँ सरकार आए । त्यसमा पनि समाजवाद-साम्यवादको भाषण दिने कम्युनिस्ट सरकार ! एउटा पार्टीको कम्युनिस्ट सरकार नभएर दुईओटा अति नै 'लोकप्रिय' र 'क्रान्तिकारी' पार्टीको संयुक्त सरकार बनेको पनि यो दोस्रोपटक भइसक्यो । हरेकपटक नयाँ मन्त्री आए, आउँदै छन् र पालो पुऱ्याउँदै छन् । शपथ खाँदै छन् । स्वागत हुँदै छ ।

हिजो एक-अर्काको पोल खोल्नेहरू, एक-अर्कालाई देख्नै नसकेर पानी बारम्बार गर्नेहरू आज गला मिलाउँदै छन् । यस्तो देखेपछि जनताले 'यी सबै एउटै रहेछन्' भनेर चिनिसके । र पनि उनीहरू आफूलाई हरेकपटक अब 'गल्ती नगर्ने' नयाँ पात्रका रूपमा चिनाउँछन् । तर, पत्याउने कसले ?

नयाँ सरकार, नयाँ मन्त्री भनेर पत्याउने हुनका लागि त भ्रष्टाचार, दण्डहीनता, अन्यायको अन्त्यका लागि केही उल्लेखनीय काम गर्नुपऱ्यो । अनेक काण्डको किनारा लाउनुपऱ्यो । मितव्ययिता र सादा जीवनको उदाहरण आफैं बनेर देखाउनुपऱ्यो । तर, यस्तो अपेक्षा जनताका लागि 'आकाशको फल आँखा तरी मर'सरह भएको छ ।

● **अनिमेष पाठक,** सिद्धिचरण मार्ग, ओखलढुंगा

रुसले युक्रेन युद्ध जितिरहेको छैन

युक्रेन युद्धको प्रारम्भिक धक्काबाट निको हुँदै छ र यदि बलियो विदेशी सहायता जारी रह्यो भने युद्धमा युक्रेन अगाडि हुनेछ



देश/विदेश

● एनेस्तासिया फिदिक ● युरिय गोरोद्नचेन्को

पूर्णस्तरको आक्रामक युद्धको दुई वर्ष पुगिरहँदा रुसले युक्रेनको पूर्वाधारमाथिको आक्रमण जारी राखेको छ र युक्रेनले पनि ठूलो सैन्य र आर्थिक क्षतिको सामना गर्दै आफ्नो लचिलोपन प्रदर्शन गरिरहेको छ । सन् २०२२ को अन्त्य सम्ममा युक्रेनको जिडिपी लगभग ३० प्रतिशतले संकुचित भएको थियो र मुद्रास्फीति १० प्रतिशतबाट २६.६ प्रतिशतसम्म पुगेको थियो । एक करोडभन्दा बढी युक्रेनी विस्थापित भएका थिए र बेरोजगारी दर २४.५ प्रतिशत पुगेको थियो । युक्रेनको राष्ट्रिय बैंकले अमेरिकी डलरको तुलनामा आफ्नो मुद्रा २९ बाट ३६.५७ रिब्नियामा अवमूल्यन गरेको थियो ।

तर, यस अँध्यारोकालबाट गुज्रेको युक्रेनी अर्थतन्त्रले लचिलोपन र सुधारको संकेत देखाएको छ । डिसेम्बर २०२३ मा अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले असंख्य चुनौतीका बाबजुद युक्रेनको समग्र आर्थिक सूचक 'आशा गरेभन्दा बलियो' भएको फेला पाऱ्यो । आइएमएफले युक्रेनका लागि आफ्नो २०२३ को जिडिपी वृद्धि प्रक्षेपणलाई दुई प्रतिशतबाट ४.५ प्रतिशतमा परिमार्जन गरेको थियो र यसले मुद्रास्फीति ५.५ प्रतिशतमा झर्ने अपेक्षा गरेको छ । मुद्रास्फीति सुस्त भएपछि युक्रेनको राष्ट्रिय बैंकले आफ्नो निश्चित विनिमयदरलाई 'व्यवस्थापित लचिलो' बनाएको छ ।

ब्याजदर सन् २०२३ को सुरुमा २५ प्रतिशतबाट झरेर लगभग १५ प्रतिशतमा पुगेको छ ।

यसैबीच रुसको अर्थतन्त्रले भने तनावको संकेत देखाएको छ । अमेरिकी अर्थ मन्त्रालयको प्रतिवेदनअनुसार युक्रेनमा आक्रमणपछि रुसको अर्थतन्त्र पाँच प्रतिशतले ओरालो लागेको छ । विभिन्न प्रतिबन्धले रुसको अर्थतन्त्रको वृद्धिलाई साँच्चिकै सीमित गरेको छ जसले ब्याजदर उच्च बनाएको छ (डिसेम्बर २०२३ मा १६ प्रतिशत) र रुबललाई कमजोर बनाएको प्रतिवेदनले उल्लेख गरेको छ । सन् २०२३ को सुरुवात र गत अक्टोबरसम्म विनिमयदर प्रतिडलर ६९ रुबलबाट सय प्रतिडलर पुगेको छ ।

हालसालै विनिमयदर घटेर ८८-९३ मा पुगेको छ र यसका पछाडि रुसी केन्द्रीय बैंकले पुँजी नियन्त्रण गरेर मुद्रालाई बलियो बनाउने प्रयास रहेको छ । ४३ उद्योगमा रुसी निर्यातकर्ताले अब प्राप्त विदेशी मुद्राको ९० प्रतिशत रुबलमा साटासाट गर्नुपर्नेछ । हतारोमा लागू गरिएका यस्ता कठोर रणनीतिले रुसको अनिश्चित वित्तीय प्रणालीमा प्रभाव पार्नेछ, जसले विनिमयदरमा थप अस्थिरता ल्याउन सक्छ ।

युद्ध विशेषतः युक्रेनकै क्षेत्रमा भइरहेको छ । रुसले युक्रेनको उत्पादन, यातायात मार्ग, शैक्षिक संस्था र नागरिक पूर्वाधारमा प्रत्यक्ष रूपमा प्रहार गरिरहेको छ । सन् २०२२ को हिउँदेयाममा आठ अर्ब ८० करोड डलरबराबरको ठूलो क्षतिका अतिरिक्त साना व्यवसायले पनि क्षति व्यहोरेका थिए । युक्रेनी संसद्को वित्त, कर, र भन्सार नीति समितिका अध्यक्षका अनुसार यी अवरोधका दूरगामी समग्र आर्थिक प्रभाव थिए जसले अर्थतन्त्रलाई प्रत्येक दिन '२० करोड डलरभन्दा बढी गुमाउने' जोखिममा पुऱ्याएको थियो । तर, अहिले युक्रेन उभ्रिसकेको छ । त्यसयता युक्रेनले



तस्बिर : रोमन पिलिपे/एएफपी

२०२२ पछि रुसी नौसेनाले कृष्ण सागरबाट दुई करोड टन अन्न निर्यात हुनबाट रोकेको थियो र युक्रेनको बन्दरगाहमा राखिएका 'हजारौं टन अन्न' नष्ट गरेको थियो । तर, जुलाई २०२३ मा रुसले राष्ट्रसंघ समर्थित ब्ल्याक सी सम्झौताका कारण युक्रेनले अर्को महिना नयाँ जहाजको बाटो स्थापना गर्न सफल भएको थियो । युक्रेनका लागि अमेरिकी राजदूत ब्रिजेट ए ब्रिंकले जनवरीको मध्यसम्ममा नयाँ जहाज मार्गमा एक करोड ६५ लाख टन अन्न नष्ट भएका थर्मल पावरप्लान्टको कम्तीमा ६२ प्रतिशत, जलविद्युत् प्लान्टको ६८ प्रतिशत र ८० प्रतिशत पावरलाइन मर्मत गरिसकेको छ । यद्यपि, पर्याप्त हवाई सुरक्षाको अभाव भएका हिस्सामा रुसी हवाई आक्रमण गम्भीर खतरा बनेका छन् । रुसी आक्रमणले युक्रेनी निर्यातमा पनि अवरोध पुगेको छ । युक्रेन विश्वको प्रमुख अन्न आपूर्तिकर्तामध्ये एक हो र औसतमा अन्न निर्यात युक्रेनको वार्षिक जिडिपीको करिब १० प्रतिशत हो । फेब्रुअरी ढुवानी गरिसकिएको जानकारी दिएका थिए जब कि राष्ट्रसंघको मध्यस्थतामा भएको सम्झौताले पूरै वर्षमा तीन करोड ३० लाख टन मात्रै पठाएको थियो । रुसका सन्दर्भमा अधिकांश आर्थिक घाटा आफ्नै गलत प्रबन्धन र पश्चिमा प्रतिबन्धको परिणाम हो । सैन्य हताहती र भर्तीबाट नागरिकको पलायनले गर्दा रुसले 'जनसांख्यिकी संकट'को सामना गरिरहेको छ । यसबाहेक तेल र ग्यासको राजस्व घट्दै छ र पश्चिमा उत्पादनका पार्टपुर्जा र उपकरणको व्यापक अभावले रुसी अर्थतन्त्र कमजोर भएको छ । आर्थिक प्रतिबन्धले युद्ध नरोकिए पनि रुसी अर्थतन्त्रलाई तनावमा पार्न सफल भएको छ ।

निःसन्देह रुसले यी सबै समस्या आफैंले निम्त्याएको हो । रुसले पक्कै पनि सैन्य वा आर्थिक मोर्चामा युद्ध जित्न सक्दैन । युक्रेन युद्धको प्रारम्भिक धक्काबाट निको हुँदै छ र यदि बलियो विदेशी सहायता जारी रह्यो भने युक्रेन युद्धमा अगाडि हुनेछ । अमेरिका, नर्वे, जर्मनी, र अन्यले दिएको हवाई प्रतिरक्षाले गत हिउँदमा युक्रेनको ऊर्जा पूर्वाधारमा रुसी आक्रमणलाई निष्प्रभावी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

पश्चिमले युक्रेनलाई आर्थिक र सैन्य सहायता जारी राख्नुपर्छ र रुसलाई युद्ध छेड्न आवश्यक पर्ने स्रोतबाट वञ्चित गर्न आर्थिक प्रतिबन्धलाई कडा बनाउनुपर्छ । दोस्रो तहको प्रतिबन्धले रुसी व्यापार र वित्तमा विद्यमान अवरोध लागू गर्न केन्द्रीय भूमिका खेल्न सक्छ । यी सबै युक्रेनको रक्षार्थ सहयोग गर्न तत्काल आवश्यक छ ।

(फिदिक क्यालिफोर्निया विश्वविद्यालयका वित्तशास्त्रका उपप्राध्यापक हुन् भने गोरोद्नचेन्को अर्थशास्त्रका प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

आम आदमी–कंग्रेस गठबन्धनले द्विविधामा पार्न सक्छ मतदातालाई

एउटा राज्यमा सहयोगी र अर्को राज्यमा शत्रुताले गठबन्धनप्रति मतदातामा अन्योल



● अमिताभ तिवारी

अमिताभ तिवारी राजनीतिक रणनीतिकार तथा टिप्पणीकार हुन् । उनी पूर्वकर्पोरेट र लगानी बैंकरसमेत हुन् ।



तस्बिर : एएनआई

कंग्रेसले दिल्ली, पन्जाब र गुजरातमा आफ्नै बलबुतामा बढेको आम आदमीसँग सौहार्दपूर्ण सम्बन्ध बनाएको छ

पश्चिम बंगाल, पन्जाब र बिहारमा लगातार झट्का लागेपछि आइएनडिआइए गठबन्धन समर्थकका लागि यो साता खुसीको खबर छ । गत साता उत्तर प्रदेशमा समाजवादी पार्टी (एसपी)सँग सम्झौता गरेपछि कंग्रेसले ४६ सिट समेट्ने पाँच राज्य/केन्द्र शासित प्रदेशहरूमा आम आदमी पार्टी (एएपी)सँग सिट साझेदारी सम्झौतालाई अन्तिम रूप दियो । आगामी लोकसभा चुनावमा कंग्रेसले अरविन्द केजरिवालको पार्टीलाई भाजपाविरुद्ध संयुक्त मोर्चा खडा गर्न पर्याप्त स्थान दिएको छ ।

पन्जाबमा दुई पार्टीले छुट्टाछुट्टै चुनाव लड्ने निर्णय गरेपछि दिल्लीमा आम आदमी-आइएनसी गठबन्धन बन्ने आशा सुरुमा मरेको थियो । तर, दुवै दलको नेतृत्वलाई श्रेय दिँदै उनीहरूले अन्ततः वार्तामाटै सिट बाँडफाँडमा आफ्नो बाटो तय गरे ।

कंग्रेस सहयोग गर्न इच्छुक

कंग्रेसले ठूलो हृदय देखाएको छ, जसलाई पछिल्ला केही महिनामा धेरै विश्लेषकले उसमा त्यस्तो साहसको कमी भएको आरोप लगाउँदै आएका थिए । सन् २०१९ को आम चुनावमा उच्च भोट प्राप्त गरे पनि आगामी चुनावमा कंग्रेसले दिल्लीमा थोरै संख्यामा सिट (तीन सिट) साझेदारीलाई स्वीकार गरेको छ ।

हरियाणामा कंग्रेसले आम आदमीलाई एउटा सिट छाडेको छ, जहाँ यसको सीमित उपस्थिति छ भने गुजरातमा यसले दुई सिट छाडेको छ । आम आदमीले सन् २०२२ को विधानसभा चुनावमा गुजरातमा १३ प्रतिशत भोट प्राप्त गर्दै र भाजपालाई १५० भन्दा बढी सिटको रेकर्ड जित हासिल गर्न सहयोग गर्दै सानदार डेब्यु गरेको थियो । यद्यपि, गोवामा राम्रो उपस्थिति भए पनि आम आदमीले कंग्रेसलाई समर्थन गर्नेछ । चण्डीगढमा पनि उस्तै छ । त्यहाँ आम आदमीका मेयर छन् ।

सम्झौतापछि राज्यहरूमा कंग्रेसको स्थानीय नेतृत्वबाट केही विरोधको सामना गर्नुपरेको छ । आम आदमीको उदयपछि पार्टी दिल्लीमा लगभग शून्य सिटमा सीमित भएको छ र सन् २००८ बाट उसले लगभग ३५ प्रतिशत भोट गुमायो । आम आदमीको ५० प्रतिशतभन्दा बढी हिस्सा धेरै हदसम्म कंग्रेसको ७० प्रतिशत र अन्य दलहरूको ३० प्रतिशत भोटबाट आएको छ ।

पन्जाब, गुजरात, दिल्लीमा आम आदमी पार्टीको प्रभाव

पन्जाबमा कंग्रेसको भोट सेयर २०१२ मा ४० प्रतिशतबाट घटेर सन् २०२२ मा २३ प्रतिशतमा पुगेको छ । सोही अवधिमा अकाली दलको हिस्सा ३५ प्रतिशतबाट १९ प्रतिशतमा झरेको छ । आम आदमीले यी दुवै पार्टीको भोटिङ क्षेत्र खोक्रो बनाएको छ । हाल ४२ प्रतिशत भोट सेयरको कमान्ड रहेको आम आदमीले सन् २०२२ मा कुल ११७ सिटमध्ये ९२ सिट जितेर राज्यमा क्लिन स्विप गऱ्यो । भारतीय जनता पार्टी (भजपा)को भोट सेयर यस अवधिमा लगभग सात प्रतिशतमा अप्रभावित रह्यो । यद्यपि, पन्जाबका लागि कुनै सम्झौता टुंगिएको छैन । यहाँ कंग्रेस र आम आदमी दुवैले आफ्ना १३ सिटका लागि स्वतन्त्र रूपमा चुनाव लडेका छन् ।

गुजरातमा कंग्रेसले सन् २०२२ मा २७ प्रतिशत भोट सेयर पायो, जुन सन् २०१७ मा भन्दा १५ प्रतिशत कम हो । यहाँ आम आदमीले १३ प्रतिशत भोट सेयर हासिल गऱ्यो । वास्तवमा कंग्रेसले दिल्ली, पन्जाब र गुजरातमा आफ्नै बलबुतामा बढेको

> केही विश्लेषक पछिल्लो घटनाक्रमलाई व्यावहारिक राजनीतिको युगका रूपमा हेर्छन्, जहाँ कट्टर विरोधी पनि एक विशेष चुनावमा साझा शत्रुलाई परास्त गर्न एकसाथ आउन सक्छन् । भाजपाले यो गठबन्धनलाई अवसरवादीको रूपमा चित्रण गर्ने प्रयास गरिरहेको छ ।

आम आदमीसँग सौहार्दपूर्ण सम्बन्ध बनाएको देखिन्छ । आम आदमीको उपस्थितिले भाजपालाई गुजरात र गोवामा केही हदसम्म मद्दत गरेको छ । दिल्ली र पन्जाबमा यसले कंग्रेसबाट सत्ता खोसेको छ ।

मौलिक भ्रष्टाचारविरोधी योजना

वास्तवमा आम आदमीको मूल संगठन 'इन्डिया अगनेस्ट करप्सन युपिए-सेकेन्ड' विरुद्धको भ्रष्टाचार आरोपबाट जन्मेको थियो । यसको राजनीति सुरुमा धेरै हदसम्म कंग्रेसविरोधी थियो, जुन अहिले भाजपाविरोधीमा रूपान्तरण भएको छ, किनभने यो आज ध्रुवीय स्थानमा छ ।

तथापि, चुनावी रूपमा गठबन्धनले गुजरातमा उल्लेखनीय प्रभाव नपर्न सक्छ, जहाँ भाजपाको भोट उच्च छ र हरियाणामा आम आदमीलाई कुनै स्थापित समर्थन छैन । यद्यपि आम आदमी पार्टी र कंग्रेसको संयुक्त मत हिस्सा भाजपाको भन्दा कम रहेको दिल्लीमा भाजपाले आफ्ना उम्मेदवार परिवर्तन नगरेमा गठबन्धनले राम्रो प्रभाव पार्न सक्छ । भाजपाका अधिकांश उम्मेदवारविरुद्धमा सत्ताविरोधी भावना चलिरहेको छ ।

सिपिआई (एम) र कंग्रेसबीच परीक्षण

एउटा राज्यमा सहयोगी र अर्को राज्यमा शत्रु हुनुले मतदाताको मनमा भ्रम पैदा गर्छ । कंग्रेसले पश्चिम बंगालमा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)सँग यस्तै परीक्षण गरेको थियो । केरलाका प्रमुख प्रतिद्वन्द्वीहरू दुवैले सन् २०१६ र सन् २०२१ मा पश्चिम बंगालमा हात मिलाएका थिए । केरला र बंगालका चुनाव अन्य तीन राज्यहरूसँगै एकै समयमा सञ्चालन हुन्छन् । सन् २०१६ र सन् २०२१ दुवैमा गठबन्धनले ममता बनर्जीलाई हराउन असफल भयो । वास्तवमा सन् २०२१ मा यसले एक सिट पनि जित्न सकेन र सन् २०१६ मा यसले प्राप्त गरेको सिट सन् २०११ को भन्दा कम थियो । गठबन्धनलाई सन् २०२३ मा त्रिपुरामा दोहोऱ्याइएको थियो र यो फेरि भाजपालाई हटाउन असफल भयो । तथ्य के हो भने कंग्रेस र सिपिआई (एम) को प्रतिद्वन्द्वीको लामो इतिहास छ । तसर्थ जब तिनीहरू सँगै आउँछन्, यसले मतदातालाई कुनै प्रभाव पार्दैन ।

व्यावहारिक राजनीतिका दिन

केही विश्लेषकले पछिल्लो घटनाक्रमलाई व्यावहारिक राजनीतिको युगको रूपमा हेर्छन्, जहाँ कट्टर विरोधी पनि एक विशेष चुनावमा साझा शत्रुलाई परास्त गर्न एकसाथ आउन सक्छन् र अरूसँग सुरक्षित दूरी कायम राख्छन् । भाजपाले यो गठबन्धनलाई अवसरवादीको रूपमा चित्रण गर्ने प्रयास गरिरहेको छ । भाजपाले जनता दल (युनाइटेड) (जेडी-यू) लाई राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए)मा पुनः स्वागत गर्नु र महाराष्ट्रमा उपमुख्यमन्त्रीको रूपमा अजित पवारको नियुक्ति सबै व्यावहारिक राजनीतिको अंश हो । एएपी-कंग्रेस गठबन्धन पनि त्यस्तै छ ।

यद्यपि, यहाँ मुख्य मुद्दा त्यो होइन । यस्तो सूत्र प्रयोग गरिएको यो पहिलोपटक होइन । तर, सिपिआई(एम)-कंग्रेस गठबन्धनको अनुभवले मतदातालाई परिस्थितिअनुसार परिवर्तन भइरहने सम्बन्धमा भ्रमित नगर्नु नै राम्रो भन्छ । यो मतदातालाई भ्रममा लैजाने जस्तै हो । २०२४ मा आम आदमी-कंग्रेस गठबन्धनले काम गर्ला त ? जनता जनार्दन हुन् ।

एनडिटिभीबाट

महिला अधिकारको संघर्षमा अग्रस्थानमा फ्रान्स



गर्भपतनको अधिकार सुनिश्चित गर्ने कानुनमा हस्ताक्षरपछि फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रों राजधानी पेरिसमा सर्वसाधारणसँग । तस्बिरः एएफपी

यो साता फ्रान्स औपचारिक रूपमा संविधानमा गर्भपतनको अधिकार सुनिश्चित गर्ने विश्वको पहिलो मुलुक बन्यो । अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर मार्च ८ मा राष्ट्रपति इम्यानुयल म्याक्रोंले गत साता फ्रान्सको संसद्ले पारित गरेको संविधान संशोधनमा हस्ताक्षर गरे । हस्ताक्षरपछि म्याक्रोंले युरोपभर महिलाले यस अधिकारको संरक्षण नपाएसम्म 'आराम' नगर्ने बताए । 'आजको दिन संघर्षको अन्त्य होइन, बरु सुरुवात हो । हामी हाम्रो महादेशमा महिलाको संघर्षको नेतृत्व गर्नेछौं, जहाँ प्रतिक्रान्तिकारी शक्तिले महिला अधिकारमाथिको आक्रमणलाई तीव्र पारेका छन्,' म्याक्रोंले भने ।

गत मार्च ४ मा 'भर्साइल्स दरबार'मा बसेको संसद्को संयुक्त बैठकमा फ्रान्सेली सांसदहरूले संविधानमा गर्भपतनको अधिकारलाई समावेश गर्ने विधेयकलाई अनुमोदन गरे । मतदानमा विधेयकको पक्षमा ७८० मत खसेको थियो भने ७२ जनाले विपक्षमा उभिए । विधेयक पास पाएपछि संयुक्त सत्रमा उपस्थित लगभग सम्पूर्ण सांसदले उभिएर लामो समय सम्मान व्यक्त गरे ।

> अमेरिकी सर्वोच्च अदालतले सन् २०२२ मा गर्भपतनमाथि महिलाको पहुँचलाई सुनिश्चित गर्ने एक फैसलालाई उल्टाउने निर्णय गरेपछि फ्रान्समा गर्भपतनसम्बन्धी अधिकारलाई संवैधानिक संरक्षण गर्न माग उठेको थियो ।

गर्भपतनलाई किन गरियो संविधानिक संरक्षण ?

अमेरिकाको सर्वोच्च अदालतले गर्भपतनसम्बन्धी अधिकार कटौती गरेपछि फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले यस अधिकारलाई संविधानमा लिपिबद्ध गर्ने वाचा गरेका थिए । महिला अधिकारकर्मीले स्वागत गरेको मतदानपछि फ्रान्सभर उत्सवमय दृश्य देखियो । दुवै सदन नेसनल एसेम्ब्ली र सिनेटमा संविधानको धारा ३४ लाई संशोधन गर्ने विधेयक पेस गरिएको थियो । 'फ्रान्स महिला अधिकारको संघर्षमा अग्रस्थानमा छ । मलाई यो भेलाप्रति गर्व छ, जसले गर्भपतन गराउने अधिकार अब हाम्रो आधारभूत कानुनको हिस्सा हुने व्यवस्था गर्दै छ,' संसद्को तल्लो सदनका सभामुख याएल ब्राउन-पिभेटले संयुक्त बैठकको उद्घाटन गर्दै भनेका थिए । प्रधानमन्त्री गेब्रियल एटलले विधेयकलाई लिएर मतदान हुनुअघि सम्बोधन गर्दै भनेका थिए, 'हामी सबै महिलालाई भन्न चाहन्छौं कि तपाईको शरीर तपाईको हो र कसैले तपाईका लागि निर्णय गर्न सक्दैन ।'

अमेरिकी सर्वोच्च अदालतले सन् २०२२ मा गर्भपतनमाथिको महिलाको पहुँचलाई सुनिश्चित गर्ने 'रो वी वेड' फैसलालाई उल्टाउने निर्णय गरेपछि फ्रान्समा गर्भपतनसम्बन्धी अधिकारलाई संवैधानिक संरक्षण गर्न माग उठेको थियो । 'दुर्भाग्यवश, गर्भपतनमाथिको महिलाको पहुँच कटौती गर्ने कार्य अमेरिकामा मात्र देखिएको होइन, युरोपका केही देशलगायत अन्य धेरै ठाउँमा महिलाले चाहेमा गर्भपतन गर्ने अधिकारमा बाधा पुऱ्याउन खोजिँदै छ,' फ्रान्सले पारित गरेको वर्तमान कानुनको परिचय खण्डमा भनिएको छ । 'गर्भपातसम्बन्धी अधिकार संयुक्त राज्यमा खोसियो । यस्तोमा फ्रान्सचाहिँ यस जोखिमबाट मुक्त छ भनेर सोच्न हामीलाई छुट दिँदैन,' फाउन्डेसन डेस फेम्स नामक अधिकार समूहकी लौरा स्लिमानीले भनिन् ।

रुढिवादी दलको आलोचना

फ्रान्समा गर्भपतनलाई संवैधानिक अधिकार बनाउने कार्यको केहीले आलोचना पनि गरेका छन् । विशेषगरी, म्याक्रोंले यस मुद्दालाई राजनीतिक फाइदाका लागि उपयोग गरेको रुढिवादी दल तथा समूहले आरोप लगाएका छन् । यस्तो आरोप लगाउनेमा विशेषतः गर्भपतनविरोधी समूह र मारिन ल पेनलगायतका उग्र दक्षिणपन्थी नेता छन् । ल पेनले यस विधेयकमार्फत म्याक्रोंले राजनीतिक फाइदा हासिल गर्न खोजेको आरोप लगाउँदै भनिन्, 'हामी यस कानुनलाई संविधानमा समावेश गर्ने विपक्षमा छैनौं । तर, यसलाई ऐतिहासिक कदम भन्नु अतिशयोक्ति हो । किनभने, फ्रान्समा गर्भपतन गर्ने अधिकार कोहीबाट पनि जोखिममा छैन ।' ।

उता क्रिस्चियन धर्मभित्रको गर्भपतनविरोधी सम्प्रदाय क्याथोलिक पनि यस पर्विर्तनबाट खुसी छैन । उक्त सम्प्रदायले परिवर्तनको सीधै विरोध नगरे पनि यसलाई अनावश्यक भनेका छन् । 'एसोसिएन अफ क्याथोलिक फ्यामिली'का अध्यक्ष पास्केल मोरिनियर मतदान 'आतंक'को परिणाम भएको बताउँछिन् । 'खासमा हामीले आयातीत बहसका आधारमा यस कानुनलाई अनुमोदन गऱ्यौं । किनकि गर्भपतनसम्बन्धी कानुनको खारेजी संयुक्त राज्य अमेरिकामा भएको थियो, फ्रान्समा होइन,' उनी भन्छिन् 'अमेरिकामा अधिकार खारेज भएपछि नारीवादी आन्दोलनमाझ डर सिर्जना भयो, जसले यस अधिकारलाई संविधानमै लिपिबद्ध गर्न चाह्यो ।' फ्रान्समा सन् १९७४ देखि गर्भपतनसम्बन्धी कानुनी अधिकार लागू छ ।

अल जजिराबाट

इतिहासमा आज

मार्च ११



सन् २०२० : विश्व स्वास्थ्य संगठनले कोभिड- १९ लाई महामारी घोषणा गऱ्यो । कोभिडका कारण विश्वव्यापी रूपमा अहिलेसम्म लाखौंको मृत्यु भएको छ ।

सन् १९३१ : समाचारपत्रका प्रकाशक तथा मेडिया टाइकुन रुपर्ट मुर्डोकको जन्म दिन । न्युज कर्पोरेसन लिमिटेडका संस्थापक मुर्डोक अस्ट्रेलियाको मेलबर्नमा जन्मिएका थिए ।

सन् १९८५ : मिखाइल गोर्भाचेभ सोभियत युनियनको नयाँ नेतामा चुनिए ।

सन् १९९० : लिथुआनियाले आफू स्वतन्त्र भएको घोषणा गऱ्यो । लिथुआनिया स्वतन्त्रता घोषणा गर्ने पहिलो सोभियत राष्ट्र हो । बाल्टिक देशको पृथकीकरणले सोभियत संघको विघटनमा महत्त्वपूर्ण कदम मानियो ।

सन् २००४ : म्याड्रिडको यात्री रेलमा बम विस्फोट हुँदा १९१ जनाको मृत्यु भयो । बम विस्फोट एक इस्लामी आतंकवादी समूहले गरेको थियो । स्पेनको आमचुनाव भन्दा तीन दिनअघि उक्त विस्फोट भएको थियो ।

भारतका शीर्ष निर्वाचन अधिकारीले दिए राजीनामा

नयाँदिल्ली / भारतको निर्वाचन आयोगका दोस्रो उच्च श्रेणीका अधिकारीले राजीनामा दिएका छन् । आमनिर्वाचनको औपचारिक घोषणा हुनुभन्दा केही दिनअघि उनले शीर्ष निर्वाचन अधिकारी अरुण गोयलले राजीनामा दिएका न्याय मन्त्रालयले जनाएको छ । भारतीय राष्ट्रपति द्रौपदी मुर्मूले गोयलको राजीनामा स्वीकृत गरेको कानुन तथा न्याय मन्त्रालयले जनाएको छ । यद्यपि, मन्त्रालयले उनले राजीनामा गरेको कारण भने बताएको छैन । गोयलले 'व्यक्तिगत कारण' देखाई राजीनामा दिएको एनडिटिभी समाचार संस्थाले जनाएको छ । अप्रिल-मेमा हुने निर्वाचनमा करिब एक अर्ब मानिस मतदान गर्न योग्य छन् । निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) लगातार तेस्रोपटक विजयी हुने अनुमान गरिएको छ ।

निर्वाचन आयोगमा अर्का अधिकारी गत वर्ष सेवानिवृत्त भए पनि उक्त पदमा हालसम्म कसैलाई नियुक्त गरिएको छैन । स्थानीय सञ्चारमाध्यमले धेरै चरणमा हुने निर्वाचनको मितिको घोषणा आगामी साता गरिने सम्भावना रहेको बताएका छन् ।

पाल्पा जिल्ला तानसेन नगरपालिका वडा न.६ बस्ने हरि प्रसाद पाण्डेको छोरा, रुपा पाण्डेको श्रीमान्, विष्णु प्रसाद पाण्डेज्यू (ना.प्र.न.३९-०१-६९-०२१४८ जि.प्र.का.पाल्पा) तपाईको घर ठेगानामा मिति २०८०/९/२९ गतेका दिन हुलाक मार्फत १५ पन्ध्र दिनको म्याद कायम गरी चिठी तथा ३५ दिनको सूचना जारी गरिएकोमा उक्त म्याद गुजारी कम्पनीको सम्पर्कमा नआएको हुदा पुन सम्पर्कमा आउनको लागि तपाईकोनाममा जारी गरिएको १५ दिने

सूचना

तपाई विष्णु प्रसाद पाण्डे समेत सेयरधनी रहने गरी मिति २०७४/१०/२५ गतेका दिन यस युरो स्टार ग्रुप इण्डष्ट्रिज प्रा.लि.कम्पनी दर्ता न.१८३४८३/०७४/०७५ कम्पनी दर्ता गरी उक्त कम्पनीले ले रुपन्देही जिल्ला तिलोतमा नगरपालिका वडा न.१४ मा उद्योग स्थापना गर्ने गरी कम्पनी दर्ता गरी शाइन रेसुङ्गा डेभलपमेन्ट बैक लिमिटेडबाट यस कम्पनीले उद्योग सञ्चालन गर्ने उदेश्यले ऋण लिएको र यस कम्पनीलेलिएको ऋणको सावा र ब्याज रकम समेत तपाईको सेयर प्रतिसत बराबरको रकम नतिरी लामो समय सम्म कम्पनीको सम्पर्कबाट बाहिर रहनु भएको हुदा बैक बाट लिएको ऋणको तिर्नु पर्ने सावा र ब्याज रकम तिर्नु पर्ने भएको साथैकम्पनीको बार्षिक साधारणसभा, निर्यामित रुपमा गर्नु पर्ने कम्पनीकोविभिन्न निर्णय गर्नको लागी गर्नु पर्ने सञ्चालक समितिको बैठक लगाएतका दैनिक रुपमा गर्नु पर्ने कामहरु साथै नेपाल सरकार लाई तिर्नु पर्ने कर दायित्व लगाएतका कानूनी दायित्वहरु तपाईको सेयर प्रतिशत बाराबरको पुरा नगरी तपाई लामो समयसम्म कम्पनीको सम्पर्कमा नआएको, कम्पनी र अन्य व्यक्तिगत हरहिसाव फरछौट नगरी वेवास्ता गरी वसेको, साथैकम्पनीको दायित्व प्रति हेलचक्राई गरी वसेको र कम्पनीको सम्पर्कमा नआउने साथै र कम्पनीले लिएको ऋणको सावा र ब्याज रकम तिनु पर्ने रकम नतीरी वसेको हुदा कम्पनी लाई थप भार पारी कम्पनीको लागी उक्त ऋण दायित्व, पुरा नगरेको हुदा उक्त दायित्व पुरा गर्नको लागी थप रकम आवश्यक परेको हुदा कम्पनीले पुजी थप गरी थप सेयर जारी गर्नु पर्ने भएको हुदा तपाईले सेयर थप गर्न चाहेमा हाल सम्मको कम्पनीको तिर्नु पर्ने सम्पूर्ण दायित्व सहित बैक लाई तपाईको सेयर प्रतिशत बराबर तिर्नु पर्ने सावा र ब्याज रकम समेत यस कम्पनीको नाममा रहेको शाइन रेसुङ्गा डेभलपमेन्ट बैक लिमिटेड बैक कोखाता नं. ००१००१००१७४०४९०००००१ मा बुझाई त्यसको अर्धकट्टी भौचर १५ पन्ध्र दिन भित्र यस कम्पनीको रजिष्टर्ड कार्यालयमा बुझाई कम्पनीको सम्पर्कमा आई आफनो दायित्व पुरा गर्नुहोला । अन्यथा यस कम्पनीले लिएको ऋणको सावा र ब्याज रकम तिनु पर्ने रकम तिर्नको लागी जे कसैलाई पनी कम्पनीको पूजी थप गरी जगेडामा रहेको सेयर जारी गरी अन्य कुनै पनी व्यक्तिलाई सेयर बिक्रि वितरण गर्ने कुरा जानकारीको लागि अनुरोध छ । अन्यथा कम्पनी निर्देशिका, २०७२ (दोश्रो संशोधन सहित मिलाईएको) व्यवस्था निर्देशिकाको निर्देशन (१०) ख. गणपुरक संख्या सम्वन्धी अपवादजनक व्यवस्था वमोजिम कम्पनीकोविशेष साधारण वार्षिक साधारण सभा, संचालक समिति गठन र कम्पनी संचालन समेतमा लागु हुने गरी तपाईको नाममा यो सूचना प्रकाशित गरिएकोछ यो सूचना प्रत्रिकामा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफै वा तपाईको घर परिवारको हकवालाहरु उपस्थित हुनु होला अन्यथा कम्पनी निर्देशिका, २०७२ (दोश्रो संशोधन सहित मिलाईएको) व्यावस्था निर्देशिका को निर्देशन (१०) ख. गणपुरक संख्या सम्वन्धी अपवादजनक व्यवस्था वमोजिम कम्पनीकोविशेष साधारण सभा, वार्षिक साधारण सभा, संञ्चालक समिति गठन, सेयरधनी थप र कम्पनी संचालन हुने कुरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

अध्यक्ष

युरो स्टार ग्रुप इण्डष्ट्रिज प्रा.लि.

कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८०/११/२८ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले गोंगबु शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्वन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्वन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्वन्धित सबैलाई सूचित गराइन्छ ।

ऋणी संस्थाको नाम : श्री सत्कार बचत तथा ऋण सहकारी संस्था लि । रजिष्टर्ड ठेगाना : का म न पा -२५, काठमाण्डौं ।
हालको ठेगाना :का.म.न.पा-२५ सामाखुसी, दर्ता नं: १५६४/०६४/६५

संचालक तथा जमानीकर्ताको विवरण

१) नाम :सञ्जिन उप्रेती (अध्यक्ष तथा जमानीकर्ता) बाबु : इन्द्र बहादुर उप्रेती बाजे : धर्म प्रसाद उप्रेत ना प्र नं. ६१८३० ठेगाना : रामेछाप, पकरबास-५	२) नाम : देवकी कार्की (उपाध्यक्ष) बाबु : सोम बहादुर कार्की बाजे : इन्द्र बहादुर कार्की ना.प्र.नं : २४ १०४४/८८ ठेगाना : फुल्पिडकोट-६, सिन्धुपाल्चोक	३) नाम : गोविन्द पुरी (सचिव तथा जमानीकर्ता) बाबु : दिल लाल पुरी बाजे : कुबेर पुरी ना.प्र.नं : ०५१००९/६२ ठेगाना : कसेनी-८, मोरङ
४) नाम : महेश श्रेष्ठ (कोषध्यक्ष तथा जमानीकर्ता) बाबु : चेत बहादुर श्रेष्ठ बाजे : लाल बहादुर श्रेष्ठ ना.प्र.नं : २११०१२/३०३१ ठेगाना : रामेछाप -१	५) नाम : सुष्मा श्रेष्ठ (संचालक) बाबु : टेक बहादुर श्रेष्ठ बाजे : पदम लाल श्रेष्ठ ना.प्र.नं :०३-३-०१०/६१३४ ठेगाना : चमैता -३ , ईलाम	६) नाम : हरि कृष्ण श्रेष्ठ (संचालक तथा जमानीकर्ता) बाबु : राम बहादुर श्रेष्ठ बाजे : कान्छा श्रेष्ठ ना.प्र.नं : २७३०१७-६६२ ठेगाना : बालुवा-२ , काठमाण्डौ
७) नाम : विष्णु कुमार गिरी (संचालक) बाबु : चण्डीराज गिरी बाजे : देव केशर गिरी ना.प्र.नं :५३०५७ ठेगाना : कसेनी-८ , मोरङ	८) नाम : सुर्य श्रेष्ठ (व्यवस्थापक तथा जमानीकर्ता) बाबु : टेक बहादुर श्रेष्ठ बाजे : पदम लाल श्रेष्ठ ना.प्र.नं : ०३-२-०१० /९४१७ ठेगाना : चमैता -३ , ईलाम	

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :

१. श्री सत्कार बचत तथा ऋण सहकारी संस्था लिको नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा वडा नं. ३ को कित्ता नं. ४७ को क्षेत्रफल ५०८.७४ को घर जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार २८ फागुन ०८०

■ सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी विधेयकको मस्यौदा

आइसिटी दुरुपयोग गर्नेलाई १० लाख जरिवाना र पाँच वर्षसम्म कैद

भोजराज भण्डारी/नयाँ पत्रिका

सरकारले सूचना प्रविधि उपकरण तथा प्रणालीबाट डाटा चोरी तथा केरमेट गर्नेदेखि एआईको दुरुपयोग गर्नेलाई १० लाखसम्म जरिवाना र पाँच वर्षसम्मको कैद गर्ने गरी कानुन बनाइँदै छ। सञ्चार मन्त्रालयले तयार गरेको सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी विधेयकको मस्यौदामा यस्तो प्रस्ताव गरिएको छ।

प्रस्तावित विधेयकमा साइबर स्पेसमा निषेधित कार्य तोक्दै कसुर तथा सजायको व्यवस्था गरिएको छ। मन्त्रालयले आइतबार सर्वसाधारणको सुझावका लागि मस्यौदा सार्वजनिक गरेको छ।

मस्यौदामा विद्युतीय स्वरूपको सूचनालाई क्षति पुऱ्याएमा वा अवरोध गरेमा, विद्युतीय प्रणालीमा रहेको सूचना चोरी गरेमा, विद्युतीय प्रणालीको स्रोत नष्ट, परिवर्तन वा चोरी गरेमा १० लाख रुपैयाँसम्म जरिवाना र पाँच वर्षसम्म कैद सजाय हुने उल्लेख छ। त्यस्तै, आर्टिफिसियल इन्टेलेजेन्स (एआई)को दुरुपयोग गरेमा दुई लाख रुपैयाँसम्म जरिवाना र दुई वर्षसम्म कैदको प्रस्ताव गरिएको छ। साइबर बुलिङ गर्न नहुने, यौनजन्य दुर्व्यवहार गर्न नहुने, अश्लील सामग्री उत्पादन, संकलन, प्रकाशन, प्रदर्शन वा खरिद गर्न वा गराउन नहुने, प्रलोभनमा पार्न नहुने, गोप्य कोड चोरी गर्न नहुने, कम्प्युटर प्रणालीमा अनधिकृत पहुँच पुऱ्याउन नहुने, कम्प्युटर प्रणालीमा रहेका डाटा हेरफेर गर्न वा मेटाउन नहुने, सार्वजनिक सूचना प्रणालीमा अवरोध गर्न नहुने, इन्टरनेट अफ थिंग्समा आक्रमण गर्न नहुने, विद्युतीय प्रणालीको दुरुपयोग गर्न नहुनेलगायत निषेधित कार्य हुने प्रस्ताव गरिएको हो।

■ अनुमतिविना रेकर्ड गर्न नपाइने

प्रस्तावित विधेयकको मस्यौदामा जानकारी नदिई दुई वा दुईभन्दा बढी व्यक्तिबीच भएको संवाद रेकर्ड गर्न नपाइने व्यवस्था गरिएको छ। 'कसैले पनि कुनै दुई वा दुईभन्दा बढी व्यक्तिहरूबीचमा विद्युतीय माध्यमबाट भएका कुनै संवाद वा कुराकानी वा संकेत सम्बन्धित व्यक्तिहरूले मञ्जुरी दिएको वा कानुनबमोजिम अधिकारप्राप्त अधिकारीले आदेश दिएकोमा बाहेक कुनै यान्त्रिक उपकरणको प्रयोग गरी सुन्न वा त्यस्तो कुराको ध्वनि अंकन वा रेकर्ड गर्न वा गराउन हुँदैन,' मस्यौदामा उल्लेख छ, 'तर, सार्वजनिक रूपमा गरिएको भाषण वा वक्तव्यको हकमा यस उपदफाको व्यवस्था लागू हुनेछैन। प्रचलित कानुनबमोजिमको अवस्थामा कुनै पनि सूचना, जानकारी वा पत्राचार सुन्न, ध्वनि अंकन वा रेकर्ड गर्न वा गराउन सकिनेछ।' कसैले पनि कानुनबमोजिम बाहेक विद्युतीय माध्यमबाट कसैको वैयक्तिक विवरण वा सूचना, जानकारी, पत्राचार अनधिकृत रूपमा प्राप्त गर्न, त्यसको गोपनीयता भंग गर्न वा अनधिकृत रूपमा कसैलाई उपलब्ध गराउन नपाइने उल्लेख छ।



■ निर्देशक समिति र साइबर सुरक्षा केन्द्रको स्थापनाको प्रस्ताव

विधेयकको मस्यौदामा सूचना प्रविधि तथा साइबर सुरक्षाको क्षेत्रमा आवश्यक निर्देशन एवं समन्वय गर्न सञ्चार तथा सूचना प्रविधिमन्त्रीको अध्यक्षता रहने निर्देशक समिति गठनको प्रस्ताव गरिएको छ। उक्त समितिमा राष्ट्र बैंकका गभर्नर, विभिन्न मन्त्रालयका सचिव, निजी क्षेत्रका प्रतिनिधि तथा विज्ञ सदस्य रहने उल्लेख छ। समितिले सूचना प्रविधि तथा साइबर सुरक्षाका लागि अवलम्बन गर्नुपर्ने अल्पकालीन तथा दीर्घकालीन नीति सरकारसमक्ष सिफारिस गर्ने, आवश्यक मापदण्ड स्वीकृत गर्ने, समन्वय तथा सहजीकरण गर्नेलगायतका काम गर्नेछ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
Global Remit ग्लोबल रेमिट
सबैका लागि बैंक

विधेयकको मस्यौदामा साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन, जनचेतना अभिवृद्धि, साइबर सुरक्षासम्बन्धी तयारी, साइबर चुनौतीको पहिचान, रोकथाम, प्रतिक्रिया तथा पुनर्लाभलगायत कामको सम्पर्क निकायका रूपमा कार्य गर्न तथा डिजिटल फोरेन्सिक अनुसन्धान गर्न राष्ट्रिय सुरक्षा केन्द्र रहने उल्लेख छ।

केन्द्रले संवेदशनील सूचना पूर्वाधारहरूको चौबिसै घण्टा अनुगमन, साइबर घटना तथा जेखिम मूल्यांकन गर्ने, आकस्मिक रूपमा आइपर्ने साइबर जोखिमलाई समाधान गर्नका लागि प्राविधिक जनशक्तिसहितको आकस्मिक सहायता समूह गठन गर्ने, साइबर सुरक्षा जोखिम अनुगमन गर्नेलगायत प्रस्ताव पनि मस्यौदामा गरिएको छ। त्यस्तै, केन्द्रले राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अर्थतन्त्र, अन्तर्राष्ट्रिय सम्बन्ध, सार्वजनिक स्वास्थ्य, सार्वजनिक शान्ति र व्यवस्था वा सार्वजनिक सुरक्षा वा अत्यावश्यक सेवालाई पार्न सक्ने साइबर सुरक्षा घटनाको प्रतिकार्य गर्ने पनि उल्लेख छ।

■ सरकारी निकायको वेबसाइट अनिवार्य

सरकारी निकाय र सार्वजनिक संस्थाले सूचना प्रवाह तथा सेवा प्रदान गर्न आफ्नो वेबसाइट सञ्चालन गर्नुपर्ने भएको छ। सञ्चालन हुने वेबसाइटको विकास र सुरक्षित सञ्चालनसम्बन्धी न्यूनतम मापदण्ड तथा सञ्चालन विधि मन्त्रालयले तोकेबमोजिम हुनेछ।

सरकारी निकायले कम्प्युटर तथा सूचना प्रणालीको प्रयोग गर्दा तोकिएबमोजिमको सुरक्षा मापदण्ड अवलम्बन गर्नुपर्नेछ। सरकारी निकाय, सार्वजनिक संस्था र वित्तीय तथा स्वास्थ्यसम्बन्धी सूचना प्रयोग गर्ने संस्थाहरूले अनिवार्य रूपमा आफूले प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको तोकिएबमोजिमको अवधिमा सुरक्षा परीक्षण गराउनुपर्नेछ।

■ डोमेन दर्ता गर्दा शुल्क तिर्नुपर्ने

कुनै पनि व्यक्ति वा संस्थाले एनपी डोमेनमा नाम दर्ता गराउँदा शुल्क तिर्नुपर्ने प्रस्ताव गरिएको छ। दर्ता भएको डोमेन अरू कसैले प्रयोग गर्न नपाउने मस्यौदामा उल्लेख गरिएको छ। साथै, त्यस्तो डोमेनसँग झुक्किने किसिमको मिल्दोजुल्दो हुने डोमेन नाम पनि दर्ता गर्न पाइनेछैन। सरकारी निकायले आफ्नो कार्यालयको डोमेन नाम गभर्मेन्ट डट एनपीअन्तर्गत दर्ता गर्नुपर्नेछ। दर्ता भएको डोमेन नाम प्रत्येक दुई वर्षमा तोकिएबमोजिमको दस्तुर बुझाएर नवीकरण गर्नुपर्नेछ।


■ क्लाउड र डाटा सेन्टरका निम्ति स्वीकृति

नेपालभित्र डाटा सेन्टर वा क्लाउड वा दुवै सञ्चालन गर्न सूचना प्रविधि विभागको अनुमति लिनुपर्ने प्रस्ताव गरिएको छ। निजी प्रयोजनका निम्ति भने यस्तो अनुमति लिनुनपर्ने मस्यौदामा उल्लेख छ। मस्यौदाअनुसार सरकारले मन्त्रालय, आयोग, सचिवालय र विभागमा कम्तीमा एकजना सूचना प्रविधिसम्बन्धी सुरक्षण अधिकृत राख्नुपर्नेछ।

■ डिजिटल हस्ताक्षरलाई कानुनी मान्यता

प्रस्तावित विधेयकको मस्यौदामा डिजिटल हस्ताक्षरलाई समेत कानुनी मान्यता दिने व्यवस्था गरिएको छ। त्यस्तै, प्रत्येक सरकारी निकाय र सार्वजनिक संस्थाले ऐनबमोजिमको डिजिटल हस्ताक्षरण प्रयोग गर्न उल्लेख छ।

लगानी सम्मेलनलाई सक्रियता बढाउँदै अर्थमन्त्री



अर्थमन्त्री वर्षमान पुन र बेलायतको विदेश तथा कमन वेल्थ विकास कार्यालयका निर्देशक बेन मिलर अर्थ मन्त्रालयमा आइतबार छलफल गर्दै।

काठमाडौं/ अर्थमन्त्री वर्षमान पुनले आगामी लगानी सम्मेलनका लागि सक्रियता बढाउन थालेका छन्। आगामी वैशाखमा हुने लगानी सम्मेलनमा लगानीकर्ताको सहभागिता बढाउन ठूला आर्थिक शक्ति राष्ट्रका प्रतिनिधिसँग मन्त्री पुनले भेटघाट बढाएका हुन्।

आइतबार मन्त्री पुनले अमेरिका र बेलायती राजदूतसँग भेटेरै लगानीकर्ताको सहभागिता बढाउन आग्रह गरेका छन्। नेपालका लागि अमेरिकी राजदूत डिन थम्पसनसँगको भेटमा उनले बढीभन्दा बढी लगानीकर्ता आउने वातावरण बनाइदिन आग्रह गरे। त्यस्तै, नेपालमा वैदेशिक लगानीका लागि उपयुक्त वातावरण रहेको भन्दै पुनले त्यसका लागि आवश्यक कानुनी तथा व्यावहारिक सहजीकरणका लागि सरकार तत्पर रहेको पनि बताए।

'अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि नेपाल भर्जिन ल्यान्ड हो,' पुनले भने, 'तपाईंमार्फत लगानी सम्मेलनमा अमेरिकी लगानीकर्ताको सहभागिता बढीभन्दा बढी होओस् भन्ने आग्रह गर्न चाहन्छु।' पुनले नेपालमा लगानीका लागि कृषि, उद्योग तथा आइटी राम्रो सम्भावनाको क्षेत्र भएको बताए।

लगानी सम्मेलन पूर्वनिर्धारित मितिमै हुने बताउँदै सरकार त्यसले तयारीका लागि तीव्रता दिइरहेको उल्लेख गरे। जवाफमा राजदूत थम्पसनले लगानी सम्मेलनमा ठूलो संख्यामा अमेरिकी लगानीकर्ता आउन इच्छुक रहेको जानकारी दिए। उनले अमेरिकी लगानीकर्ता नेपालमा आउन आकर्षित रहेको भन्दै त्यसका लागि वातावरण बनाउन नेपालस्थित अमेरिकी दूतावासले सक्रिय सहयोग गर्ने प्रतिबद्धता जनाए।

■ सम्मेलन सफल पार्न सघाउने प्रतिबद्धता


बेलायतले नेपाललाई आकर्षक लगानी गन्तव्यका रूपमा विकास गर्न सकिने विश्वास व्यक्त गरेको छ। अर्थमन्त्री पुनसँग आइतबार सिंहदरबारस्थित मन्त्रालयमा भएको भेटमा बेलायतको विदेश तथा कमन वेल्थ विकास कार्यालयका निर्देशक बेन मिलरले सहयोग गर्ने प्रतिबद्धता जनाए। भेटमा बेनरले नेपालमा आगामी वैशाखमा हुने लगानी सम्मेलन सफल र उपलब्धिमूलक बनाउन बेलायत सरकारका तर्फबाट पूर्ण सहयोग हुने बताए।

लगानी सम्मेलन सफल पार्न लगानीमैत्री वातावरण निर्माण, नीतिगत र प्रक्रियागत सुधार, दोहोरो करमुक्त सम्झौता तथा 'सार्वभौम रेटिङ'जस्ता काम पूरा गर्न आग्रह गरे। बेलायतले नेपालको लगानी सम्मेलनलाई यसअघि नै समर्थन जनाइसकेको छ।

अर्थमन्त्री पुनले सरकार लगानीमैत्री वातावरण निर्माणका लागि गर्नुपर्ने सबै कामका लागि तयार रहेको बताए। त्यसका लागि आवश्यक कानुनी, नीतिगत र प्रक्रियागत सुधारका काम अघि बढाइसकेको उल्लेख गरे। निजी क्षेत्रको लगानी विस्तार र आर्थिक गतिविधि बढाउने तथा युवालक्षित रोजगारीका कार्यक्रममा आफ्नो ध्यानकेन्द्रित हुने उनको भनाइ थियो। भेटमा नेपालका लागि बेलायती राजदूत रब फेनसहितका अधिकारी सहभागी थिए।

भेटमा मिलरले नयाँ विकास साझेदारी कार्यक्रमअन्तर्गत बेलायत सरकारले दिने भनिएको चार सय मिलियन पाउन्ड (करिब ६७ अर्ब रुपैयाँ) अनुदानसम्बन्धी सम्झौता कार्यान्वयन सुरु भइसकेको जानकारी मन्त्री पुनलाई दिए।

दुईपटक भत्किएको झ्ँदी पुल डिजाइन परिवर्तन गरेर बन्दै



गुल्मीको मुसिकोट नगरपालिका- ३ र ७ जोड्ने झ्ँदी पुल।

गुल्मीमा **टोपलाल अर्याल**

दुईपटक ढलान गरेपछि भत्किएको झ्ँदी पुल तेस्रोपटक निर्माण भइरहेको छ। गुल्मीको मुसिकोट नगरपालिका वडा नं ३ वडागाउँ र वडा नं ७ वामी जोड्ने झ्ँदी पुलको डिजाइन नै परिवर्तन गरी स्टिलको ट्रस ब्रिज निर्माण भइरहेको हो।

स्विस सरकारको चार करोड १४ लाख ४४ हजार सात सय २२ रुपैयाँको आर्थिक सहयोगमा जलप कन्स्ट्रक्सन प्रालिले निर्माणको काम गरिरहेको छ। पुल निर्माणको सम्झौता १९ वैशाख ०७९ मा भएको योजना कार्यान्वयन गरिरहेको मोटरयोग्य सडक-पुल कार्यक्रम ललितपुरका टेक्निकल अफिसर धीराजा पौडेलले जानकारी दिए। पुल आगामी असार मसान्तसम्म सक्नुपर्ने सम्झौतामा उल्लेख छ।

निर्माण व्यवसायीले निकै सक्रियताका साथ काम अगाडि बढाएकाले समयमै काम सम्पन्न हुने पौडेलले बताए। सम्झौता भएपछि पनि डिजाइन संशोधन गर्नुपर्ने अवस्था आएकाले काम केही समय रोकिन पुगेको उनको भनाइ छ। उनले भने, 'हामी निकै गम्भीर छौं। दुई-दुईपटक भत्किएकाले सर्वपक्षीय चासो उत्तिकै छ।' ठूलै विपत्तिबाहेक नबन्नुपर्ने कुनै कारण नभएको र अहिले फाउन्डेसन निर्माणसहित स्टिल पार्टहरूमा प्वाल पार्ने, जोड्ने र आकारहरू निर्माणका काम भइरहेको उनले बताए।

आफूहरूले गत वर्ष नै काम सक्ने भए पनि डिजाइन संशोधन हुँदा समस्या भएको पौडेलले बताए। 'दैनिक ३०-४० जनाले काम गरिरहेका छन्। काम समयमै बुझाउने गरेर सबै सामग्री फिल्डमा पनि झरे,' उनले भने, 'अहिले ट्रसको काम गरिरहेका छौं।'

पुल निर्माण हुनेमा ढुक्क छौं : मेयर



मुसिकोट नगरपालिकाका मेयर जीवन खरेलले झ्ँदी पुल निर्माण हुनेमा ढुक्क रहेको बताए। स्थानीयको आवश्यकताका आधारमा योजना परेकाले दुईपटक भत्किएर पनि तेस्रोपटक पुल निर्माणको काम अगाडि बढेको उनको भनाइ छ। मेयर खरेलले पुल निर्माण सम्झौतापछि पनि डिजाइन संशोधन र सामग्रीहरू बाहिरबाट झिकाउनुपर्ने भएकाले समयमै काम हुनेमा आफूहरू विश्वस्त रहेको बताए।

स्थानीयको आशा फर्कियो

लगातार दुईपटक भत्किएपछि स्थानीयलाई पुल निर्माण हुने आस थिएन। करोडौंको संरचना दुईपटक भत्किंयो। निर्माण व्यवसायी त डुबे नै। स्थानीय पनि निराश थिए। उनीहरू दुई-दुईपटक पक्की पुल ढलान भएर पनि तर्न पाएनन्। मुसिकोट नगरपालिका-३ का अर्जुन केसीले अब पुल तर्न पाउनेमा आफूहरू पूर्ण आशावादी रहेको बताए। पुल निर्माण भएपछि वारपारका लागि स्थानीय कैयौंले घर जोखिममा पारेर सडक निर्माण गरे। तर, दुईपटक पुल भत्किएपछि आशा र सपना पनि अधुरो रहेको केसीले बताए। 'दुईपटक भत्किएपछि आशा थिएन। अहिले डिजाइन नै परिवर्तन गरेर निर्माण गरेपछि केही नहोला भन्ने सोचेका छौं,' उनले भने, 'काम पनि निकै रफ्तारमा भएको छ।'

वसन्तपुर-ढुंगेसाँघु दुई सय २० केभी प्रसारणलाइनको पहिलो सर्किट तयार

नयाँ पत्रिका

कोशी करिडोर दुई सय २० किलोभोल्ट (केभी) प्रसारणलाइन आयोजनाअन्तर्गतको वसन्तपुर-ढुंगेसाँघु खण्डको पहिलो सर्किट निर्माण सम्पन्न भएको छ। संखुवासभाको धर्मदेवी नगरपालिकास्थित वसन्तपुर सबस्टेसनबाट ताप्लेजुडको मैवाखोला गाउँपालिकास्थित ढुंगेसाँघु सबस्टेसनसम्मको उक्त लाइनको पहिलो सर्किट तयार भएको हो। तमोर नदी र त्यसका सहायक खोलामा निर्माण भएका जलविद्युत् आयोजनाहरूको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न दुई सय २० केभी डबल सर्किट प्रसारणलाइन बनाइँदै छ।

समुद्र सतहबाट तीन हजार मिटर उचाइसम्म भएर जाने वसन्तपुर-ढुंगेसाँघु प्रसारणलाइनको लम्बाइ ३५ किलोमिटर छ। प्रसारणलाइनका लागि एक सय २७ वटा टावर निर्माण गरिएका छन्। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले वसन्तपुर-ढुंगेसाँघु प्रसारणलाइन निर्माण सम्पन्न भएपछि मुख्यतः ७३ मेगावाटको मध्यतमोर जलविद्युत् आयोजनाको विद्युत् प्रवाहमा सहज हुने बताए। 'प्रसारणलाइन र सबस्टेसन तयार भयो। तर, जलविद्युत् आयोजनाहरू निर्माण हुन नसक्दा दुई सय २० केभी लाइन कम क्षमतामा चलाउनुपर्ने अवस्था छ,' उनले भने, 'मध्य तमोरलगायतका जलविद्युत् आयोजनाहरूको विद्युत् उक्त लाइनमा जोडिएर इनरुवा सबस्टेसनमार्फत मोरङ र सुनसरी जिल्ला आपूर्ति गरिने हुँदा त्यस क्षेत्रमा विद्युत् आपूर्तिका लागि उत्पादन स्रोत भएको छ जसले गर्दा भोल्टेज सुधार भई विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय हुनेछ।'



वसन्तपुर-ढुंगेसाँघु दुई सय २० केभी प्रसारणलाइन र ढुंगेसाँघुमा १३२/३३ केभी सबस्टेसन निर्माणका लागि केइसी इन्टरनेसनल, भारतसँग माघ ०७४ मा दुई करोड ४५ लाख अमेरिकी डलरमा ठेक्का सम्झौता भएको थियो। उक्त ठेक्का सम्झौता ०७५ जेठबाट कार्यान्वयनमा आएको थियो। नेपाल सरकार तथा प्राधिकरणको लगानी र भारत सरकारको निर्यात-आयात (एक्जिम) बैंकको सहुलियतपूर्ण ऋणमा वसन्तपुर-ढुंगेसाँघु प्रसारणलाइन निर्माण गरिएको हो।

कोशी करिडोर प्रसारणलाइन आयोजना प्याकेज-४ अन्तर्गत वसन्तपुर-ढुंगेसाँघु प्रसारणलाइनको दोस्रो सर्किट निर्माण र वसन्तपुर सबस्टेसनमा वे विस्तार कार्य भइरहेको छ। कुल ३५ किलोमिटरमध्ये प्रसारणलाइनमध्ये हालसम्म १५ किलोमिटर तार तानिएको छ।

यस प्याकेजका काम गर्न नेपाल हाइड्रो एन्ड इलेक्ट्रिकसँग कात्तिक ०७९ मा ठेक्का सम्झौता भएको थियो। नेपाल सरकार र प्राधिकरणको लगानीमा निर्माण भइरहेको यस प्याकेजका सम्पूर्ण काम आगामी डेढ महिनाभित्रमा सक्ने लक्ष्य छ।

कोशी करिडोर प्रसारणलाइन प्याकेज-१ अन्तर्गत संखुवासभाको तुम्लिङटारबाट सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकास्थित इनरुवा सबस्टेसनसम्मको दुई सय २० केभी डबल सर्किट टावर निर्माण गरी टावरको एकतर्फ मात्र तार तानेर लाइन सञ्चालनमा ल्याइएको छ। कोशी प्रदेशका भोजपुर, संखुवासभा, तेह्रथुम र ताप्लेजुडमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारणलाइनमा जोड्न कोशी करिडोरको निर्माण गरिएको हो।

कोशी करिडोर प्रसारणलाइन आयोजनामार्फत तुम्लिङटारदेखि वसन्तपुरसम्म करिब एक हजार मेगावाट, ढुंगेसाँघुदेखि वसन्तपुरसम्म करिब एक हजार मेगावाट र वसन्तपुरदेखि इनरुवासम्म करिब दुई हजार मेगावाट विद्युत प्रसारण गर्न सकिन्छ। कोशी करिडोर नेपालको हालसम्मको सबभन्दा लामो दूरीको दुई सय २० केभी प्रसारणलाइन हो।

गौरेज्युलामा सडकको 'रिटेनिङ वाल' मर्मत अलपत्र

३० जेठ ०८० मा सक्नुपर्ने काम ठेकेदारको लापरबाहीले एक वर्षदेखि ठप्प

सल्यानमा **दीपक शर्मा**

सल्यानको लुहाम-काभ्रा-कालिमाटी रामपुर सडकखण्डको गौरेज्युलामा निर्माणाधीन 'रिटेनिङ वाल' ठेकेदारको लापरबाहीका कारण एक वर्षदेखि अलपत्र परेको छ।

त्रिवेणी गाउँपालिका- ३ को गौरेज्युलामा तीन वर्षअघि अविरल वर्षाका कारण आएको शारदा नदीको बाढीले कटान गर्दा सडक पूर्ण रूपमा भत्किएको थियो। वाल निर्माणका लागि सिस्ने कन्स्ट्रक्सन काठमाडौंले ०७८ चैतमा पूर्वाधार विकास कार्यालय सल्यानसँग एक करोड ८२ लाखमा ठेक्का सम्झौता गरी काम सुरु गरेको थियो।

वाल निर्माणको काम ३० जेठ २०८० मा सक्ने गरी ठेक्का सम्झौता भए पनि एक वर्षदेखि निर्माणको काम अगाडि बढ्न नसकेको त्रिवेणी गाउँपालिकाका अध्यक्ष खिमबहादुर रावतले बताए। उनका अनुसार वाल निर्माणको काम अहिलेसम्म १० प्रतिशत मात्र सम्पन्न भएको छ। काम अलपत्र छाडेर ठेकेदार एक वर्षदेखि सम्पर्कविहीन भएको र बारम्बार सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि काम अगाडि बढ्न नसकेको अध्यक्ष रावतको भनाइ छ।

सडक बगाएपछि वैकल्पिक सडकका रूपमा स्थानीयको जग्गा प्रयोग गरेर बाटो सञ्चालन भइरहेको छ। ठेकेदारले समयमै काम सम्पन्न गर्न नसक्दा वर्षाले स्थानीयको घर बग्नेसमेत जोखिम रहेको स्थानीय हुकुम महतराले बताए। उनले भने, 'सडक बगाएको झन्डै तीन वर्ष भयो, वाल उठाउने काम सुरु पनि भयो, तर ठेकेदारले बीचैमा अलपत्र छाडेर गयो। फेरि वर्षा लाग्न थालिसक्यो, बस्ती नै जोखिममा परेको छ।'

पूर्वाधार विकास कार्यालय सल्यानका कार्यालय प्रमुख हरिबहादुर ओलीले कामको जिम्मा लिएको ठेकेदारले अन्य सहायक ठेकेदारलाई काम दिँदा पनि समयमै काम हुन नसकेको बताए। सहायक ठेकेदारले पनि बीचैमा काम छाडिदिँदा वाल निर्माणको काम अलपत्र परेको उनको भनाइ छ। काम सुरु गर्नका लागि ठेकेदारलाई सम्पर्कमा ल्याउने प्रयास गरिरहेको उनले जानकारी दिए। वर्षाले शारदा नदीको कटानले १३ सय मिटर जग्गा बगाएको छ भने बस्ती नै जोखिममा परेको छ। संरक्षणको माग गर्दै स्थानीयले पटक-पटक बाटो अवरुद्ध पार्दै अब पनि समयमै काम नभए पुनः अवरुद्ध गर्ने चेतावनी दिएका छन्।

बुढानीलकण्ठमा एक अर्ब २० करोड लगानीमा खुल्दै क्लासिक भ्यु रिसोर्ट

नयाँ पत्रिका

बुढानीलकण्ठको शिवपुरी जंगलनजिक निर्माण भइरहेको 'क्लासिक भ्यु रिसोर्ट' २५ जुनदेखि सञ्चालनमा आउने भएको छ। एक अर्ब २० करोड रुपैयाँ लगानी रहने रिसोर्ट २५ रोपनी क्षेत्रफलमा फैलिएको छ, जहाँ २५ वटा भिल्ला र ४० कोठा गरी कुल ६५ कोठा रहने बताइएको छ।

रिसोर्टमा चारजना व्यवसायीको मुख्य लगानी रहनुका साथै नेपाल इन्फ्रास्ट्रक्चर्स इन्भेस्टमेन्ट फन्डले १५ प्रतिशत लगानी गर्नेछ। ग्लोबल इक्विटी फन्ड, हिमालयन लाइफ इन्स्योरेन्स र हिमालयन एभरेस्ट इन्स्योरेन्सद्वारा संयुक्त रूपमा प्रवर्द्धन गरिएको यस फन्डले लग्जरी रिसोर्टमा लगानी गरेको हो। 'अहिले रिसोर्टको काम करिब ७० प्रतिशत सम्पन्न भइसकेको छ,' ग्लोबल इक्विटी फन्डका प्रबन्ध निर्देशक डा. मनीष थापाले भने, 'रिसोर्टबाट शिवपुरी जंगल र काठमाडौं



भ्यालीको दृश्यावलोकन गर्न पाइन्छ, यो वेलनेस रिसोर्ट हुनेछ।'

बुढानीलकण्ठ हाइटमा अवस्थित क्लासिक भ्यु रिसोर्ट लक्जरी पर्यावरणमैत्री रिसोर्ट हो। आगामी जुनमा सफ्ट ओपनिङ गर्ने लक्ष्य राखिएको रिसोर्ट निर्माण अन्तिम चरणमा रहेको जनाइएको छ।

शिवपुरी जंगलको रमणीय दृश्यका साथ पर्यटकलाई अनुपम अनुभव प्रदान गर्ने लगानीकर्ताको विश्वास छ।

फन्डबाट प्राप्त रकम रिसोर्टको निर्माण प्रक्रियालाई अन्तिम रूप दिन र अन्तर्राष्ट्रिय मापदण्ड र प्रोटोकलअनुरूप अन्तर्राष्ट्रिय फ्रेन्चाइज रिसोर्टमा ल्याउन प्रयोग गरिने बताइएको छ। यस लगानीबाट एनआइआइएफले प्रिमियर लक्जरी पर्यावरणमैत्री रिट्रिट गन्तव्य स्थापना गरी नेपालको पर्यटन क्षेत्रमा योगदान दिन खोजेको छ।

ग्लोबल इक्विटी फन्डका प्रबन्ध निर्देशक डा. थापाले यस साझेदारी नेपालमा दिगो पर्यटन विकासलाई प्रवर्द्धन गर्ने हाम्रो प्रतिबद्धताको एउटा उदाहरण भएको बताए। 'रिसोर्ट घरेलु र अन्तर्राष्ट्रिय पाहुनाका लागि प्रमुख गन्तव्य बन्ने हाम्रो विश्वास छ,' उनले भने, 'हाम्रो यो लगानीले आकर्षक प्रतिफल दिने मात्र नभई स्थानीय अर्थतन्त्र र समुदायमा दिगो सकारात्मक प्रभाव पार्ने गरी नेपालको पर्यटन क्षेत्रको विकासमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउनेमा हामी विश्वस्त छौं।'

एमसिडोडोका दुई इयरबर्ड बजारमा

काठमाडौं/ आइफोनका लागि एक्सेसरिज बनाउँदै आएको ब्रान्ड एमसिडोडोले नेपालमा दुईवटा इयरबर्ड एचपी-३३०० र एचपी-३२९० सार्वजनिक गरेको छ।



यी दुवै इयरबर्ड आइफोन प्रयोगकर्ताले सजिलै प्रयोग गर्न सक्ने बताइएको छ।

एचपी-३३०० इयरबर्डमा एएनसी नोइज क्यानसिलेसन सुविधा छ भने यसमा भएको एलसिडी डिस्प्लेले ब्याट्रीको लेबल देखाउँछ।

५.३ भर्सनमा उपलब्ध यस इयरबर्डमा इन्टिलिजेन्ट टच, डुअल कललगायतका विशेषता उपलब्ध हुने कम्पनीले जनाएको छ। एचपी-३३०० मा लामो समयसम्म टिक्ने ब्याट्री रहेको छ भने यसको चार्जि केस तीन सय एमएएचको छ। यसले टाइप-सी चार्जि समर्थन गर्छ।

कालो रङमा उपलब्ध इयरबर्डको मूल्य चार हजार आठ सय ८० रुपैयाँ र एचपी-३२९० को मूल्य तीन हजार सात सय ८५ रहेको बताइएको छ।

मनोरञ्जन वा संगीत पारखी तथा आइफोन प्रयोगकर्ताका लागि यी दुई इयरबर्ड तपाईंकै विशेष हुने कम्पनीले जनाएको छ।

शिक्षण अस्पताल भैरहवामा थ्री टेस्ला एमआरआई सेवा सुरु



भैरहवा/ युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, शिक्षण अस्पताल (युसिएमएस) भैरहवाले थ्री टेस्ला एमआरआई सेवा सुरु गरेको छ।

करिब १८ करोड लगानी स्थापना गरेको एमआरआई सेवाको आइतबार लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री राजु खनालले उद्घाटन गरे। सो अवसरमा बोल्दै मन्त्री खनालले पछिल्लो समय स्वास्थ्य क्षेत्रमा उल्लेखनीय रूपमा नयाँ आयाम थपिँदै गएको बताए।

अस्पताललले लुम्बिनी प्रदेशमा नै पहिलोपटक थ्री टेस्ला एमआरआई सेवा सुचारु गरेको युसिएमएसका प्रबन्ध निर्देशक खुमाप्रसाद अर्यालको भनाइ छ। युसिएमएसले सरकारी अस्पतालसरह सेवासुविधा प्रदान गर्दै आएको निर्देशक अर्यालले बताए। उनले युसिएमएसमा जनशक्ति र उच्च गुणस्तरको प्रविधि भएका कारण उपचारका लागि बाहिर जानुनपर्ने बताए। सेवा सुचारु भएसँगै बिरामीले अब सहज रूपमा सेवा पाउने साथै थप समय र पैसा खर्च गरेर टाढा जानुपर्ने बाध्यता अस्पतालका सूचना अधिकारी सुशील गुरुङले बताए।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले युसिएमएसले आमनागरिकले विश्वास गर्ने गरी प्रभावकारी उपचारमा ध्यान दिन आग्रह गरे। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट प्रा.डा. सदन मुखीले अस्पतालले सुचारु गरेको थ्री टेस्ला एमआरआईमा विकिरणको जोखिम नभएको र विश्वप्रसिद्ध अत्याधुनिक नयाँ मेसिन भएको दाबी गरे।

मोटरसाइकल हरायो

मिति २०८०/११/२४ गते अ.१७:०० बजेको समयमा का.जि.का.म.न.पा.-६, बेद्ध बुद्धभुमी टोल स्थित धन्कुलामा मोक्तानको घरमा पार्किङ गरिराखेको बा.प्र. ०२-०४६ प ८०६३ नम्बरको रातो कालो रंगको २२० सिसि पल्सर मोटरसाईकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

नाम : सोनाम गोले
च्यासिस नं.:MD2A13EX0NCM83952
इन्जिन नं. : DKXCNM38271
सम्पर्क : 9843528013

प्राचीन कलाकृति समावेश गरिएको ग्लोबल आइएमईको क्यालेन्डर सार्वजनिक

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले नयाँ वर्ष ०८१ सालको क्यालेन्डर सार्वजनिक गरेको छ।



बैंकले राष्ट्रिय संग्रहालय छाउनी र पुरातत्त्व विभागसँगको सहकार्यमा विभिन्न समयमा स्वदेश फर्काइएका प्राचीन कलाकृति समावेश गरी तयार गरिएको नयाँ वर्ष ०८१ को क्यालेन्डर सार्वजनिक गरेको हो।

ग्लोबल आइएमई बैंक तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंकको कर्पोरेट कार्यालय, कमलादीमा आयोजित एक समारोहबीच नयाँ सालको क्यालेन्डर सार्वजनिक गरे।

क्यालेन्डर सार्वजनिक गर्दै अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वलाई पूरा गर्न विभिन्न सामाजिक कार्य गर्दै आएको बताए।

विगतका वर्षहरूमा क्यालेन्डरमा नेपाली कला र संस्कृतिसम्बन्धी विषय प्रकाशन गर्ने गरेको स्मरण गराउँदै उनले भने, 'नेपालको सर्वांगीण विकासका लागि हामीले नेपाली कला, साहित्य, संस्कृति र सभ्यतालाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक छ। ग्लोबल आइएमई बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता कार्यलाई निरन्तरता दिँदै आएको छ।'

उक्त कार्यक्रममा बैंकको सञ्चालक समिति, उच्च व्यवस्थापनलगायत बैंकका कर्मचारी तथा विभिन्न व्यक्तिहरूको उपस्थिति रहेको थियो।

महालक्ष्मी विकास बैंकले जारी गऱ्यो नयाँ भित्तेपात्रो

काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडले नयाँ वर्ष ०८१ सालको क्यालेन्डर प्रकाशन गरेको छ। आइतबार बैंकले नयाँ वर्षको क्यालेन्डर आफ्नो वेबसाइटमार्फत प्रकाशन गरेको हो।

बैंकले स्थानीय साना तथा मझौला व्यापारहरू फल्कने तस्बिरमार्फत सकारात्मक सन्देश प्रदान गर्ने खालको क्यालेन्डर प्रकाशन गरेको जनाएको छ।

क्यालेन्डरमा विश्व फोटोग्राफी दिवसको अवसर पारेर बैंकले सञ्चालन गरेको 'बिजचित्र फोटोग्राफी प्रतियोगिता'मा सहभागी तस्बिरहरूमध्येका उत्कृष्ट १२ तस्बिर समावेश गरिएको छ। त्यस्तै, मिति, तिथि, चाडपर्व, दिवसलगायतका विषयमा आफ्ना ग्राहकलाई जानकारी दिन बैंकको क्यालेन्डर प्रकाशन र वितरणको मुख्य उद्देश्य रहेको बताइएको छ।

धितो लिलामी गर्ने बारे पुनः ७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/११/२८ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले **न्युरोड** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, ब्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८०/०६/३० गते प्रभाव दैनिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना, मिति २०८०/०८/२१ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे ३५ दिने सार्वजनिक सुचना र मिति २०८०/१०/२६ गते धितो लिलामी गर्ने बारे ७ दिने सार्वजनिक सुचना मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको सावाँ, ब्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि पुनः ७ दिने सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराइन्छ। धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गराइन्छ।

ऋणी संस्थाको नाम : श्री जीवनदिप बचत तथा ऋण सहकारी संस्था लि.। रजिष्टर्ड ठेगाना : का.म.न.पा.-३०। हालको ठेगानाः का.म.न.पा.-२४, दर्ता नं: : ३१३५/०६६/०६७

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :

१. श्री पदम बहादुर बस्नेतको नाती श्री सुर्य बहादुर बस्नेतको छोरा खोटाड जिल्ला मंगलटार वडा नं. ५ स्थित श्री छत्र बहादुर बस्नेत को नाममा मालपोत कार्यालय लगनखेलमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला सैबु वडा नं. ४ को कित्ता नं. १३०५ को क्षेत्रफल १११.२९ ब.मि. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री मान बहादुर श्रेष्ठको नाती श्री टेक बहादुर श्रेष्ठको छोरा रामेछाप जिल्ला कठजोर वडा नं. ४ स्थित श्री निर बहादुर श्रेष्ठ को नाममा मालपोत कार्यालय लगनखेल मा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला सैबु वडा नं. ६ को कित्ता नं. १५२७ को क्षेत्रफल ९५.३९ ब.मि. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:

(१) बोलपत्र फारम यस बैंकको शाखा कार्यालय न्युरोड र केन्द्रीय कार्यालयबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।

(२) प्राप्त बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले ८ औं दिन दिउसो ३:०० बजे खोलिनेछ। सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट उल्लेखित समयमा खोलिन्छ।

(३) धितो लिलाम सम्बन्धि शर्तहरु बोलपत्र फारम तथा मिति २०८०/०८/२१ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचनामा उल्लेख भए बमोजिम हुनेछ। साथै फारममा उल्लेख भएका बोलपत्र सम्बन्धि शर्तहरु यसै सुचनाका अभिन्न अंग हुनेछन्।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

भुल सुधार गरिएको जानकारी बारे।

मिति २०८०/११/११ का दिन आर्थिक अभियान दैनिक पत्रिकाको पाना नं. ५ मा प्रकाशित धितोमा रहेको सम्पति लिलाम बिक्रि सम्बन्धि १५ दिने सार्वजनिक सुचनाको विभिन्न ठाउँमा **विराटनगर (पुष्पलाल चोक) शाखा, मोरंङ** हुनुपर्नेमा दमक शाखा, झापा भएकोले भुल सुधार गरिएको जानकारी गराउँदछौं।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नबिल बैंक लिमिटेड, एस.एम.ई विभाग, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/११/२८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने सावाँ, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेतागर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्ता नगर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण सावाँ, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा)मा मिति २०७६/१०/१२ मा प्रा.फ.र.नं. १५३४५१/०७६/७७ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **श्री सेइस्ता जुस पसल।**

ठेगानाः भक्तपुर जिल्ला मध्यपुरथिमि न.पा. वडा नं. ०३, कौशलटार, भक्तपुर।

ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण :

बलराम कुँवरकी छोरी, प्रेम प्रसाद न्यौपानेकी बुहारी, विष्णु न्यौपानेकी श्रीमती, ललितपुर जिल्ला इमाडोल गा.वि.स. वडा नं. ८ बस्ने, ना.प्र.नं. २८-०१-०६८-००६३६ (जारी मिति २०६८/०१/१५, स्थान ललितपुर) भएकी **श्रीमती शान्ता कुँवर।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

चित्र खर न्यौपानेको नाति, प्रेम प्रसाद न्यौपानेको छोरा, महोत्तरी जिल्ला वर्दिवास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. १८१०७४/२३ (जारी मिति २०७०/०५/०३, स्थान महोत्तरी) भएको **श्री विष्णु न्यौपाने।**

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नबिल बैंक लिमिटेड, बट्टार शाखा नुवाकोटको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/११/२८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने सावाँ, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण सावाँ, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिस्टेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा मिति २०७५/०५/२८ मा प्रा.फ.र.नं. २६/०७५/०७८ अन्तर्गत दर्ता भएको **श्री रामकुमार पोल्ट्री फर्म।**

ठेगाना : नुवाकोट जिल्ला लिखु गा.पा. वडा नं. १, नुवाकोट।

ऋणी फर्मका प्रोप्राइटर :

सुकदेव तामाङको नाती, सुकु तामाङको छोरा, नुवाकोट जिल्ला खानीगाउँ गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल नुवाकोट जिल्ला लिखु गा.पा. वडा नं. १ बस्ने, नागरिकता नं. १०४९०२, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: नुवाकोट मितिः वि.सं. २०६२/०९/०३ भएको **श्री रामकुमार तमाङ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

मुरली तामाङकी छोरी, सुकु तामाङकी बुहारी, रामकुमार तमाङकी श्रीमती, नुवाकोट जिल्ला लिखु गा.पा. वडा नं. १, बस्ने, ना.प्र.नं. २५-०१-७०-०८२१३ (जारी मितिः २०७०/०१/२२, स्थान नुवाकोट) भएकी **श्रीमती गीनु तामाङ।**

धितोको विवरण

सुकदेव तामाङको नाती, सुकु तामाङको छोरा, नुवाकोट जिल्ला खानीगाँउ गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल नुवाकोट जिल्ला लिखु गा.पा. वडा नं. १ बस्ने, **श्री रामकुमार तमाङको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नुवाकोट जिल्ला भैरवी गा.वि.स. वडा नं. २ सिट नं. २ मा अवस्थित कि.नं. १६१४ क्षेत्रफल ७६३.०० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

भाखा नाघेको कर्जा बुझाउन ल्याउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयबाट तपसिलबमोजिमका व्यक्ति तथा संस्थाहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएअनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने रकम नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम बुझाउन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैंकको नियमबमोजिम कर्जा लिँदा बैंकलाई लेखिदिएको धितो लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने जानकारी गराउँछौ। साथै सो धितोले नपुग भएमा निजको अन्य सम्पत्ति समेत लिलाम गरी असुल गर्ने अधिकार बैंकमा रहेको जानकारी यसै सूचनाबाट जानकारी गराउँछौं। साथै निम्न व्यक्तिहरूलाई बैंकबाट कर्जा लिँदा आफ्नो सम्पत्ति धितो राख्न मञ्जुरी दिने व्यक्तिलाई समेत यसै सूचनामार्फत जानकारी गराउँछौं।

कार्यालय : कृषि विकास बैंक लि., शाखा कार्यालय, गाईघाट, उदयपुर

क्र.सं.	ग्राहकको नाम	ठेगाना	उद्देश्य	बाबु/पति	बाजे/ससुरा/छोराछोरी	साँवा	२०८०/०७/३० सम्मको व्याज	जम्मा	धितो मञ्जुरीनामा दिने
१.	द इम्पायर इन प्रा.लि. (प्रो पशुपति चौधरी)	त्रियुगा ०३ उदयपुर	विभिन्न उद्देश्य	दानी प्रसाद चौधरी	भोलानाथ चौधरी	१८४५८८४९	१०५६८९३	१९५१५७४२	तारा चौधरी, त्रियुगा ०३
२.	गुगल एण्ड बि फेसन कलेक्सन (प्रो. बबि चौधरी)	त्रियुगा ०३ मोतिगडा	व्यापार कर्जा (सञ्चालन पुँजी)	सतिस चौधरी	दानी प्रसाद चौधरी	५००००००	४७९३५२	५४७९३५२	सतिस चौधरी, त्रियुगा ०३

कृषि विकास बैंक लिमिटेड
प्रदेश कार्यालय, विराटनगर

सोमबार २८ फागुन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

तयार भयो एक्स्ट्राटेक क्रिकेट मैदान

४० करोडको लगानीमा भैरहवाको तिलोत्तमा नगरपालिकामा एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा पहिलो चरणको फिल्डको काम सकिएको छ।

भैरहवामा दिपेश पछाई

रुपन्देहीमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला तयार भएको छ। अस्ट्रेलियामा बस्दै आएका गुल्मीका विनोद कुँवरले निजी लगानीमा तिलोत्तमा नगरपालिकामा एक्स्ट्राटेक ओभल क्रिकेट रंगशाला निर्माण गरेका हुन्। क्रिकेट मैदानको पहिलो चरणको संरचना तयार भएसँगै सोमबारदेखि लेजेन्ड्स कप क्रिकेट प्रतियोगिता सुरु हुँदै छ। गत ३० जेठमा रंगशाला निर्माणको शिलान्यास भएको थियो। आठ महिनाको मिहिनेतपछि रंगशालाको मैदानको निर्माण कार्य लगभग सम्पन्न भएको कुँवरले बताए। कुँवरले तिलोत्तमा नगरपालिका वडा १७ मा ४० करोड रुपैयाँभन्दा बढी लगानीमा एक्स्ट्राटेक ओभल रंगशालाको निर्माण गरेका हुन्।

अहिले मैदानको सबै काम सकेको छ। रंगशाला खेल्न तयार भए पनि अझै भौतिक निर्माण बाँकी छ। यो दोस्रो चरणमा हुनेछ। अस्ट्रेलियामा सूचना प्रविधिसम्बन्धी व्यवसाय गर्ने कुँवरले रंगशालाको स्थायित्वका लागि गुरुयोजना बनाइसकेका छन्। रंगशालाको सबै निर्माण पूरा भएपछि व्यावसायिक रूपमा अघि बढाएर नमुना योजना बनाउने उनले बताए। 'मैदानमा प्यापिट र अन्य संरचना पूरा हुँदा ४० करोड खर्च हुने अनुमान छ। प्यापिट बनाउने काम सुरु भइसकेको छ,' उनले भने, 'यसका लागि करिब १८ करोड खर्च हुनेछ।' उनले आफ्नोतर्फबाट सबै काम पूरा गरे पनि कपितय समयमा समस्या आएको बताए। 'मैले आफ्नो काम सकेको छु। ठूलो प्रोजेक्टमा हात हालेपछि अलि समस्या आउने गर्छ। अस्ट्रेलियाबाट सिकेको समयको महत्त्वका आधारमा काम गर्दा छोटो समयमा निर्माण सम्पन्न गर्न सफल भयौं।'



भैरहवाको तिलोत्तमा नगरपालिकामा निर्माणाधीन एक्स्ट्राटेक ओभल क्रिकेट मैदान

आजदेखि लिजेन्ड्स कप

लिजेन्डेस कपमा नेपालबाट पहिलो अन्तर्राष्ट्रिय खेल खेलेको सन् १९९६ को टोली, सन् २०१४ को टी-२० विश्वकप खेलेको, रुपन्देही लेजेन्ड्स र रेस्ट अफ नेपालबीच प्रतिस्पर्धा हुनेछ। नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले सन् २०१४ टोलीको कप्तानी गर्नेछन्। सन् १९९६ को कप्तानी एलबी क्षेत्री, रेस्ट अफ नेपालको कप्तानी कलाम अली तथा रुपन्देही लेजेन्ड्सको कप्तानी हरिबहादुर थापाले गर्नेछन्। नेपालका पूर्वक्रिकेट खेलाडी शक्ति गौचन एक्स्ट्राटेक ओभल क्रिकेट मैदानका ब्रान्ड एम्बेसडरको भूमिका हुने छन्। नेपालले सन् १९९६ मा मलेसियामा पहिलो एसिसी ट्रफीमार्फत अन्तर्राष्ट्रिय क्रिकेटमा प्रवेश गरेको थियो। यस टोलीका १४ मध्येका १२ खेलाडी लिजेन्ड्स ९६ बाट तिलोत्तमा एक्स्ट्राटेक लिजेन्ड कपमा उत्रिनेछन्।

यही टोलीका ६ खेलाडी विश्वकप २०१४ बाट तिलोत्तमा एक्स्ट्राटेक लिजेन्ड कपमा खेल्नेछन्। पारसको कप्तानीमा रहेको विश्वकप २०१४ को टोलीबाट ज्ञानेन्द्र मल्ल, शरद भेषवाकर, शक्ति गौचन, जितेन्द्र मुखिया र अविनाश कर्ण रहेका छन्। २०१४ मा विश्वकप खेलेको नेपाली टोलीका आठजना खेलाडी अहिले विदेशमा छन्। सोमपाल कामी र विनोद भण्डारी नेपाली राष्ट्रिय टोलीसँगै हडकडमा छन्।

नेपालको पहिलो अन्तर्राष्ट्रिय टोली र विश्वकप नखेलेका टोली बीचको कम्बिनेसन गराएर रेस्ट अफ नेपाल बनाइएको छ। विनोद दासको कप्तानीमा रहेको रेस्ट अफ नेपाल टोलीमा नेपालबाट अन्तर्राष्ट्रिय खेल खेलेका खेलाडी छन्। हरि थापाको कप्तानीमा रहेको रुपन्देही लिजेन्ड्समा सञ्जीव जोशी, दुर्गा सेन, अन्तिम थापा, लालबहादुर अधिकारीसहित अन्तर्राष्ट्रिय क्रिकेट खेलेका खेलाडी रहेका छन्। नेपाली महिला टोलीले २००७ मा मलेसियामै भएको एसिसी कप प्रतियोगिता खेलेको थियो। सो टोलीका चारजना खेलाडीले तिलोत्तमा एक्स्ट्राटेक लिजेन्ड कपमा खेल्नेछन्। नितु थापा रुपन्देही लिजेन्ड्स, ममता थापा विश्वकप २०१४, नीरा राजोपाध्याय लिजेन्ड्स ९६ र सीता रानामगर रेस्ट अफ नेपालबाट खेल्नेछन्।

देवदह दुई विकेटले विजयी

भैरहवामा रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिता आइतबारदेखि सुरु भएको छ। प्रतियोगिताअन्तर्गत समूह 'बी'को पहिलो खेलमा देवदह क्रिकेट क्लबले बुटवल राइनोजलाई २ विकेटले पराजित गरेको छ। टस जितेर ब्याटिङ गरेको बुटवल राइनोजले २०.५ ओभरमा सबै विकेट गुमाउँदै ९५ रनको सामान्य योगफल खडा गरेको थियो। राइनोजका लागि सुमन सुनारले २९ रन र सलउद्दिन खानले १६ रन जोडे। शिव कुँवरले अविजित १५ रन जोडे पनि अन्य ब्याट्समयानले दोहोरो रन बटुल्न सकेनन्। देवदहका सुरज खड्काले ६.५ ओभरमा २ मेडन राख्दै १७ रन खर्चेर ५ विकेट लिए। अर्जुन रायमाझीले ३ विकेट र शिव ज्ञवालीले २ विकेट लिए।

प्रत्युत्तरमा देवदहले ३३ ओभरमा ८ विकेट गुमाउँदै १ सय १ रन जोड्दै जित निकाल्यो। देवदहका लागि सुमन पाण्डेय र संकेत भट्टराईले समान २७ रन बनाए। कृष्ण पासीले नटआउट १२ रनको योगदान दिए। बलिङमा बुटवल राइनोजका शिव कुँवरले ३ विकेट लिए। सलउद्दिन खाँन र सन्देश ज्ञवालीले समान दुई विकेट हात पारे।

पूर्वक्रिकेटर सम्मानित



रुपन्देहीको तिलोत्तमा नगरपालिकामा निर्माण गरिएको 'एक्स्ट्राटेक क्रिकेट मैदान' उद्घाटनको एक दिनअघि आइतबार पहिलोपटक अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाएका क्रिकेटरलाई सम्मान गरिएको छ। नेपालले सन् १९९६ मा मलेसियामा पहिलो एसिसी ट्रफीमार्फत अन्तर्राष्ट्रिय क्रिकेट खेलेको थियो। सम्मान कार्यक्रममा पवन अग्रवाल, पारस खड्कालगायतका पूर्वखेलाडी सम्मानित गरिएको आयोजकले जनाएको छ। २००७ मा नेपालका लागि पहिलो महिला अन्तर्राष्ट्रिय खेल खेलेका चार महिला क्रिकेटरसमेत सम्मानित भएका छन्।

■ झापा गोल्डकप

एपिएफ र चर्च ब्वाइज आज उपाधिका लागि भिड्दै



झापामा चिरञ्जीवी घिमिरे

छैटौं झापा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि भिडन्तमा आज चर्च ब्वाइज युनाइटेड र नेपाल एपिएफ क्लबबीच प्रतिस्पर्धा हुँदै छ। दुवै टोलीका प्रशिक्षक र कप्तानले उपाधि उचाल्ने योजनाका प्रतिस्पर्धा गर्ने बताएका छन्। गोल्डकपको फाइनल खेल बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा हुनेछ। सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज पहिलो सहभागीमै अन्तिम दुईमा पुगेको हो। एपिएफले छैटौंपटकको प्रयासमा फाइनल स्थान बनाएको हो। बिर्तामोडमा आइतबार भएको प्रिम्याच कन्फरेन्समा चर्च ब्वाइजका कप्तान दीप कार्की र प्रशिक्षक रुवेन राईले फाइनलको उपाधि हात पार्ने दाबी गरेका छन्। एपिएफ टिम म्यानेजर सुशील अधिकारी र कप्तान हरि कार्कीले पनि उपाधि आफूहरूले जित्ने बताए।

'हामी यसपटक उपाधि जित्ने लक्ष्यका साथ आएका छौं, अघिल्लो खेलमा भएका कमजोरी सुधार हुनेछ,' एपिएफका कप्तान कार्कीले भने, 'चर्च ब्वाइजलाई हल्का रूपमा लिनेछैन।'

एपिएफले उद्घाटन खेलमा संकटालाई टाइब्रेकरमा ४-२ ले हराएको थियो। क्वार्टरफाइनलमा एपिएफले सर्लाहीको बागमती युथ क्लबलाई टाइब्रेकरमा ४-३ ले निराश पारेको थियो। चारपटकको विजेता त्रिभुवन आर्मीलाई सेमिफाइनलमा हराउँदै एपिएफले पहिलोपटक फाइनल स्थान पक्का पारेको हो।

चर्च ब्वाइजले पहिलो खेलमै नेपाल पुलिस क्लबलाई २-० ले पराजित गऱ्यो। क्वार्टरफाइनलमा एनआरटीमाथि १-० को नतिजा निकालेको चर्च ब्वाइजले सेमिफाइनलमा आयोजक झापा ११ लाई टाइब्रेकरमा ४-३ ले हराउँदै पहिलोपटक अन्तिम दुई स्थान पक्का गरेको हो। गोल्डकपको विजेताले १३ लाख र उपविजेताले सात लाख रुपैयाँ पाउनेछ।

यू-१३ फुटबल एकेडेमी सञ्चालन गर्दै एन्फा

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले एकेडेमी सञ्चालनका लागि यू-१३ वर्षमुनिका बालबालिकाको खुला छनोट गर्ने भएको छ। एन्फाले विज्ञापनमार्फत आइतबार ०८१ वैशाखदेखि एन्फा टेक्निकल सेन्टरमा एकेडेमी सञ्चालन गर्न लागेको जनाएको छ। एन्फा एकेडेमी सञ्चालन गर्न यू-१३ वर्षमुनिका खेलाडी छनोट गर्न लागेको हो। एकेडेमीमा यू-१३ छात्र र छात्रा खेलाडी छनोट हुनेछन्। यसका लागि एन्फाले ४८ जिल्ला फुटबल संघ र सात प्रदेशका प्रदेश फुटबल संघलाई पत्राचार गरेको जनाएको छ।

फुटबल खेलको विकास र विस्तार गर्न युवा विकास परियोजनाअन्तर्गत एन्फाले एकेडेमी सञ्चालन गरेको थियो। तर, पछिल्लो समय एन्फाले एकेडेमीलाई निरन्तरता दिन सकेको थिएन। एन्फाले जिल्ला फुटबल संघहरूमा १५ देखि २२ चैतसम्म जिल्लास्तरको छनोट गर्न भनिएको छ। प्रदेश फुटबल संघले २४ देखि ३० चैतसम्म दोस्रो चरणको प्रादेशिक छनोट गर्नेछ। त्यसपछि एन्फाले ०८१ वैशाख ३ देखि १० सम्म अन्तिम चरणको छनोट गर्ने एन्फाले जनाएको छ। एकेडेमीका लागि बालक ०६६ पुस १७ देखि ०६८ पुस १६ सम्म जन्मेको हुनुपर्नेछ। बालिकाको हक ०६७ पुस १७ देखि २०६९ पुस १६ सम्मको जन्ममिति हुनुपर्ने एन्फाले भनेको छ।

मलेसियासँग मैत्रीपूर्ण फुटबल खेल्ने

नेपाली राष्ट्रिय फुटबल टिमले मलेसियासँग मैत्रीपूर्ण फुटबल खेल खेल्ने भएको छ। फिफा विश्वकप र एएफसी एसियन कपको संयुक्त छनोट अन्तर्गत दोस्रो चरणमा बहराइनसँग दुई खेल खेल्नुअघि नेपालले मलेसियासँग मैत्रीपूर्ण खेल खेल्न लागेको हो। मैत्रीपूर्ण खेल २ चैतमा मलेसियामा हुनेछ। नेपाली टोली १३ मार्चमा मलेसिया जानेछ।

एसियाली छनोट खेल्दै तेक्वान्दो

काठमाडौं/ फ्रान्सको पेरिसमा हुने ओलिम्पक तथा पाराओलिम्पक खेलकुद प्रतियोगिताका लागि हुने एसियाली तेक्वान्दो छनोटमा सहभागी हुन तेक्वान्दोको दुई टोली चीन जाने भएको छ। छनोट प्रतियोगिता १५ देखि १७ मार्चसम्म चीनको ताइयाङमा हुँदै छ। पेरिस ओलम्पिकको छनोटअन्तर्गत पुरुष ५८ केजीमुनि राहुल कुमाल र ६८ केजीमुनि वीरबहादुर महराले भाग लिने छन्।

महिला ४९ केजीमुनि अञ्जली तामाङ र ६७ केजीमुनि इन्दिरा बस्नेतले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। प्रत्येक तौलसमूहमा पहिलो र दोस्रो हुने खेलाडी पेरिस ओलम्पिकका लागि छनोट हुनेछन्।

नेपाली टोलीको प्रशिक्षकमा टीकाप्रसाद लिम्बू छन्। पेरिस पाराओलम्पिक छनोटअन्तर्गत के-४४ क्याटगोरीको पुरुष ५८ केजीमुनि भरतसिंह महता र ६३ केजीमुनि अमिर ब्लोनले प्रतिस्पर्धा गर्नेछन्। महिला ५७ केजीमुनि पलेशा गोवर्धनले नेपालको प्रतिनिधित्व गर्नेछिन्। पलेशा चौथो एसियाली पारा खेलकुदकी ऐतिहासिक कांस्य पदक विजेता हुन्।

■ कोशी प्रदेश राष्ट्रिय टी-२० क्रिकेट

पुलिस चार विकेटले विजयी

नयाँ पत्रिका

नेपाल पुलिस क्लबले कोशी प्रदेश राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा पहिलो जित निकालेको छ। प्रतियोगिताको आइतबार भएको अर्को खेलमा त्रिभुवन आर्मीले दोस्रो जित हात पारेको छ। विराटनगरको बैजनाथपुर क्रिकेट रंगशालामा पुलिसले गण्डकीलाई ४ विकेटले हरायो। जितसँगै पुलिस समूह 'बी'मा तेस्रो स्थानमा उक्लेको छ। पुलिसले दुई खेलमा समान एक जित र हारको सामना गरी दुई अंक जोडेको छ।



गण्डकी तीनवटै खेलमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिने पहिलो टोली बनेको छ। पुलिस पहिलो खेलमा सुदूरपश्चिमसँग पराजित भएको थियो। पहिलो ब्याटिङ गरेको गण्डकीले २० ओभरमा ६ विकेट गुमाएर एक सय ४४ रन बनाएको थियो। प्रत्युत्तरमा पुलिसले १९.३ ओभरमा ६ विकेटको नोक्सानीमा जित निकाल्यो। पुलिसले निर्धारित ओभर सकिन तीन बलअघि जित हात पारेको हो।

शंकरको अर्धशतकीय इनिङ्स

पुलिसलाई महत्त्वपूर्ण दुई अंक दिलाउने क्रमम मध्यक्रमका ब्याट्समयान शंकर रानाले नटआउट ५१ रनको योगदान दिएका थिए। उनले आफ्नो इनिङ्समा ३० बलमा पाँच चौका र तीन छक्का प्रहार गरेका थिए। उनले शरद भेषवाकरसँग चौथो विकेटका लागि ७१ रनको बलियो साझेदारी गर्दै टोलीलाई जिततर्फ अग्रसर गराए। शरदले २२ बलमा एक छक्काको सहयोगमा १८ रन बनाए। यसैगरी, कप्तान मञ्जित श्रेष्ठले आठ बलमा समान एक चौका र छक्का प्रहार गरी १३ रन जोडे। यसअघि ओपनर दिलीप नाथ इनिङ्सको २.२ ओभरमा शून्य रनमा आउट भएका थिए। उनले ६ बलको सामना गरे। सो इनिङ्समा अमित श्रेष्ठले २३ बलमा चार चौका प्रहार गरी २८ रन बटुले। गण्डकीको बलिङमा अमृत गुरुङ र सन्दीप पराजुलीले समान दुई विकेट हात पारे।

दीपक अर्धशतक बनाउन चुके

पहिलो ब्याटिङ गरेको गण्डकीका लागि तीन ब्याट्समयानले गतिलो योगदान दिए। ओपनर ईश्वर क्षेत्रीले ४१ रन, दीपक डुम्रेले ४० रन र दीनेश बुढामगरले ४६ रनको योगदान दिए। गण्डकीले पहिलो विकेटका लागि ५.३ ओभरमा ४२ रनको साझेदारी गऱ्यो। ईश्वरले ३० बलमा पाँच चौका र दुई छक्का प्रहार गरे। त्यसपछि दीपक र दिनेशबीच तेस्रो विकेटका लागि ९१ रनको बलियो साझेदारी भयो। यही साझेदारीका कारण गण्डकीले १८.५ ओभरमा १३७/३ बलियो स्थितिमा आफूलाई पायो। दीपकले ३१ बलमा तीन चौका र एक छक्काको सहयोगमा ४० रन बटुले। दिनेश अर्धशतक बनाउन चार रनले चुके। उनले ४५ बलमा पाँच चौका र एक छक्का प्रहार गरेका थिए।

आर्मी सात विकेटले विजयी

दोस्रो खेलमा आर्मीले मधेशलाई ७ विकेटले पराजित गऱ्यो। आर्मी लगातार दोस्रो जितका साथ समूह 'ए'को शीर्ष स्थानमा उक्लिएको छ। आर्मीले यसअघि कर्णालीलाई हराएको थियो। आर्मीले दुई खेलमा चार अंक बनाएको छ। तीन खेलमा एक जित र दुई हारको अवस्थामा मधेश चौथो स्थानमा छ। मधेशले २० ओभरमा ९ विकेट गुमाई १ सय ५३ रनको योगफल तयार पाऱ्यो। मधेशका पवन सराफले ३९ बलमा ६ छक्का र २ चौका प्रहारमा ६३ रन बनाए। साहिल पटेलले २२ रन र राहुल मण्डलले १७ रनको योगदान दिए। आर्मीका नितेश पटेलले १९ रन खर्चेर ४ विकेट लिए। प्रत्युत्तरमा आर्मीले १६.५ ओभरमा ३ विकेटको क्षतिमा लक्ष्य भेटायो। आर्मीको जितमा त्रितराज दासले ४३ बलमा २ छक्का र ६ चौका प्रहार गरी अविजित ६० रन जोडे।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, पुतलीसडक

कागजात पेश गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लेखित करदाताहरु पूर्ण कर परीक्षण एवं छानविन तथा अनुसन्धानका लागि छनौट भएको र यस कार्यालयको करदाता दर्ता हुँदाको ठेगानामा हुलाकवाट पत्र रजिष्ट्री गरी पठाइएको तथा विगत लामो समय देखि पटक पटक दर्ता अभिलेखमा उल्लेखित टेलिफोन नम्वर/मोवाइल नंम्वरमा सम्पर्क स्थापित गर्ने प्रयास गरिएकोमा सम्पर्क हुन नसकेकोले कर परीक्षण प्रयोजनको लागि तपसिलमा उल्लिखित आ.व. हरुको कारोवारसंग सम्वन्धित सम्पूर्ण खाता, वही, बिल विजक लगायतका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र यस कार्यालयमा उपस्थित हुन आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ८३(१) तथा मू.अ.कर ऐन, २०५२ (संशोधन सहित) को दफा २३(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस सूचनामा तोकिएको म्यादभित्र कार्यालयमा उपस्थित भै माथि उल्लिखित कागजातहरु पेश नगरेमा आयकर ऐन, २०५८ (संशोधन सहित) र मू.अ.कर ऐन, २०५२ (संशोधन सहित) बमोजिम कर निर्धारण भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

(क) पूर्ण कर परीक्षण तर्फ:

सि.नं.	स्था.ले.नं.	करदाताको नाम	ठेगाना	कागजात पेश गर्नुपर्ने आ.व.	प्रो./सञ्चालक	कैफियत
१.	६०२४१३४६८	हेली एअर नेपाल प्रा. लि.	कमलादी, काठमाडौं	२०७६/०७७	ईश्वर लामिछाने	
२.	६००९३९९०८	टकटाइम ट्रेडिङ्ग प्रा.लि.	का.म.पा.- २८, इच्छुमति, काठमाडौं	२०७६/०७७	भक्त राज भट्टराई	
३.	६०६५२५८१९	एग्रो स्पीस एण्ड भेजीटेवल प्रोडक्ट प्रा.लि.	का.म.पा.-१, दरबारमार्ग, काठमाडौं	२०७६/०७७	विन्देश्वर प्रसाद सिंह राजपुत	दफा ८३ को पत्र बुझी कागजात पेश नगरेको।

(ख) छानवीन तथा अनुसन्धान तर्फ : दफा ८३ को पत्र हुलाक मार्फत प्रेषित गरिएकोमा फिर्ता भै आएका करदाताहरु तथा दफा ८३ को पत्र बुझी कागजात पेश नगर्ने करदाताहरु

सि.नं.	स्था.ले.नं.	करदाताको नाम	ठेगाना	कागजात पेश गर्नुपर्ने आ.व.	प्रो./संचालक	कै.
१.	३०००५६०६०	भण्डार थोदुङ निर्माण सेवा प्रा. लि.	का.म.पा.-२८, बागबजार, काठमाडौं	२०७०/०७१	दिपक कुमार श्रेष्ठ	
२.	६००७५४६१७	प्लानेट स्पोर्टस प्रा. लि.	का.म.पा.-१, दरबारमार्ग, काठमाडौं	२०६९/०७०	डुन्डुल नामग्याल छेउराते	
३.	६०४२७८८०५	वास्तविक प्रा. लि.	का.म.पा.-२९, पुतलीसडक	२०७३/०७४	जनार्दन तिवारी	
४.	६०११८०३४९	एस एल ट्रेड सेन्टर	का.म.पा.-२९, अनामनगर काठमाडौं	२०७१/०७२, २०७२/०७३, २०७३/०७४, २०७४/०७५	लक्ष्मी बुढाथोकी (कार्की)	
५.	३०२६२५१७८	साइन प्रो	का.म.पा.-२८, कमलादी, काठमाडौं	२०७४/०७५	किशोर बाबु खड्का	
६.	६०३५८५८६३	एन्टिक दरबार प्रा. लि.	का.म.पा.-१, दरबारमार्ग, काठमाडौं	२०७४/०७५ र २०७५/०७६	आरती घिराईया	
७.	६०१८७५९४०	आर्यन फुड प्रा.लि.	का.म.पा.-१, दरबारमार्ग, काठमाडौं	२०७४/०७५	श्री अभिषेक सारदा	
८.	६०२७७२३७२	कृष्ण स्टेशनरी एण्ड जनरल सप्लायर्स वासुकी ट्रेडिङ्ग कम्पनी प्रा.लि. जे.भी.	का.म.पा.-२९, अनामनगर काठमाडौं	२०७२/०७३	श्री खिल बहादुर के.सी.	
९.	६०२३९४६४२	एमडक इन्टरनेशनल प्रा.लि.	का.म.पा.-२९, मैतिदेवी, काठमाडौं।	२०७१/०७२	श्री इम्रान खान	
१०.	३०१३२८५६४	डुमादेवी इन्टरप्राइजेज	का.म.पा.-२७, बागबजार, काठमाडौं	२०७६/०७७	दुर्गा श्रेष्ठ	
११.	३०२४९१५६०	टेक्निकल इन्जिनियरिङ डिजाइन कन्सल्टेन्सि एण्ड कन्स्ट्रक्सन प्रा. लि.	का.म.पा.-२९, अनामनगर काठमाडौं	२०७१/०७२, २०७४/०७५	लक्ष्मी देवी शाही	
१२.	६०१८३६१०५	कुमारी जब प्रा. लि.	का.म.पा.-१, नक्साल, काठमाडौं	२०७३/०७४, २०७४/०७५	सन्देश भण्डारी	
१३.	५०००८६०८१	इनोमेटीभ इन्टरनेशनल	का.म.पा.-२९, पुतलीसडक, काठमाडौं	२०७२/०७३	श्री विष्णु प्रसाद भट्टराई	
१४.	६०१३७२८७२	द बेष्ट एण्ड इन्टरप्राइजेज	का.म.पा.-२९, पुतलीसडक, काठमाडौं	२०७४/०७५	श्री कृष्ण प्रसाद अर्याल	
१५.	३०२७५३६०८	ग्लोवल कम्प्यूटर ट्रेड	का.म.पा.-२९, कालिकास्थान काठमाडौं	२०७१/०७२, २०७२/०७३, २०७३/०७४, २०७४/०७५,२०७५/०७६	श्री शोभा सापकोटा	
१६.	३०३८५६२१४	ईन्टरनेशनल जेनेसिस टेक्नोलोजि नेपाल प्रा.लि.	का.म.पा.-२९, कोटेश्वर, काठमाडौं	२०७२/०७३	श्री वतन सिहं राना	
१७.	३०२४०१७४३	द्वारिका सप्लायर्स	का.म.पा.-२९, डिल्लीवजार, काठमाडौं	२०७०/०७१ र २०७४/७५	श्री निर्मला देवी विमली	
१८.	६०५१४८७८७	मोति महल रेष्टुरेन्ट	का.म.पा.-१, दरबारमार्ग, काठमाडौं	२०७४/०७५	श्री माया चितलागींया	
१९.	५००१७३८५७	जे. बी. ट्रेडर्स एण्ड सप्लायर्स	का.म.पा.-२९, मैतिदेवी, काठमाडौं	२०७१/०७२, २०७२/०७३	श्री बजरंग लाल जैन (संचेती)	
२०.	३०००९०२२८	आदर्श ज्योति कन्स्ट्रक्सन	का.म.पा.-२९, पुतलीसडक, काठमाडौं	२०७३/०७४	श्री गणेश कुमार श्रेष्ठ	
२१.	६०७५२६८७३	यति ट्रेड एण्ड सप्लायर्स	काठमाडौं-२९, अनामनगर	२०७४/७५	यमुना तिम्सिना	
२२.	६००२७०५००	आशिष ट्रेडर्स एण्ड सप्लायर्स	काठमाडौं-२९, अनामनगर	२०७४/७५	आशिष भण्डारी	
२३.	६०३५०४४८०	सुलभ सोलुसन एण्ड सप्लायर्स प्रा.लि.	काठमाडौं-२९, अनामनगर	२०७२/७३, २०७३/७४, २०७४/७५	सुमन कार्की	
२४.	३०३७६०९८८	इन्टिग्रेटेड अफिस सेन्टर	काठमाडौं-०१, ज्ञानेश्वर	२०७४/७५	निर्मल मानन्धर	
२५.	६०१११५९५४	प्रकृती ट्रेड एण्ड सप्लायर्स	काठमाडौं-२९, अनामनगर	२०७४/७५	मनोज पोखेल	
२६.	६००८२६११२	गणपति पुजा ट्रेडर्स	काठमाडौं-२९, बागबजार		एम पी गुप्ता	
२७.	६०२६५५३०१	एस.पि.ईन्टरप्राइजेज विनिसा ईन्टेरियर्स सेवा जे.भी.	काठमाडौं-२९, अनामनगर	२०७१/७२	शिव प्रसाद गौतम	
२८.	६०४७९६८४२	एम.एण्ड एस. ट्रेड एण्ड सप्तलायर्स	काठमाडौं-२८, कमलादी	२०७४/७५	मनोज खड्का	
२९.	३०३७६४८०३	चन्द्रा ट्रेडिङ्ग	काठमाडौं-२९, पुतलीसडक	२०७४/७५	मेनुका ठाकुर	

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com